ISSN 2091 2013

हाम्रो पुरुषार्थ

त्रैमासिक

किरण पुस्तकालय

तम्घास, गुल्मी

किरण पुस्तकालयको अवलोकन गर्दै पूर्व शहरी विकास मन्त्री रामकुमारी झाँक्री

सिक्किमका पूर्व मुख्यमन्त्री पवनकुमार चाम्लिङबाट हाम्रो पुरुषार्थ ग्रहण

भ्रष्टाचारविरोधी अभियानका सशक्त अभियान्ता तथा लेखक श्री भरत जङ्गमलाई हाम्रो पुरुषार्थ हस्तान्तरण

किरण पुस्तकालयका अध्यक्ष शशि पन्थीद्वारा सार्वजनिक तथा सामुदायिक पुस्तकालय दोस्रो राष्ट्रिय सम्मेलन–२०७९ का तीन सत्रको अध्यक्षता ग्रहण गर्दै

हाम्रो पुरुषार्थ

(त्रैमासिक)

❑ वर्ष : ४९ ❑ अङ्क : ४ ❑ सम्पूर्णाङ्क : ९५ ❑ साउन-असोज, २०७९

सम्पादक

शशि पन्थी

सह-सम्पादक

दीन पन्थी

सहायक सम्पादक

भुवनप्रसाद अर्याल

सहयोगी मण्डल

गोपाल पन्थी

राधा पन्थी

हिमकला राना

ईश्वर वि.क.

किरण पुस्तकालय

तम्घास, गुल्मी (फोन : ०७९-५२०२८७)

सम्पर्क फोन नं. : ०७९-५२०२६०, ५२०४८३)

मो.नं. : ९८५११४८८०७, ९८४७५०६२८८

E-mail : hamropurushartha@gmail.com, shashipanthi9@gmail.com

Website : www.kiranpustakalaya.com

मूल्य : रु.१००/-

कम्प्युटर सेटिङ्ग : ईश्वर वि.क.

मुद्रक : सुशिला प्रिण्टर्स, गुल्मी ०७९-५२०४५०

E-mail : spgulmi 33@gmail.com

आवरण : २००९ सालको तम्घास, गुल्मी नामाङ्कित ऐतिहासिक हुलाक टिकट र वर्तमान जिल्ला हुलाकको भवन

हाम्रो पुरुषार्थ (त्रैमासिक)

काठमाडौं प्रतिनिधि

डा. दुर्गाप्रसाद अर्याल
फोन नं. ०१-४८२०५९७

डा. लक्ष्मीकान्त पन्थी
फोन नं. ०१-४८२०२२१

गोविन्दप्रसाद पोखरेल
फोन नं. ९८४१८४९६६६

भानुभक्त मरासिनी
फोन नं. ९८४१७१३३३६

ध्रुवराज पन्थी
फोन नं. ०१४२७८६५१

डा. कृष्ण भण्डारी "मुमुक्षु"
फोन नं. ९८५६०३२४७७

पाल्पा प्रतिनिधि

कमल खत्री
फोन नं. ९८४७३०८९०८

रुपन्देही प्रतिनिधि

गोपाल पन्थी
फोन नं. ९८५७०३३३३८

रुरु शर्मा
फोन नं. ९८४७०९३०११

कविता पन्थी
फोन नं. ९८४७०३३९२४

माधव गौतम
फोन नं. ९८५१०१३२८१

चितवन प्रतिनिधि

पूर्णप्रसाद अधिकारी
फोन नं. ०५६-५२८१६०

दाङ प्रतिनिधि

डा. अर्जुनप्रसाद भट्टराई
फोन नं. ९८६८६३०४६१

पोखरा प्रतिनिधि

शङ्कर ज्ञवाली
फोन नं. ९८५६०३१४४४

विदेश प्रतिनिधि

महेश आचार्य
सन्फ्रान्सिस्को, क्यालिफोर्निया, संयुक्त राज्य अमेरिका
फोन नं. +१७०२-४२८-५५४०

डा. गोपालप्रसाद शर्मा
के. २२/१८ पञ्चगङ्गाघाट
वाराणसी, उत्तरप्रदेश, भारत
फोन नं. ००९१८००५३११०७२

शंकरप्रसाद शास्त्री
गढी केन्ट, घुच्चुपानी रोड, अनारवाला
देहरादून, उत्तराखण्ड, भारत
फोन नं. ००९१९९९७२०७४८४

महेन्द्रकुमार लम्साल
लेनकास्टर स्ट्रीट-२२
सिड्नी, अस्ट्रेलिया
फोन नं. ०६१४१२००१७६९

विष्णु शर्मा
पी. डब्लू. डी. कोलोनी
डिफू, कर्बी, एङ्गलोङ्, आसाम, भारत
फोन नं. ००९१३६७१२७३१८५

सम्पादकीय

मान्छे र बाटाहरू

- मान्छेलाई बाटो चाहिन्छ । बाटालाई मान्छे चाहिन्छ । मान्छे नभए को हिड्छ बाटामा ? बाटो नभए कहाँ हिड्छ मान्छे ? हो ! मान्छे बाटो नबिराएर हिड्नुपर्छ बाटामा । पथभ्रष्ट बन्नु हुँदैन मान्छे । कसले जोख्छ पथभ्रष्ट मान्छेका कानहरू ? माटो जोगाएर बनाउनुपर्छ बाटाहरू । माटोभन्दा ठूलो के छ ?

- हाय ! यी पर्वतहरू शरद् लाग्दा पनि किन आफ्नो क्षतविक्षत छाती देखाएर रोइरहेछन् ? यी वृक्षहरू कुन समरमा वीरगति पाएर पल्टिरहेछन् ? चौबाटाको पीपलसित अलिकति सोध्नुपर्छ कि पर्दैन ? यो अजम्मरी माटोसँग सल्लाह गर्नुपर्छ कि पर्दैन ? यी पानीका मूल, पँधेरासित पनि अलिकति अनुमति लिनुपर्छ कि पर्दैन ? यी नदी, यी पहाड र यी घाम जूनसँग पनि अलिकति लजाउनुपर्छ कि पर्दैन ?

- मान्छेले सास फेर्नुपर्छ । मान्छेले गास जुटाउनुपर्छ । मान्छेले बास बनाउनुपर्छ । मान्छे यही माटामा प्रकट भएर यही माटामा विलय हुनुपर्छ । आकाश-पातालका गफ गरे पनि मान्छेका सृष्टि, स्थिति र प्रलय यही माटामाथि हुन्छन् । हामीलाई सास जुटाइदिने वृक्ष वनस्पतिलाई, हामीलाई गास जुटाइदिने माटालाई, हामीलाई बास जुटाइदिने पृथ्वीलाई, हाम्रो प्यास मेटाउने जललाई सादर नमन गर्नुपर्छ कि पर्दैन ? हामीलाई आमालेझैं बोकेर हिड्ने पृथ्वीलाई प्रणाम गर्नुपर्छ कि पर्दैन ?

- फराकिला बाटाहरू बनाऊँ । फराकिला चित्तहरू बनाऊँ । मान्छेमात्र होइन सकल प्रकृतिलाई नै सँगसँगै हिडाऊँ । बुझौं, कसले चोरिरहेछ हाम्रा बाटाहरू ? कसले भाँडिरहेछ हाम्रा चित्तहरू ? कसले ओसारिरहेछ हाम्रो माटो सुस्त-सुस्त ? चिनौं विभीषणहरू । हाम्रो माटो र पानीसितै ओरालो लागिरहेछन् हाम्रा शान, मान, ज्ञान सधै-सबै अलमल नपरौं । दोबाटाहरूमा माटो समाएर संकल्प गरौं । बाटो समाएर हिडौं ।

–०००–

कुटुरो फुकाउँदा

कति ?	के ?	कसको	कहाँ ?
१.	सांस्कृतिक पहिचानलाई अगाडि...	फणिनारायण सिग्देल	१
२.	सांस्कृतिक पर्व तीज र यसको ...	राजेन्द्रकुमार आचार्य	११
३.	घर, घाट र मान्छे	डा. कपिल लामिछाने	१९
४.	'छनक' भित्र चुलिएको कटाक्षपूर्ण...	टङ्कप्रसाद पन्थ	२०
५.	छ भन्नुको मजा	दीन पन्थी	२६
६.	म दिन्छु श्रद्धाञ्जलि भानुलाई	मुकुन्द शर्मा चालिसे	२९
७.	नियात्राका कसीमा 'देश देशावर'	प्रा. कपिल अज्ञात	३२
८.	नेपाल वन्दना	रुद्र ज्ञवाली	३९
९.	भाषा सिकौं के गरी ?	विष्णुहरि पौडेल	४०
१०.	नियात्राकार प्रभा बराल र ...	वत्सराज कश्यप	४१
११.	दशैं	कमला गौतम	५०
१२.	तिमी को हौ ?	विश्वप्रेम अधिकारी	५१
१३.	आमालाई शुभकामना	मित्र 'उराठी' गौतम	५२
१४.	फर्क साथी	प्रदीप प्रखर पोखरेल	५३
१५.	चलन	शंकरप्रसाद गौतम	५४
१६.	दशैं	शकुन्तला ज्ञवाली पौडेल	५५
१७.	आमाको कलेस	तुलसी गौतम	५६
१८.	दशैं उनासी सालको	पन्थी रामप्रसाद	५९
१९.	इतिहासबाट सिक्ने कुरा	पद्मप्रसाद शर्मा	६०
२०.	प्रधानमन्त्री कसरी बनूँ म ?	कृष्णशरण उपाध्याय पौडेल	६३
२१.	एउटा सपना	धनराज गिरी	६४
२२.	गाउँमा हराएको गाउँ	जीवित खड्का मगर	६५
२३.	गजल	सुरेशप्रसाद अर्याल	६६
२४.	के छ नयाँ हाल खबर ?	नवीन मरासिनी	६७
२५.	गुरु	हरिप्रसाद गौतम	६९
२६.	चार दशकपछि जन्मस्थल पुग्दा	थानेश्वर पन्थी	७०
२७.	सरकार पो किन चाहियो ?	डा. सीता सुवेदी पन्थी	८०
२८.	स्वर्गको आँखीझ्यालबाट दुर्योधन	डा. उत्तम पच्या	८१

कति ?	के ?	कसको	कहाँ ?
२९.	बुद्धदर्शन र शान्ति	कविता पन्थी	८३
३०.	खोइ कहाँ हराए गाउँलेहरू ?	वासु जमरकट्टेल	९०
३१.	पत्नीव्रत	डा. श्यामप्रसाद न्यौपाने	९१
३२.	सरकार पो किन चाहियो ?	मनबहादुर खत्री 'मनु'	९२
३३.	शरद् ऋतु र तिहार	मोहन ज्ञवाली	९३
३४.	सरकार किन चाहियो ?	हरिप्रसाद पन्थी	९४
३५.	सरकार किन चाहियो ?	लक्ष्मण रिजाल	९५
३६.	वसन्त ऋतुको स्वागतमा	किशोर गौतम	९६
३७.	सपना देखेको	अरुण नदी खत्री	९७
३८.	यथार्थ हो	हृषीकेश बराल	९८
३९.	मैले नै मालिकलाई अर्को बिहे...	नन्दकुमारी गौतम	९९

स्थायी स्तम्भहरू

१.	सम्पादकीय	सम्पादक	iii
२.	भेटघाट	डा. लक्ष्मीकान्त पन्थी	१
३.	अनुभव/अनुभूति	तुलसी गौतम	९९
४.	पुस्तकालय परिचय	कृष्णहरि भण्डारी	१०३
५.	किरण पुस्तकालयको पातो	सचिव	१०८
६.	नौलो सृष्टि : सानो दृष्टि	दीन पन्थी/अकिञ्चन	११०
७.	यताउताबाट	आह्वान/नयाँ सन्देश	११६
८.	पाठक-प्रतिक्रिया	मुरारिविनोद पोखरेल	११७
९.	किरण पुस्तकालयका विशिष्ट/आजीवन सदस्यहरूको परिचय		१२०
१०.	हाम्रो पुरुषार्थका आजीवन ग्राहकहरू		१२१

०००

किरण पुस्तकालय, गुल्मीलाई जिल्लाका सबै प्रकाशनहरूको सङ्ग्रहस्थलका रूपमा विकास गरौं । त्यसका लागि तपाईंहरूका सबै प्रकाशनहरू दिई सहयोग गर्न नबिर्सनुहोस् ।

सूचना !

नगरको सौन्दर्यलाई प्रभावकारी बनाउन देहायको कार्य गर्नु गराउनुहुन उप–महानगरवासीहरूमा सूचित गरिन्छ ।

- ❑ प्रत्येक घरमा संभव भएसम्म कम्तीमा दुईवटा फलफूल तथा सौन्दर्यीकरणका बिरुवा रोपौं ।
- ❑ सडक पेटीमा व्यापारका सामग्री नराखौं ।
- ❑ सार्वजनिक सडकमा निर्माण सामग्री नराखौं ।
- ❑ छत वा अन्य ठाउँको पानी सडकमा नफालौं ।
- ❑ सबै कार्यालयहरूले कार्यालय परिसर र नागरिकले आफ्नो घर वरिपरि अनिवार्य सरसफाइ गरौं ।
- ❑ फोहोरजन्य वस्तुहरू भरसक आफैले नै विस्थापन गरौं । विस्थापन गर्न नसक्ने फोहोरलाई फोहोर उठाउने गाडीमा सुरक्षित लोड गरौं ।
- ❑ सडक पेटीमा सवारी साधन (बस,ट्रक, जीप, कार, मोटरसाइकल) पार्किङ्ग नगरौं ।
- ❑ हाम्रो शहरलाई सुन्दर शहर बनाउन नागरिक दायित्व पूरा गरौं ।

बुटवल उप–महानगरपालिका

रूपन्देही

सांस्कृतिक पहिचानलाई अगाडि बढाउनु आजको ठूलो आवश्यकता हो।

✍ **फणिनारायण सिग्देल**

(श्रीफणिनारायण सिग्देल साहित्याचार्य, भागवताचार्यको जन्म स्याङ्जा जिल्लाको, मग्याम गाउँमा वि.सं. २०११ वैशाख महिनाको १२ गते भएको हो । उहाँ ११ वर्षकै उमेरदेखि विद्यार्जनका लागि लुम्बिनी अञ्चलअन्तर्गत कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवामा अवस्थित श्रीतौलेश्वरनाथ संस्कृत प्रधान पाठशालामा पुग्नुभयो । उक्त विद्यालयमा करिब चार वर्षसम्म औपचारिकरूपमा संस्कृतविद्या अध्ययन गरेर वि.सं. २०२५ सालमा पूर्वमध्यमा परीक्षा उत्तीर्ण गरेपछि उहाँ उच्च अध्ययनका लागि भारतको मथुरा-वृन्दावनतिर लाग्नुभएको हो । त्यसपछि करिब आठ वर्षसम्म वृन्दावनमा रहेर उत्तरमध्यमा, शास्त्री, आचार्य एवं भागवताचार्य परीक्षा पनि पूरा गर्नुभएको थियो । यस्तरी फलित ज्योतिष र धर्मशास्त्र पनि उहाँका स्वाध्ययनका विषय हुन् । त्यसपछि नेपालमा फर्किएका उहाँले आफूले अध्ययन गरेकै श्रीतौलेश्वरनाथ संस्कृत माध्यमिक विद्यालय तौलिहवामा सरकारी अध्यापकका रूपमा करिब ३८ वर्ष अध्यापन गर्नुभयो । हाल सेवानिवृत्त भएपछि भने गैँडाकोटमा बसेर अध्यात्म साधनामा लाग्नुभएको छ । यस बीचमा उहाँका नेपाली तथा संस्कृत भाषामा समेत धेरै फुटकर कविताहरूका साथै श्रीमद्भागवतामृत (नेपाली पद्यमय भावानुवाद) एवं धर्मशास्त्रसम्बन्धी निर्णयसंग्रह तथा प्राच्यदर्शनसङ्ग्रह जस्ता कृतिहरू आइसकेका छन् । यहाँ हाम्रो पुरुषार्थका लागि डा. लक्ष्मीकान्त पन्थीद्वारा उहाँसँग लिइएको अन्तर्वार्ता प्रस्तुत छ । - ***सम्पादक*** *।)*

१. नेपाली भाषाबारे यहाँको के विचार छ ?

❑ राष्ट्र भनेको जनता हो-जुन जनता सार्वभौम सत्तासम्पन्न आफ्नो देशमा"हामी एक हौं" भन्ने सुदृढ भावनाले निवास गर्दछ । त्यो देशका

एकात्मक भावनाका स्रोतहरू त्यहाँका भाषा, धर्म, संस्कृति, साहित्य, कला आदि नै हुन् । यिनैबाट आफ्नोपन झल्किन्छ । नेपाललाई सिध्याउन नेपालीपन मेटाउनै पर्दछ । त्यसमा तत्त्व भाषा हो । अतः नेपाली भाषालाई मेटाउन पश्चिमाहरूले केही नेपाली प्रा.डा. (प्राध्यापक, डाक्टर)हरूलाई प्रयोग गरेको तथ्य छर्लङ्ग भइसकेको छ ।

वास्तवमा हाम्रा भाषाहरूका मुख्य स्रोत संस्कृत र प्राकृत नै हुन् । अतः तत्सम शब्द जतिलाई उसै रूपमा लेख्नुपर्ने हो । विदेशी भाषाबाट नेपालीमा आएका उस्तै स्वरूपका शब्दहरूलाई पनि मूलस्वरूपमा नै लेख्नु उचित हो । किनकि तेन शब्देन समः = तत्समः हो, जुनसुकै भाषाबाट आएको भए पनि स्वरूपपरिवर्तित जति सबै शब्द नेपाली उच्चारणअनुसार नै लेख्नुपर्ने हो । यस बारेमा श्रद्धेय विद्वान् गुरु मुकुन्दशरण उपाध्यायजीले ठूलो संघर्ष गरिरहनुभएको छ । उहाँका धेरैधेरै तर्कहरूप्रति भाषाविज्ञ वर्गको ध्यान पुग्नु जरूरी छ । यो कुनै प्रतिष्ठाको विषय होइन । अतः स्वच्छ बहस चलाउनुपर्छ ।

तत्सम शब्द निर्माणमा संस्कृत व्याकरणकै सहारा लिए यसरी हरेक शब्द घोक्नुपर्ने बाध्यता रहने थिएन । यस बारेमा मेरो कृति-नेपाली रचनाकारिकामा छर्लङ्ग पारिएको छ ।

२. तपाईं साहित्यका विद्यार्थीको धर्मशास्त्रमा प्रवृत्ति र कृतिरचना कसरी भयो?

❑ समाजमा धर्मशास्त्रीय समस्याहरू उठिरहने हुनाले मसित पनि ती प्रश्न आउँथे । म त्यसबाट तर्किन नपाउने अवस्था उत्पन्न भयो र मैले अति विशिष्ट विद्वान् गुरुवर श्री दीर्घराज घिमिरेज्यू र पुरुषोत्तम भट्टराईज्यूसमक्ष जिज्ञासा राख्दा उहाँहरूले उत्तर दिनुभन्दा पहिले तत्काल धर्मशास्त्रको गम्भीर अध्ययन गर्ने मसँग वाचा गराउनुभयो । त्यसपछि अध्ययनको क्रममा टिपोट गर्दै जाँदा गद्य कृति तयार भयो । त्यो सम्झन सजिलो होस् भनेर सिद्धान्त जतिलाई पद्यमा त्यसको गद्य व्याख्या गरेर निर्णय-सङ्ग्रह तयार भयो ।

३. धर्मशास्त्रीय विषयहरूमा जिज्ञासा र समाजमा रहेका अन्योलबारे केही बताइदिनुहुन्छ कि ?

❑ कर्मकाण्ड गर्न गराउन इच्छुक व्यक्तिमा यस विषयमा जिज्ञासा र अन्योल हुनुमा यो विषय अत्यन्त गम्भीर मतमतान्तरहरूले भरिएको हुनु तथा गर्नैपर्ने विधान हुनु मुख्य कारण देखिन्छन् । मतान्तर हुँदा सामान्यतः बहुमत र

विशेषतः आ-आफ्नो शाखा सूत्र र सम्प्रदायको आधारमा निर्णय गर्ने निर्देशन छ तर मेरो विचारमा त अल्पमत हो भने पनि यदि त्यो मत सामयिक र तर्कसंगत छ भने त्यसबारेमा विद्वज्जनमत बनाउन सके राम्रो हुने देखिन्छ ।

४. संस्कारको समय गुज्रिएपछि दक्षिणायनमा ब्राह्मण क्षत्रीको संस्कार कसरी गर्ने ?

❑ यो प्रश्न अहिले टडकारो रूपमा देखिन्छ । शास्त्रीय विधानअनुरूप ब्राह्मण कुमारको ८ औं वर्षमा क्षत्रीको ११ औं वर्षमा वैश्यको १२ औं वर्षमा व्रतबन्ध गर्नुपर्छ । उक्त वर्षको दुई गुना वर्षसम्म पनि व्रतबन्ध गर्न हुन्छ । त्यसपछि ऊ व्रात्य पतित हुन्छ । शुद्ध गराउन व्रात्य संस्कार गर्नुपर्ने हुन्छ । यो सङ्कटकालीन व्यवस्था हो । सधैंका लागि होइन ।

ब्राह्मणको १६, क्षत्रीको २२ वर्ष कटेपछि मात्रै व्रतबन्ध गर्ने अवस्था उत्पन्न भयो भने केही ऋषिको मतअनुसार काशीमा सधै उत्तरायण र शुभ बेला हुन्छ । कृष्णा गण्डकी क्षेत्र सधैका लागि सबैभन्दा पवित्र क्षेत्र हो । अतः विशेष बाध्यात्मक परिस्थितिमा उक्त क्षेत्रमा लगेर व्रतबन्ध गर्न सकिन्छ । सकेसम्म पौषमा ब्रतबन्ध नगर्नू, पौषबाहेक सबै मासमा शुभ तिथि आदिमा व्रतबन्ध गर्न हुन्छ । आपत्तिको अवस्थामा त सबै महिनामा रातिमा शुभ क्षेत्रमा विवाह गर्न हुन्छ ।

अझ सबैभन्दा राम्रो त कालीगण्डकीतीरमा लगेर व्रात्यस्तोम यज्ञ गराई पौषबाहेक अरू मासमा, यथाशक्य शुभ तिथि वार नक्षत्र योग र करणमा व्रतबन्ध गर्नुपर्छ । धर्मशास्त्रअनुसार काशीमा सधै उत्तरायण र सधै शुभ योग हुन्छ भनिएको र शालग्राम रहेको क्षेत्र उक्त काशीभन्दा पनि पवित्र हो भनेर काशीखण्डमा लेखिएको छ । किनभने पुराणहरूका अनुसार कालीगण्डकीबाहेक अन्य सबै नदीको शक्ति समाप्त भएको १२३ वर्ष बितिसके । उक्त नदीमा त आज पनि भगवान् नारायण शालग्रामको रूपमा विद्यमान हुनुहुन्छ-तत्र तु हरिरद्यापि - श्रीमद्भागवत ।

५. छोरी मात्रै छन् भने उनले मातापिताको श्राद्ध गर्न मिल्छ कि मिल्दैन ?

❑ श्रद्धासाथ गरिने कर्म मात्र श्राद्ध हो, करले गरिने कर्म श्राद्ध होइन । अतः जावलि र बृहस्पतिको मतअनुसार छोरा नरहेको भए छोरीले नै मातापिताको श्राद्ध गर्ने हो । यो आजको माग पनि हो । अतः यस बारेमा जनमत बनाउन विद्वान्हरूको ठूलाठूला सभा आजका आवश्यकता हुन् ।

६. कर्म संस्कार नभएका जवान कुमार कुमारीको टाढा मृत्यु भएमा अन्त्यकर्म कसरी गर्ने ? सपिण्डी गर्ने कि नगर्ने ?

❑ पहिलो मुण्डनपछि कर्म गर्ने बाटो खुला हुन्छ । अतः तेस्रो वर्षमा हरेक शिशुको विधिवत् पहिलो मुण्डन गराउने ।

गरूड पुराण सारोद्धारअनुसार कुमार-कुमारीको पनि दश पिण्ड दिने कुरा छ तर उनको ३ रात मात्रै आशौच लाग्ने हुनाले तीन दिनभित्र नै सबै पिण्ड दिने हो । चौथो दिनमा एघारौँ दिनका तथा पाँचौं दिनमा बाह्रौंको सपिण्डीको सट्टामा एकोद्दिष्ट श्राद्ध गर्ने हो । लास नभेटिएको भए पुत्तला दाह गरेर सबै क्रिया गर्ने हो । पुत्तला दाह गरेर सबै कर्म सकेपछि लास भेटिएमा त्यसलाई जलाई कर्ताले तीन रात र अन्यले १ रात आशौच बार्नुपर्छ ।

७. निःसन्तान व्यक्तिले आफैंले आफ्नो श्राद्ध गर्न हुने कि नहुने ?

❑ आफ्ना सन्तान नरहेको, धर्म छोडेको भए तथा अन्य नजिकका अधिकारी श्राद्ध गर्ने मानिस नरहेको भए जीवच् श्राद्ध गर्नुपर्छ । यसको विधान गीताप्रेस गोरखपुरले प्रकाशित गरेको छ तर उक्त श्राद्ध प्रत्येक दिनका दरले दशै दिन गरेर एघारौं र बाह्रौं पनि गर्नुपर्ने हुन्छ । त्यसपछि शुद्धीकरणको लागि श्रीमद्भागवतादि पाठ गराएपछि निष्काम रहन सक्यो भने ऊ जीवन्मुक्त हुनेछ ।

८. आशौच सूतक इत्यादिमा पुस्ता गणना कसरी गर्ने हो ?

❑ साझा व्यक्ति पहिलो पुस्ता हो । त्यसबाट आफूतिरको आफूसम्मको पुस्ता गणना गर्ने हो । साझा पुरुषदेखि चौथो पुस्तासम्मका व्यक्ति निकट सपिण्डी हुन् । त्यसपछिका ३ पुस्तासम्मका अर्थात् साझा पुरुषदेखि सातौं पुस्तासम्मका व्यक्ति सपिण्ड हुन् । आठौं पुस्तादेखि चौधौं पुस्तासम्मका व्यक्ति समानोदक हुन् । १५-२१ औं पुस्ताका सकुल्य=उही कुलका हुन् ।

९. कति कति पुस्तासम्मका लागि कति दिन जुठो सूतक लाग्छ ?

❑ सातौं पुस्तासम्मका लागि मुख्य आशौच दश रात मात्र हो तर तीन पुस्ताको पिण्ड जोडिने हुनाले त्यसको कर्ताको पुस्तासमेत गरी चौथो पुस्तासम्मका व्यक्ति बाह्रौं रात्रिपछि मात्र शुद्ध हुन्छन् । ४-७ पुस्ताका जतिले त ११ औं दिनबाट नित्य र नैमित्तिक कर्म गर्नुपर्ने तथ्य धर्मसिन्धुले स्पष्ट गरेको छ ।

८-१४ पुस्ताका व्यक्तिहरू उहीँ गाउँमा आत्मीयताकासाथ बसेका छन् भने ३ रात आशौच, सूतक तर समानोदकको लासै बोकेको भए त दश रात नै जुठो लाग्छ । त्यसपछिका १५-२१ पुस्ता उही गाउँमा रहेको भए त स्नान मात्र गरे पुग्छ ।

१०. मृत्यु हुनासाथ कि लास जलाएपछि आशौच लाग्छ ?

❑ नित्य अग्निहोत्र गर्नेहरूको मात्रै जलाएपछि, अन्य सबै जनाको त मृत्यु हुनासाथ आशौच लाग्छ ।

११. जुठो सूतक खप्टिए कसरी कर्म गर्ने ?

❑ सूतकभन्दा जुठो दुई गुना भारी हो । अतः जुठो सकिनासाथ आमालाई बाहेक अन्यलाई समान दिनवाला सूतक पनि सकिन्छ तर यसरी अर्को घरको आशौच हटे पनि पत्नी सौता छोरा बुहारीलाई आफ्नो घरको आशौच पूरै लाग्छ । अतः उनले सरासर गर्नुपर्छ ।

१२. जुठो सूतकको दशौं रातिको अन्त्यतिर खप्टिए कसरी गर्ने ?

❑ दशौं दिनपछिको रातिमा एघारौं दिनको अरूणोदयभन्दा पहिले अर्को उस्तै जुठो सूतक मिसिएमा एघारौं दिनको प्रेतश्राद्धसम्मका कर्ममात्र गर्ने । अनि थप दुई दिन बारेर बाह्रौ दिनमा उत्तम षोडशी गर्ने । त्यसपछि नक्षत्र जुराएर सपिण्डी गर्ने । उक्त एघारौं दिनको अरूणोदयपछि सूर्य उदाउनुभन्दा पहिले तेस्रो जुठो सूतक थपियो भने त थप तीन रात बारेर त्यसपछि माथि भने अनुसार नै उत्तम षोडशी आदि कर्म गर्ने । बन्धुवर्ग र पहिलो पक्ष यति गरेपछि शुद्ध हुन्छन् । शौच सम्पातको बारेमा बुझ्नुपर्ने कुरा यो छ कि धेरै दिन बार्नुपर्ने जुठो सूतकभित्र पक्षिणी, ३ रात्रि आदि थोरै दिनवाला मात्रै बिलाउँछन् । सानाभित्र ठूला बिलाउँदैनन् ।

१३. पक्षिणी र ३ रात्रि आशौचादिका बारेमा धेरै मतभेद छन् । यथार्थ के होला ?

❑ यसमा विशेषतः रगतको साइनोवाला धेरै पर्दछन् । ती तीनथरी छन् । ती हुन् :

क-पितृबन्धु । ख-मातृबन्धु । ग-आफ्ना बन्धु/क-पितृबन्धु- पिताको फुपूका व्रतबन्ध भएका सन्तान । पिताको सानीमा ठूलीआमाका सन्तान पिताको मामाका सन्तान ।

ख- मातृबन्धु- आमाका फुपूका, आमाकी दिदीबहिनीका, आमाका मामाका व्रतबन्ध भएका सन्तान ।

ग- आफ्ना बन्धु- आफ्नी फुपूका, सानिमा ठुलीआमाका, आफ्नो मामाका व्रतबन्ध भएका सन्तान । यीमध्ये अनुकूल छन् र नजिक भने हरेकको ३ रात्रि अन्यथा पक्षिणी आशौच । यस्तै- सासू, ससुरा, मामा, भान्जा, गुरु, गुरुमा, मावली, हजुरबुबा, मावली आमाको, दौहित्र, बहिनी ज्वाइँ इत्यादिको पनि उसै किसिमले आशौच हो ।

१४. वार्षिक श्राद्धमा एकाह भागवत र लक्षवर्ति बाल्ने चलन बढ्दैछ यो उचित हो कि होइन ?

❑ श्राद्धमा त्यो नै प्रधान कर्म हो, अतः केही अंश भागवत पाठ उचित र आवश्यक हो । एकाह त यज्ञ हो । त्यो त शुद्ध भएर गर्ने हो । श्राद्ध दिनमा शुभ देवकर्म गर्न हुँदैन । अर्को कुरा पितृहरू देवता होइनन् अतः उनले लाखबत्तीको ताप सहन सक्दैनन् । अतः उक्त कर्म त अर्को दिनमा गर्नुपर्छ ।

१५. चौथो पुस्तासम्मका बन्धुले वर्ष दिनसम्म कुनै पनि शुभ कर्म गर्न हुँदैन भनिन्छ, तर विवाह आदि भइरहेकै छन् । यथार्थ कुरा के हो ?

❑ पहिले मृत्युको वर्षदिनमा मात्रै सपिण्डी हुन्थ्यो, अब बाह्रौं दिनमा हुन्छ । त्यसपछि चार पुस्ताभित्रका विवाह व्रतबन्धहरूलाई फुकाउनकै लागि पनि सबैजसो नागरिकले धर्मशास्त्रीय विधानअनुसार नै बाह्रौं दिनमा नै अथवा यथाशीघ्र सबै मासिक श्राद्ध खिच्छन् । अतः मृतकको पति /पत्नी सौता छोरा बुहारीबाहेक अन्य कुनैलाई पनि शुभ कर्ममा रोक हुँदैन ।

१६. तपाईंका प्रकाशित कृतिहरूमध्ये कुन कुन कृतिका के के-विशेषता छन् ?

१. **श्रीमद्भागवतसार**

श्रीमद्भागवतको प्रत्येक अध्यायको सारांश पद्यमा प्रस्तुत गरिएको कृति हो । यसमा "श्रीमद्भागवत-रहस्यम्" शीर्षकमा ८८ वटा संस्कृत श्लोकमा भागवतीय रहस्य प्रस्तुत छन् ।

२. **नेपाली रचना-कारिका**

नेपाली रचना-कारिकामा १५ वटा श्लोकमा पञ्चसन्धिका सबैजसो नियमहरू प्रयोगात्मक उदाहरणहरूसहित प्रस्तुत छन् । जसबाट

पाणिनीय सूत्रविना नै सरल रूपमा सन्धिशिक्षणको प्रयास गरिएको छ । यस्तै तत्सम शब्द निरूपण शीर्षकमा नेपाली पद्यहरूमा नियमहरू प्रस्तुत गरेर उदाहरणहरू पनि दिइएका छन् ।

३. **प-पञ्चक चक्र**

यो सामयिक राष्ट्रिय राजनीतिक, धार्मिक कविताहरूको संग्रह हो । यिनै कृतिहरू फुटकर रचनाहरूको समेत उच्च मूल्यांकन गरेर २०६८ मा नव कपिलवस्तु साहित्यिक समाजबाट भिक्षु पुरस्कार प्राप्त भएको हो । अतः उक्त संस्थाप्रति म आभारी छु ।

४. **निर्णय-सङ्ग्रह**

धर्मशास्त्रीय प्रमाण र सिद्धान्तहरूलाई सरल नेपाली पद्यहरूमा गद्य व्याख्यासहित प्रस्तुत गरिएको छ ।

५. **श्रीमद्भागवतामृत**

श्रीमद्भावतको श्लोककेन्द्रित नेपाली पद्यानुवाद अति महत्त्वपूर्ण श्लोकहरूको छायानुवाद र अन्य श्लोकहरूको भावानुवाद गरिएको छ । जसको मुख्य उद्देश्य जिज्ञासु पाठकलाई श्रीमद्भागवतका प्रत्येक श्लोकसित जोड्नु नै हो । यसमा धेरै छन्दको प्रयोग गरिएको छ । यसलाई मन पराएर यसको प्रकाशन बेङ्कटेश्वर मन्दिर बत्तीस पुतली काठमाडौंबाट २०६८ मा गरिएको हो । जसको लोकार्पण नेपालका पहिलो राष्ट्रपति डाक्टर रामवरण यादवज्यूबाट २०६८ मा शीतल निवासमा गरिएको हो ।

यिनै दुई कृतिहरूको उच्च मूल्याङ्कन गरेर दमयन्ती माधव देवकोटा स्मृति कोषबाट माधवप्रसाद देवकोटा साहित्य पुरस्कार प्राप्त भएको छ । यसबाट म उहाँहरूप्रति अत्यन्त कृतकृत्य छु ।

१७. फणिनारयणजी ! हजुरसँग यीबाहेक अरू पनि एक-दुई प्रश्न राख्दैछु, कृपया यथोचित उत्तरको अपेक्षा गर्दछु । जीवन के हो ? र जीवनदृष्टि कस्तो हुनुपर्छ ? के अहिलेका मानिसहरूले 'म खाऊँ मै लाऊँ', , , भन्दै दिनानुदिन गरिरहेको दौडबाट जीवन आनन्दित हुनसक्छ ? अथवा आत्यन्तिक सुख मिल्नसक्छ ? हजुर भगवत विज्ञ हुनुहुन्छ कृपया संक्षेपमा उत्तर पाऊँ ।

❑ आमा हुन् पृथिवी समस्त भवका प्राणीहरूकी अतः
जो जे छौं सब दाजुभाइहरू हौं गर्ने गरौं मद्दत ।
साराको हक उत्ति हो विषमता अन्याय हो पाप हो ।
यस्तो जीवनदृष्टि होस् सकलको जो धर्मको मर्म हो ।
अर्काको हक खोस्नुमा मन रमे आनन्दको हो भ्रम
लागू औषधि हो विपत्ति जसले थप्नेछ झन् देहमा ।
तृष्णा बढ्छ तनाव बढ्छ जसले आनन्द टाढिन्छ झन्
चोखो आय र कृष्णमा मन रमे भेटिन्छ त्यो यो बुझून् ।

१८. संसार सत्, असत् अथवा दुबै स्वरूपको छ ?

❑ यो प्रश्न त ऋग्वेदमा नै पनि छ । यस बारेमा श्रीमद्भागवतामृतको द्वितीय स्कन्धको दशौँ अध्यायको अन्तमा संक्षिप्त चर्चा प्रस्तुत गरेको छु । श्रीमद्भागवतअनुसार सर्वन्याय्यं युक्तिमत्वाद् विदुषां किमशोभनम् । हरेक पक्षका आ-आफ्ना पथ र तर्क छन् । ती सबै तर्कसंगत छन् । जुन ब्रह्मवाणी र शब्दभन्दा परको तत्त्व हो जुन तत्त्व सिद्ध मुनिहरूले मात्र, त्यो पनि अनुभवबाट मात्र जान्न सकिन्छ । त्यो र उसको रचनालाई सामान्य जनले यथार्थ रूपमा कसरी बुझ्न सकिन्छ र ? तथापि यथामति अति संक्षिप्त चर्चा गरौं-अद्वैतबाहेक अन्य धेरै दर्शनअनुसार सत्=कारण अर्थात् बीज रूपमा जगत् नित्य कार्य रूपको दृश्य जगत् असत् छ, नाशवान् छ । द्वैताद्वैत दर्शनअनुसार ईश्वर सूर्य हो भने जीवहरू उसकै प्रभा हुन् । ऊ प्रभाको पुञ्ज हो भने जगत् उसकै प्रभा हो । ईश्वर समुद्र हो भने अनन्त जीवहरू उसकै तरङ्ग हुन् । नदीहरू समुद्रमा मिसिए जस्तै प्रलयमा सबै जगत् ईश्वरमा मिसिन्छ । अतः संसारको हरेक प्राणी भगवान्को अंश हो भन्ने भावनाले सबैप्रति सद्भाव राख्न सके मात्र शान्ति र त्यो ईश्वरीय आनन्द प्राप्त हुन सक्छ भन्ने शिक्षा हो ।

"प्रयोजनमनुद्दिश्य न मन्दोपि प्रवर्तते" अतः सबैभन्दा पहिले सम्बद्ध व्यक्तिलाई त्यसको आवश्यकता यथार्थ रूपमा बुझाउन सक्नुपर्छ । त्यो काम अहिले भएको छैन । अतः झारा टार्न मात्र संस्कार कर्मको नाटक गरिन्छन् । त्यसैले पनि तोकिएका समयमा संस्कार हुँदैनन् ।

यस सम्बन्धमा मुख्य दोषी यो मेकाले शिक्षा पद्धति र यो छाडा परिवेश हुन् । जसले हाम्रो आफ्नोपनलाई मेटाई अंग्रेजीपन बढाउने लक्ष्य लिएका छन् ।

कुनै पनि राष्ट्रको आफ्नोपन नमेटाएसम्म त्यो देशलाई आफ्नो उपनिवेश बनाउन सकिँदैन । भारतलाई बृटिश इन्डिया बनाउनकै लागि तत्कालीन शिक्षामन्त्री मेकालेले सन् १८३६ मा यो प्रणाली लागु गरेका थिए । त्यसैले त्यो शिक्षामा दीक्षित हरेक व्यक्ति पश्चिमाको मानसिक सेवक बन्दछ । नेपालमा पनि त्यही पद्धति लागु छ । अतः सबैभन्दा पहिले यसलाई मिल्काई आफ्नोपनप्रति हुरूक्क हुने शिक्षा प्रणाली लागु गर्नुपर्नेछ । अनि मात्र हाम्रा संस्कारहरूप्रति सबैको रुचि बढ्नेछ ।

हाम्रा संस्कारहरू सनातनधर्ममा आधृत छन् । अतः त्यस्तो धार्मिक वातावरण दोस्रो आवश्यकता हो । अनि मात्र हाम्रा सन्तानले हाम्रो संस्कृतिका चिह्नहरूलाई सगौरव धारण गर्नेछन् । त्यसपछि मात्र सनातनीहरूमा साँचो एकता हुनेछ । त्यसबाट मात्र यथाशीघ्र राज्यसत्तामा हाम्रो समुदायको गौरवपूर्ण नियन्त्रण हुनेछ । त्यसबाट मात्र भौतिक सुखसमृद्धि पनि प्राप्त हुनेछन् । हामीहरू उक्त असल बाटोमा नलागेको हुनाले पहिले भारतीयहरूले जस्तै हामीले पनि आफ्नो देश गुमाउँदै छौं । सामयिक पर्वहरू राम्ररी मनाउनु भनेको मैलिएको कपडालाई धोएर सफा गर्नु हो । त्यसबाट रमाइलोका साथै आपसी एकता पनि दृढ बन्दै जान्छ । अनि संघे शक्तिः कलौ युगे । अतः संस्कारहरूप्रति रुचि जगाई सांस्कृतिक पहिचानलाई अघि बढाउनु आजको ठूलो आवश्यकता हो ।

१९. हाम्रो लागि- संस्कृत शिक्षा किन आवश्यक छ ? त्यसलाई जनजनको प्रिय भाषा कसरी बनाउन सकिन्छ ?

❑ हाम्रा धर्मादिको अक्षय स्रोत संस्कृतवाङ्मय नै हो । हाम्रो अस्तित्वको लागि संस्कृत शिक्षा प्राण नै हो । यसलाई जनप्रिय बनाउन नयाँ नीति अँगाल्नु पर्नेछ । यस बारेमा-जनेजने संस्कृत गीर्भविष्यति शीर्षक सानो कृतिमा २०५७ मा छर्लङ्ग पारिएको थियो । सोअनुसार नेपाली र अंग्रेजी अनिवार्य, धर्म, संस्कृति भाषालाई अनिवार्य वैकल्पिक बनाउनु पर्नेछ । यसअनुसार आयुर्वेदप्रति रुचि राख्नेहरूले र हिन्दुले संस्कृत नै रोज्नेछन् । संस्कृतको नेपाली, हिन्दी प्रभृति धेरै भाषामा अप्रतिम प्रभाव रहेको तथा कम्प्यूटरको लागि सर्वोत्तम भाषा ठहरिएको हुनाले यो भाषा अघोषित रूपमा नै क्रमशः अनिवार्य जस्तो हुनेछ ।

२०. तपाईंलाई श्रीमद्भागवत जस्तो विशाल ग्रन्थ कसरी कण्ठस्थप्रायः छ ?

परीक्षाको अन्तिम खण्डमा अध्ययनरत रहँदा मौका निकालेर भागवत विद्यालयमा मैले यसको पनि अध्ययन गरेको हुँ । मेरो जन्म वैष्णव

सम्प्रदायको केन्द्र रहेको गाउँमा भएको हुनाले हो कि किन हो श्रीमद्भागवतप्रति पहिलेदेखि मेरो अत्यन्त अनुराग थियो । वर्षभरिमा १५, १६ आवृत्ति पाठ पनि गरें । गुरुजीले व्युत्पत्तिसहित व्याख्या गर्नुहुन्थ्यो । त्यसैले पनि त्यो कण्ठस्थ हुन सजिलो भयो । यसमा सबैभन्दा ठूलो कारण त मेरो अत्यन्त दृष्टिमन्दता हो । जुन दयालु भगवान्ले नवजात शिशुको लागि आमाको स्तनमा पौष्टिक दूध भरिदिनुहुन्छ । उहाँले नै मेरो भविष्यको लागि यस्तो व्यवस्था गरिदिनुभएको रहेछ ! तसर्थ उनै कृपालु भगवान्को शरण परेपछि उनले नै पार लगाउँछन् । आज म लेखपढ गर्न नसक्ने अवस्थामा पुगेको छु । बल्लतल्ल यतिसम्म लेखें । त्यसैले आफ्ना कृतिहरूका अति महत्त्वपूर्ण उदाहरणहरू पनि यहाँ प्रस्तुत गर्न सकिनँ । अहिले यहाँ जस्तो सहृदयी सखासम्बन्धी सतीर्थ्यको ममतामय विशेष प्रेरणाले यतिसम्म प्रस्तुत गरेको छु ।

किरण पुस्तकालय र हाम्रो पुरुषार्थ पत्रिकाका संरक्षक, सञ्चालक पन्थीज्यूहरूप्रति म विशेष आभारी छु । जसले मेरा रचनाहरूलाई स्थान दिइरहनुभयो ।

ooo

सम्पूर्ण गाउँवासीहरूलाई घरमै बसीबसी स्वस्थ भइरहन तल लेखिएका उपायहरू अवलम्बन गर्नुहुन अनुरोध छ :-

- दैनिक ८ गिलास पानी पिउने ।
- रक्सी, चुरोट र सुर्ती सेवन नगर्ने ।
- नुन कम खाने र बढी गुलियो नखाने ।
- टुँसा उम्रेका अनाज खाने ।
- प्रार्थना, ध्यान र पूजापाठ गर्ने ।
- मौसमअनुसारका फलफूल खाने ।
- समय समयमा शरीर चेक अप गराउने ।
- शाकाहारी खानपान शैली अपाउने ।
- चिया कफी धेरै नपिउने ।
- असल र जिम्मेवार नागरिक बन्ने ।
- स्थानीय उत्पादनलाई प्राथमिकता दिई आफ्नै गाउँठाउँका खाने कुरा खाने ।
- रेसायुक्त तरकारी खाने ।
- खानामा सलाद समावेश गर्ने ।
- बिहान कम्तीमा ३० मिनेट हिड्ने वा व्यायाम गर्ने।
- तारेको र डढेको नखाने ।
- जङ्कफुड, फास्टफुड सेवन नगर्ने ।
- भुटेको भटमास, मकै, चना खाने ।
- खाना खानेबित्तिकै नसुत्ने ।
- सकारात्मक सोचाइ राख्ने ।
- चाँडै सुत्ने र चाँडै उठ्ने ।

बगनासकाली गाउँपालिका, पाल्पा

सांस्कृतिक पर्व तीज र यसको सामाजिक प्रभाव

✍ **राजेन्द्रकुमार आचार्य**
बुटवल, रूपन्देही

तीज संस्कृत शब्द तृतीयाको अपभ्रंश भएको ठानिन्छ । नेपाली भाषा उच्चारणमा वैदिक प्रभाव रही आएको हुनाले तदनुसार तृतिज्या-त्रिज्या-त्रिज्य भन्दाभन्दै तीज प्रचलित भएको ठानिन्छ । तीजलाई हरितालिका पनि भनिन्छ । आलिको अर्थ सखी हो (आप्टे इ.२००९:१६१) । यसरी पार्वतीकी सखी आलिद्वारा हरितको अर्थमा हरितालिका पनि भन्ने गरिएको बुझिन्छ ।

उदयपुरको कमलाखोचसम्म तीजगीतको प्रचलन छ । त्यसभन्दा पूर्व भने तीजलाई सँगिनी भनेर गाउँछन् । सुर्खेततिर तीजलाई तीजे (तिज्यको अपभ्रंश, यलाई बुडो जे उच्चारण गरिने परम्पराअनुसार) भनिन्छ । तीज शैव संस्कृति हो । त्यसै मुताविक तीज किन महत्त्वपूर्ण संस्कृति बन्न पुग्यो भने विषयमा यसको कथावस्तु वा पौराणिक सन्दर्भ त्यस्तो छः

मेनका र हिमालयकी छोरी पार्वतीले महादेवलाई मन पराउँथिन् । यसैबीचमा पार्वतीको रूप सौन्दर्यदेखि मोहित भएका विष्णुले उनलाई माग्न भनी नारदलाई लमी बनाएर पठाए । विष्णुले माग्न पठाएपछि पर्वतराज हिमालय र मेनकाले नाइँ भन्ने कुरै रहेन । यो खबर नारदले पार्वतीलाई भनेर सुनाए । उनले सामुन्नेमा हुन्न भन्न सकिनन् तर धेरै चिन्तित भइन् । जया र विजया नामका आलि अथवा सखीहरूले उनको चिन्ता थाहा पाई छलफल गरे । त्यसअनुसार पार्वतीलाई उनकी एउटी सखीले भगाइन् । छोरी भागेको वा हरिएको चाल पाएपछि पार्वतीका बाआमालाई रातको निद न दिनको भोक भयो । नारद र विष्णु जिल्ल परे ।

उता पार्वतीले महादेवलाई पतिको रूपमा पाऊँ भनेर कठोर तपस्या गर्न थालिन् । यस कुराको छनक महादेवले पाए । सतीदेवी जलेपछि पत्नीपीडाले छट्पटिएका महादेवलाई त्यति सुन्दरी पार्वतीले विष्णुलाई छाडेर आफूलाई पाउन भनी तपमा लीन हुनु अनौठो संयोग जुट्यो । महादेव बसाहामा चढी डमरू बजाउँदै पार्वतीलाई भेट्न वनमा पुगे । आफूले कल्पना गरेका महादेव आफ्नै अगाडि उपस्थित हुँदा पार्वतीलाई हर्षको सीमा रहेन । पार्वतीले आफ्नो प्रतिज्ञा सुनाइन् । महादेवले खुसी भएर तथास्तु भने । पार्वतीले स्वयम्बर गरिन् । महादेव र पार्वती पर्वतराजकहाँ पुगे । त्यहाँ मेनका र हिमालयले छोरीज्वाइँलाई स्वागत गरे । देवदेवीहरूका अगाडि विवाह सम्पन्न भयो । त्यो दिन भाद्र शुक्ल

तृतीया थियो । त्यस दिन पार्वतीको तपस्या पूर्ण भएको, महादेव र पार्वतीको स्वयम्बर एवं विवाहकर्म सम्पन्न भएको थियो । त्यसै खुसीयालीमा प्रतिवर्ष पार्वती स्वयंले तीजको व्रतोत्सव गर्न थालिन् । दुनियाका नारीहरूलाई पनि यो व्रत गर्न सिकाइन् । यो व्रतका प्रभावले कन्याले मनले चिताएको पति पाउने र विवाहित नारीले पतिको दीर्घायु भई सौभाग्यवती भैरहने धारणा बस्यो । त्यसै बेलादेखि यसलाई प्रणयदिवसको रूपमा पनि लिन थालियो । तीज प्रायः वैदिक सनातनीहरूको एउटा मौलिक सांस्कृतिक चाडको रूपमा स्थापित भयो । शिव पार्वतीको पालादेखि चलिआएको चाड भनेर मान्न थालियो ।

समाजशास्त्रीय दृष्टिकोणले भने तीज यूथ र सगोत्री विवाह प्रथा बन्द भएपछि, पितृसत्ता प्रारम्भ भएदेखि चल्न थालेको बुझिन्छ । विगोत्रीमा विवाह हुन थालेपछि, चेली पोइघर गएर स्थायी रूपमा घरबारे भई प्रायः टाढा बस्न थालेदेखि पउलको बेला चेलीलाई मिठो खुवाउन भनी केही समय घर बिदाको रूपमा माइत राख्ने प्रचलन बढ्दै गयो । तीज व्रत, माइतीको असेट, दिदीबहिनी र आमाछोरीको पुनर्मिलन आदिको संयोग जुर्न गयो ।

कालान्तरमा रजस्वलाको अवस्थालाई ब्राह्ण क्षत्री आदि कतिपय जातिहरूमा अछूत मान्ने चलन चलेपछि, क्रमशः त्यो सामाजिक प्रथा बनेपछि, त्यो बेला छुँदा पाप लाग्छ भन्ने ठानियो । यसै अवस्थामा लाग्ने भनिएको पापको उन्मुक्तिका लागि भनेर ऋषिपञ्चमी व्रत प्रचलनमा ल्याइयो । तदनुसार चौथीको दिनलाई गणेश चौथी भन्दै चन्द्रमालाई गणेशको श्राप परेको ठानी पूजा गर्ने परम्परा चल्यो वा हेर्न हुन्न भन्ने रूढी आयो । त्यो दिन नेवारहरू चथा चाड मनाउँछन् भने तराईतिर चोखेन, चौरचन, वा चिरचन पवनी भन्दै चन्द्रमाको पूजा गर्ने र भोग लगाउने प्रचलन पनि पाइन्छ । कहिलेकाहीँ चौथी टुटेर तीजका अर्का दिन ऋषिपञ्चमी पर्छ । यसो हुँदा नारीहरूलाई लगातार दुई दिन भोकै बस्नुपर्ने हुन्छ । चौथी नटुटे उपवास बस्नेलाई पारण वा आराम वा विश्राम हुन्छ । अथवा तीजको व्रतोपवासपछि खान पाउँछन् पहाडिया खस-आर्य नारीहरूले ।

पूर्वी पाल्पाको मगर समुदायमा दुतिया (द्वितीया) उपास्ने परम्परा पनि छ । कर्णाली प्रादेशिक ठकुरी समुदायमा गौरा, गमरा वा दोबाटे चाड भनेर तीजपछिको अष्टमीलाई पार्वतीको जन्मोत्सवको रूपमा मान्छन् र अठवाली गीत गाउने नाच्ने गर्छन् । ऋषि पञ्चमीका बिहान दतिवन गरी मृत्तिकास्नान गरेर जनै लाउने संस्कार जगाएर अरून्धतीसहित सप्तर्षिहरूको पूजा गर्ने, कथा सुनेर हलो नलागेको अन्न खाने गर्न थालियो । रजस्वला भएको बेला छोएर अगति परी कुकुर्नी बनिन् भनिएकी जयश्री ब्राह्मणी र पत्नीको संगतले गोरू बनेका भनिने उनका पति सुमित्रलाई बाँधेर श्राद्ध गरेको प्रायश्चित्तस्वरूप गोरूले जोतेको

खेतबारीको अन्न नखाने रूढी चलेको बुझिन्छ । तीजको व्रत कन्याले गर्न सक्ने भए पनि ऋषिपञ्चमीको व्रत पूजा भने विवाहित नारीले मात्र गर्ने परम्परा चल्दै आयो । यो व्रत रज बन्द भएको १२ वर्षपछि, हाल भने प्रायः पाँच वर्षपछि उद्यापन वा साङ्ता गरेर छाड्ने भनिएको छ । ऋषिपञ्चमीमा विवाहिता नारीहरूको उपनयन संस्कार पनि हुने गरेको छ । त्यसका लागि उनीहरूले सहस्र मूलको पानीको स्नान गर्छन् । उखुका पातको कन्धनी, केराको पातको धरो र कुशको जनै लगाएर संस्कार पूरा गर्छन् । यसबाट के बुझिन्छ भने पहिले नारीहरूको पनि उपनयन संस्कार हुन्थ्यो । त्यसै बेला कन्धनी, धरो र जनै लाइदिएर मन्त्र सुनाइन्थ्यो तर पछि रजस्वलालाई निन्दा गर्न थालिएपछि महिनैपिच्छे जनै फेर्न झन्झटिलो र खर्चिलो भएपछि वर्षको एक दिन मात्र दस्तुर गर्नेमा सीमित राखियो । सधै दाँत घोट्दैनन् र चाक धुन्नन् भनेर त्यो दिन ३६५ दतिवन चपाउने र त्यतिनै पल्ट चाक धुनैपर्ने दस्तुर बनाइयो । यो स्वास्थ्यप्रति असचेत समुदायलाई सामाजिक दण्ड विधि बनाइएको होला जो कालान्तरमा रूढी बन्न पुग्यो । यसले बरू के देखाउँछ भने नारीको पनि उपनयन गर्नहुन्छ र बिहेसम्म पर्खनु पर्दैन । त्यतिखेर मन्त्र सुन्न सुनाउन हुन्छ ।

नेवार समुदायमा बेल विवाह गर्दा कन्याको शिरदेखि पाउसम्म हजार सरी धागो दान गर्ने र पहेँलो झोली सिलाएर भिक्षा दिने परम्परा छ । कन्या व्रतबन्धका अन्य परम्पराहरू पनि पाइन्छन् । घ्याप्चन भनिने धौलागिरिका खड्काक्षत्रीको कानमा कुश राखी, जनैको रूपमा सिक्कामा धागो बेरी व्रतबन्ध संस्कार गर्छन् जसलाई 'सिन्काधागो' भनिन्छ (पन्त २०५३:८) । हुम्लातिर ब्राह्मण कन्यालाई रजोवती नहुँदै ब्या गर्न सकिएन भने वैशाख १ गते बिसु सकरातीमा मन्तरेको धागो हात या तनामा बाँध्छन् र कात्तिक ६ गते विसर्जन गर्छन् । यसलाई 'हदेलो' पखाल्ने भन्छन् (पाण्डे २०५८: ९) ।

दमाईको व्रतबन्ध- जुम्ली दमाईहरू ९-११ वर्षका कुमारलाई पहेँलो झोली भिराएर, टिमुरको लौरो टेकाएर, ढटेलाको थर्रो वा चिम्टा र तामाको जलौटो वा आमखरासहित मण्डपबाट ढोकामा आमा र अन्य नारीहरूसँग अन्नको भिक्षा माग्न पठाउँछन् । बाबुसहित परूषहरूले पैसा दिन्छन् । देशान्तरी या द्वारीपाल गीत गाउँछन् (पाण्डे २०५८:९) ।

तीज पर्वमा दुई दिन उपवास बस्नुपर्ने हुनाले दुईजको दिन रातीसम्म दर खाने खुवाउने प्रचलन रहिआएको छ । यो बेला माइती पक्षबाट आफ्ना चेलीहरू डाकेर मीठो दर खुवाउने व्यापक चलन छ । व्रतोपासना सनातन खस-आर्य नारीहरूले गरे पनि खानपान र नाचगानमा भने प्रायः सबै जातजातिले भाग लिन्छन् । श्रावण १ मा लुतो फालेर अनि साउने सङ्क्रान्ति मनाएर तीजगीत गाउन सुरू गरिन्छ । कृष्णाष्टमी, तीज पञ्चमी आदि दिनहरूमा तीजका

डाँडामा, चौर-चौतारा वा चोकमा जम्मा भई तीज गीत गाउने, नाच्ने, पिङ खेल्ने आदि गरिन्छ । अर्को महत्त्वपूर्ण पक्ष भनेको कृष्णको न्वारन तीजका दिन भएकाले यसलाई ठूलो तीज पनि भनिन्छ । कतिपय जातिहरूको तीज मनाउने तरिका केही फरक पनि पाइन्छ । थारू र कतिपय तराईका जातिहरूले असोज कृष्ण सोह्र श्राद्ध पक्षमा तीन दिन जितिया पावनि मनाउँछन् । जितियाको अर्थ उपवास हो जो तीज जस्तै हुन्छ । तीजलाई तिजिया वा ङत्तख भनेको पाइन्छ । आइतबार दरखाने, सोमबार नदी-तलाउमा गएर स्नान गर्ने र सूर्यलाई प्रायः दूधको अर्घ दिने तथा जितिया उपास्ने गर्छन् । तीजमा झैँ विवाहित नारीले लोग्नेको दीर्घायुको कामना गर्छन् । कन्याले गतिलो पति पाइयोस् भनी पूजा गर्छन् । तेस्रो दिन मंगलबार नाचगान गर्छन् । संयोगले दरखाने दुज, उपास्ने तीज र नाचगान गर्ने मङ्गल चौथी पनि पर्छ । कुशेऔँसीदेखि नै बिरहानी गीत गाउन आरम्भ गर्छन् । सानो तीज कृष्णजन्माष्टमीलाई कपिलवस्तुदेखि कञ्चनपुरसम्मका थारूहरूले अष्टिम्की भनेर मान्छन् । राजस्थानतिर तीजमाताको रथयात्रा निकाल्ने परम्परा छ ।

हाम्रो सामाजिक सांस्कृतिक जीवनमा तीजको कस्तो प्रभाव छ ?

१. तीजमा माइती पक्षमा दाइभाइ चेलीबेटी डाक्न जाने पालो र तिहारमा घरपक्षका चेलीबेटी दाइभाइ डाक्न जाने पैचोको परम्परा रहिआएको छ । चेली अशक्त भए दाजुभाइ तिहारको टीका थाप्न उनैकहाँ पुग्छन् ।

२. टाढा माइती हुनेको, नोकरले झैँ घर गरिखानेको वार्षिक छुट्टीको रूपमा हुन्छ यो चाड । यो सामाजिक बिदाको अधिकारको विषय पनि हो । यसको सदुपयोग गैर खस- आर्य हिन्दुहरूले पनि गरेका छन् ।

३. भैंसी ब्याउने, तरकारी फल्ने, मकै पाक्ने, काँक्रो फल्ने रसिलो भरिलो चाड हो यो ।

४. तीजको दिन नारीहरूलाई हँसिया छुन हुन्न, अघिपछि घाँस नकाटेका पुरुषहरूले पनि घाँस काट्नुपर्छ ।

५. दिदी-बहिनी आमा-छोरी नन्द-भाउजू भेट भएर उन्मुक्त रूपमा नाच्न, गाउन, मनको बह पोख्न र रमाइलो गर्न पाउँछन् ।

६. घरमा भैंसी ब्याएका विष्टमानले नहुनेलाई दूध दिने, बालीघरेलाई दूधसहित घ्यू, चामल आदि दिने परम्परा छ ।

७. रूढी नै भए पनि व्रतालु नारीले पञ्चमीका दिन हलो नलागेको अन्न मात्र खान पाइने धारणा रहिआएको छ ।

८. नारीहरूले वार्षिक उपनयन संस्कार दिवसको रूपमा तीज र पञ्चमी मान्छन् र पुरुषले ऋषितर्पणी पूर्णिमाका दिन तर्पण दिन्छन्, नयाँ जनै फेर्ने गर्छन् ।

९. तीजका लागि सक्नेले घरमा नब्याए पनि लैनो भैसी किनेर ल्याई चेलीबेटीलाई दुध-गोरस ख्वाउनुपर्छ भन्ने धारणा पाइन्छ ।

१०. माइतका, घरका गुनासा गीतमार्फत पोख्न पाइने मेसो पर्छ । गीतमा सामाजिक जीवनको यथार्थ चित्रण हुन्छ ।

११. तीजमा नभ्याउनेले, पालो नपाउनेले सानो तीज भनेर जरष्टमी वा कृष्णाष्टमीका भोलिपल्ट कृष्ण रथयात्राका दिन चेलीबेटी डाकेर दर खुबाउने चलन चलेको छ । अहिले चेली मात्र हैन जमैचेलाहरू पनि पोसिन पाएका छन् ।

१२. माइती नहुने वा धेरै टाढा हुनेलाई छिमेकी वा अन्य आफन्तले दर खुवाउने, तीजको निराश मेटाइदिने गर्छन् ।

१३. अहिले संघसंस्थाहरूले पनि दर खुवाउने चलन बढ्दो छ । मिठो खान माइतै जानुपर्ने अवस्थामा परिवर्तन आएको छ ।

१४. भदौरे तामाको तरकारीले तीजको रौनक थप्छ भन्ने कुरा यस गीतले पनि बोल्छः "तीजका खाजा मीठा भदौरे तामाले नरौ छोरी लिन आम्ला भन्थिन् आमाले, नरौ भान्जी लिन आम्ला भन्थे मामाले । "

१५. संस्कृतिको संरक्षण कथ्य र गेय रूपमा हुँदै नारी सचेतीकरण र सशक्तीकरणको सबल माध्यम बनेको छ तीज ।

१६. पुराना भाका र भाषाको संरक्षणः "पानकी लौरी सुन पिया गुरती लालपी लौरीको चाल...... । "

१७. पुरुषप्रधान समाजका उत्पीडनहरू नारीकण्ठबाट मुखरितः"दाइजो दिन पर्दैन दुनियालाई देखाउन, सक्छौ भने बाबाले छोरी पढाइदेऊ । "

"तिम्रा बाबा निठुरेको तिम्लाई माया रैनच, नजाउन गृहेलक्ष्मी बाबा भेटन । " यतिविधि महत्त्वपूर्ण तीजका केही कमजोर पक्ष पनि रहेका छन्, जस्तैः

१. अत्यधिक चिल्लो पदार्थको प्रयोग, बसिखानेलाई अस्वस्थकर भोजनको रूपमा दर ।

२. तीज र ऋषि पञ्चमीमा लगातारजसो उपवास बस्ने कुरा मधुमेह र पेटका रोगीलाई समस्या हुने ।

३. गीतहरू पुराना संस्कृति र जीवनपद्धति झल्काउने खालका नभई उत्ताउला, जस्तैः"पोइल जान पाम् शिव पोइल जान पाम्, चोरी खान पल्केको ढाडे बिरालो, उखरमाउलो बैंस ढाक्ने चिजै भएन ......" आदि ।

४. धेरै चेली र नालनाता भए गरिब माइतीको उठिबास हुने सम्भावना ।

५. तीजको सट्टा झ्याउरे गीतहरूको प्रभाव र प्रयोग बढ्दो छ । पहिले नारीहरू मात्र गाउँथे, अहिले त नारी र पुरुषको दोहोरी जस्तो चल्छ ।

६. टाढा उकाला चराका बाटामा भोक लागेर कति आपत्?-"ढुकुर चरीले केमा गुण लायो बरिलै अमिली काठैमा, शिरै शिरफुल समाइ हिड नानी बरिलै लोटौली बाटैमा, नाच्ने नानीलाई भोकैमा लाग्यो बरिलै केही छैन साथैमा । "

७. धेरै टाढा, खोलापारिकालाई जुट्न समस्या- "घाटैर पारि नैरदिए बाबा मला लिन को जाला ?"

८. तीज बर्खामा पर्ने हुनाले ग्रामीण भेगमा बाढी, घोला, पहिरामा पर्ने समस्या- तीजको बेलामा छोरी घर पठायौ, अँधेरी खोलाले लयो बिरलै । "

९. माइतीको घर आँगनबाट क्लब र पार्टी प्यालेसमा, साडीबाट विदेशी लेहेङ्गामा रूपान्तरण ।

१०. भड्किला गहना र पोशाकको प्रदर्शन । गरगहना जोगाउन तीजपछि बैंकको लकरमा उल्टै पैसा तिरेर राख्नुपर्ने अवस्था ।

११. आफूले गाउनेभन्दा कसेट-डिस्कोमा नाच्ने ।

१२. रोगी र मोटा चेलीहरूको स्वास्थ्य थप बिग्रने समस्या आदि ।

स्रोत-सन्दर्भ सामग्री

- अधिकारी, विश्वप्रेम(२०५८) ***पश्चिमाञ्चलका लोकगीत र परम्परा***, स्याङ्जा, स्वयम् ।
- आचार्य, गोविन्द (२०६०) ***राप्ती अञ्चलका लोकगीत***, काठमाडौं : पैरबी प्रकाशन ।
- आचार्य, राजेन्द्रकुमार (२०७४) ***तीजको मौलिक सांस्कृतिक सामाजिक प्रभाव***, शोधपत्र : नेपाल पत्रकार
- महासंघ रूपन्देही, साउन २६ तथा बाणगंगा पुस्तकालय कपिलवस्तु भदौ २ मा प्रस्तुत ।
- आप्टे, वामन शिवराम (इ.२००६) ***संस्कृत-हिन्दी कोश***, दिल्ली : न्यू भारतीय बुक कर्पोरेशन ।

- काफ्ले, ठाकुरप्रसाद (इ.१९६८) ***गुल्मी लोकलय***, वाराणसी : स्वयम् ।
- खतिवडा, सोमप्रसाद (२०७४) ***नेपाली संस्कृति विश्वकोश***, काठमाण्डौं : जनता प्रसारण तथा प्रकाशन लिमिटेड ।
- गिरी, जीवेन्द्रदेव (२०५७) ***लोकसाहित्यको अवलोकन***, काठमाडौं : एकता प्रकाशन ।
- घिमेरे, कृष्णप्रसाद (२०६१) ***अर्घाखाँचीका लोकगीतहरूको स्वरूप र वर्गीकरण***, पाणिनि पत्रिका, अर्घाखाँचीः पाणिनि साहित्य प्रतिष्ठान ।
- जी.सी., झपेन्द्र (२०७२) ***तीज पर्वको सांस्कृतिक अध्ययन*** काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।
- ग्यवाली, हिरण्यलाल (२०६७) ***लुम्बिनी अञ्चलका लोकगीतहरूको सामाजिक अध्ययन***, त्रिभुवन विश्वविद्यालय अप्रकाशित शोध प्रबन्ध ।
- थापा, धर्मराज र सुवेदी, हंसपुरे (२०४१) ***नेपाली लोकसाहित्यको विवेचना***, काठमाडौं : पाठ्यक्रम विकास केन्द्र ।
- पन्त, कालीभक्त (२०२८) ***हाम्रो संस्कृतिक इतिहास*** ।
- पन्त, शास्त्रदत्त (२०५३) ***धवलागिरिका छन्त्याल*** ।
- पराजुली, कृष्णप्रसाद (२०५७) ***नेपाली लोकगीतको आलोक*** ।
- पाण्डे, हुमकान्त (२०५८) ***हुम्लाको लोकसाहित्य***, स्वयम् । पोखरेल, लक्ष्मी (२०५९) अर्घाखाँचीका लोकगीतहरूको संकलन, वर्गीकरण र विश्लेषण, त्रिवि शोध प्रबन्ध ।
- बन्धु, चूडामणि (२०५८) ***नेपाली लोकसाहित्य*** काठमाडौं : एकता प्रकाशन ।
- बस्याल, जीवलाल (२०५८) ***पश्चिमाञ्चलका लोकगीतको अध्ययन र विश्लेषण***, काठमाडौं : ओमकुमारी बस्याल
- बुढाथोकी, प्रचण्डबहादुर (२०४७) ***हाम्रा गीत***, नवलपरासी : स्वयम् ।
- मल्ल, सावित्री (२०५२) ***पाल्पाका लोकगीतको अध्ययन र विश्लेषण***, तानसेन : कक्षपति प्रकाशन । यात्री, पूर्णप्रकाश नेपाल (२०४१) भेरी लोकसाहित्य, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान । लामिछाने, कपिलदेव (२०६१) नेपाली लोकगीतको अध्ययन, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

स्रोतव्यक्ति

हरिता आचार्य (वर्ष ६३) बुटवल-११, रूपन्देही : २०७४/४/२४

ooo

सूचना !

- जन्म, मृत्यु, बसाइसराइ, विवाह, सम्बन्धबिच्छेदजस्ता व्यक्तिगत घटनाहरू समयमै दर्ता गरौं । व्यक्तिगत घटना घटेको ३५ दिनभित्र निःशुल्क रूपमा व्यक्तिगत घटना दर्ता गराऔं ।
- नगरपालिकाले निर्धारण गरेका कर, शुल्कहरू समयमै बुझाऔं ।
- सीप विकास गरौं, आत्मनिर्भर बनौं, कृषि र पशुपालनलाई व्यावसायिक बनाई आयआर्जन वृद्धि गरौं ।
- आ-आफ्ना घर वरिपरि खुला ठाँउहरूमा वृक्षरोपण गरौं र गाउँ शहरको सौन्दर्य बढाऔं ।
- भूकम्प प्रतिरोधी संरचना निर्माण गरौं ।
- वर्षातको समयमा बाढी, पहिरोजस्ता विपद्हरू आउनसक्ने भएकाले त्यस्तो समयमा पूर्वसावधानी अपनाऔं ।
- कोभिड-१९ (कोरोना भाइरस)बाट बच्न सामाजिक दूरी कायम गर्ने, घरबाहिर निस्कँदा मास्कको प्रयोग गर्ने र बारम्बार साबुनपानीले हात धुने बानी बसालौं ।
- भीडभाड तथा जोखिमयुक्त ठाउँहरूमा सकेसम्म नजाने, जानै परे सावधानी अपनाऔं ।
- मास्कको अनिवार्य प्रयोग गरौं र मास्कको प्रयोगपछि सुरक्षित ठाउँमा विसर्जन गरौं ।

गुल्मीदरबार गाउँपालिका, गुल्मी

घर, घाट र मान्छे

✍ **डा. कपिल लामिछाने**
भैरहवा, रूपन्देही

छिमेकीको देहान्त भएको थियो । उनीहरू सक्रिय भई दाहसंस्कार सकेर घरतर्फ फर्किंदै थिए । जलेका ठुटा-मुढाहरूको दृश्य र मसाने गन्धबाट उनीहरू उकुसमुकुस भइसकेका थिए । त्यसबाट अब भने टाढिँदै थिए । एउटा असल सामाजिक कार्यकर्तालाई अन्तिम बिदाइ गर्नुपर्दा मन भारी भइरहेको थियो । उनको प्रशंसा गर्दै उनीहरू बाटो काट्न थाले ।

"उनी सारै असल थिए । कहिल्यै कसैसँग उनको झगडा भएको थाहा छैन । "

"उनले कहिल्यै कसैको कुभलो चिताउनसम्म पनि चिताएनन् ल । "

"उनले दिल खोलेर सबैलाई सहयोग गरेथे । त्यस्तो पो मान्छे !"

"त्यही भएर त म भन्छु, के लिएर आएका थियौं अनि के लिएर जान्छौँ कमाएको ।

सबै यहीँ रहन्छ । एकछिनको तँ-तँ र म-म मात्र । ...... बित्थामा !"

"कुरा ठीक हो । असल कर्ममात्र साथ जान्छन् । दुनियाँले बुझे पो ।"

"उनले देखाएको बाटामा हिँड्नु नै उनीप्रति सच्चा श्रद्धाञ्जलि हुनेछ ।"

"ठीक हो । दुनियाँले बुझे पो । "

उनीहरू छिमेकीका सत्कर्मको चर्चा गर्दै बाटो काट्दै थिए ।

अकस्मात् बाटोमा छेउमै एउटा झोला देखापर्‍यो । झोलामा एक्कासि दुबैका आँखा गिद्ध झैँ झम्टिए । दुबै मिलेर त्यहीँ छेउमा टुक्रुक्क बसेर एकैछिनमा झोलाको फटाफट शल्यक्रिया गरे । झोलामा मोबाइल, केही नगद, औँठी, सित्री रहेछन् । उनीहरूका आँखामा अकस्मात् खुसी छचल्कियो । उनीहरूले सबै पाईपाई हिसाब गरेर बाँडे । थोरै चित्त नबुझ्दा भनाभन पनि भयो, तर त्यो परालको आगो झैँ तुरुन्तै निभिहाल्यो ।

छुट्टिने बेलामा उनीहरूले मनमनै भने, "वास्तवमै उनी सारै असल मानिस रहेछन् । "

मृतक छिमेकीको असलपनको उचाइ एक्कासि झन् बढ्यो ।

ठूलो उपलब्धि भएको महसुस गर्दै उनीहरू प्रसन्नचित्त बेलैमा घर पुगे ।

ooo

'छनक' भित्र चुलिएको कटाक्षपूर्ण दनक

✍ टङ्कप्रसाद पन्थ
त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा

विषयप्रवेश

एलपी पराजुलीलाई छेस्का कविताको विकास र विस्तार गर्ने अभियन्ताका रूपमा चिनिन्छ । सानैदेखि साहित्यतर्फको रूझान भएका यिनले २०३२ सालबाटै औपचारिक रूपमा कलम चलाएको पाइन्छ । २०३९ सालमा यिनको 'एउटै बाटो' शीर्षकको उपन्यास कृति प्रकाशनमा आएको हो । यसपछि लामो समयसम्म सुस्ताएको यिनको कलम २०७७ सालतिरबाट तीव्र रूपमा कुदेको अनुभव हुन्छ । २०७६ सालमा छेस्का कविताको प्रवर्तन भएपछि एलपीभित्रको सुषुप्त प्रतिभा मुखरित हुन पुग्छ । सामाजिक सञ्जालका माध्यमबाट छेस्का कविताका साथै विविध प्रकृतिका रचनाहरू सम्प्रेषण गर्ने कार्य निरन्तर रूपमा चलेको देखिन्छ । छेस्का कविताको विकास, परिष्कार र मानकीकरणमा पनि पराजुलीले चासो राखी कलम चलाएको पाइन्छ । २०७८ सालमा संयुक्त छेस्का कवितासङ्ग्रह 'अभिव्यञ्जना' का साथै २०७९ को पहिलो प्रहरमै एकै साथ 'काव्य सुधा' (रम्बास कवितासङ्ग्रह) र 'छनक' (छेस्का कवितासङ्ग्रह) प्रकाशनमा ल्याउनुले पनि पराजुलीको साहित्य साधनातर्फको सक्रियतालाई बुझ्न सकिन्छ । छेस्का साहित्य नेपालको सचिवको भूमिकामा रहेका पराजुली भूगोल साहित्य समाज काठमाडौँसँग पनि आबद्ध रहेका छन् । कथा, कविता, गीत, मुक्तक, छेस्का, रम्बास, बाछिटा, साइनो, हास्यव्यङ्ग्य जस्ता विविध प्रकृतिका विधामा यिनको कलम चलेको देखिन्छ । प्रारम्भमा उपन्यास लेखन र प्रकाशनतर्फ तानिए पनि पछिल्लो समयमा कविता साहित्यको सूक्ष्म रूपतर्फ नै बढी आकर्षित भएको पाइन्छ । यहाँ साहित्यकार एलपी पराजुलीको २०७९ सालमा प्रकाशित 'छनक' (छेस्का कवितासङ्ग्रह) माथि प्रकाश पार्ने काम गरिएको छ ।

छनक परिचय

प्रस्तुत सङ्ग्रह छेस्का सिर्जनाको यात्रामा पहिलो प्रकाशित एकल कृति हो । छेस्का साहित्य नेपालसम्बद्ध नौजना स्रष्टाहरूको संयुक्त छेस्का कवितासङ्ग्रह 'अभिव्यञ्जना' (२०७८) प्रकाशित भएको लगत्तै कवि एलपी पराजुलीले यस क्षेत्रमा इतिहास रच्न पुगेका छन् । यस सङ्ग्रहमा विविध विषय शीर्षक छुट्याएर छेस्का कविताको रचना गरिएको छ । एउटा पृष्ठमा एक शीर्षकको विन्यास गरी

त्यसभित्र आठओटा पूर्ण संरचनाका छेस्काहरूको समानुपातिक वितरणमा यो कृति निर्माण भएको पाइन्छ । कुल सन्ताउन्नओटा शीर्षकमा आठ/आठओटा कविता संरचनाको विवरण यहाँ गरिएको देखिन्छ । यहाँ जम्मा चार सय छपन्नवटा छेस्का कविता सङ्गृहीत हुन आएका छन् । पाँच-पाँच अक्षरको त्रिपदीय संरचनामा एउटा पूर्ण छेस्काको निर्माण हुने सैद्धान्तिक मान्यतालाई यहाँ आत्मसात् गरिएको छ । विविध प्रकारका शीर्षकका साथमा समाजका विभिन्न क्षेत्रमा हुर्किएका विकृति र विसङ्गतिलाई च्वास्स घोच्ने काम यहाँ गरिएको छ । छेस्काको संरचनागत विन्यासका साथमा विषयवस्तुलाई समेट्ने कुरामा पनि पराजुली सचेत रहेको पाइन्छ । कतै कतै तोकिएको विषयभन्दा फरक भावका छेस्काहरू पनि समेटिन आएको पाइन्छ । यद्यपि तिनले कवित्व मूल्यलाई भने अक्षुण्ण राखेको पाइन्छ । प्रस्तुत सङ्ग्रहको भूमिका खण्डमा बाईस पृष्ठ खर्चिएको छ भने सन्ताउन्नओटा शीर्षकसम्बद्ध विषयवस्तुको सन्ताउन्न पृष्ठ ओगटेसँगै कुल उनासी पृष्ठमा कृति निर्माण भएको छ । कृतिको आवरण पृष्ठको साजसज्जाले ध्वन्यात्मक अर्थ द्योतन गरेको पाइन्छ । वर्तमानको प्रविधिसम्बद्ध पुस्ताको बिम्ब यहाँ अङ्कित गरिएको छ । शीर्षकलाई विषयसूचीमा समावेश गरी पाठकलाई सहज तुल्याउने काम पनि यहाँ भएको पाइन्छ । कृतिको आकारलाई हेर्दा पकेट साइजमा निर्मित रहेको छ । आँखालाई सहज हुने कागजलाई उपयोग गरिएको छ ।

मूल कथ्य

समकालीन समाजका वास्तविक यथार्थलाई कलाका माध्यमबाट मुखरित गर्ने कुरामा स्रष्टाको प्रमुख उद्देश्य रहेको हुन्छ । आफू बाँचेको समाजका सुकीर्ति र विकृतिको अभिव्यक्ति दिई सुधार र निर्माणको आग्रहसमेत गर्ने हुनाले नै साहित्य व्यक्ति, समाज र राष्ट्रकै लागि उपयोगी वस्तु मानिएको हो । पछिल्लो समयमा चर्चामा आएको छेस्का कविताको धर्म समाजमा सडेगलेका विकृत कुरालाई च्वास्स घोची मर्ममा प्रहार गर्नु हो । त्यसैले पनि व्यङ्ग्यात्मकता छेस्का कविताको प्राण जस्तै बनेको पाइन्छ । हाम्रा सामाजिक, सांस्कृतिक व्यवहार, मानवीय मनोवृत्ति तथा नेतृत्व तहमा रहेका व्यक्तिमा विद्यमान दम्भ तथा अभिमानलाई कटाक्षपूर्ण रूपमा प्रहार गर्ने काम पराजुलीका धेरैजसो छेस्कामा भएको छ । मानिसको उमेरअनुसारका कार्यकलाप, चाडपर्वका अवसरमा देखाइने तडकभडक, कुनै क्षेत्र र निकायमा रहेका व्यक्तिहरूको रवैयाका साथमा स्वार्थी मनोवृत्ति बोकेका मानिसहरूको यथार्थ रूपलाई उजागर गराउने काम यहाँ गरिएको छ । मानवीय चरित्र र मनोवृत्तिलाई सूक्ष्म रूपमा उतार्ने काम पनि यहाँ गरिएको छ । छोटो संरचनाभित्र बाँधिएर सघन विचारको सम्प्रेषण गर्ने कुरा सबैका लागि सहज होइन तर पनि पराजुलीले स्वाभाविक रूपमा विचारलाई समेटी अभिव्यक्ति दिएको पाइन्छ । यिनका छेस्कामा युगीन चेतनाको झलक

प्रभावकारी बनेर आएको छ । सबै क्षेत्रमा भ्रष्टाचार झाँगिएको, सत्ताको मोहले व्यक्तिलाई अन्धो बनाएको, जनताका नजरमा नेतृत्व गिर्दै गएको, हाम्रा सामाजिक मूल्यमान्यतामा स्खलन जस्ता कुरालाई महत्त्वका साथ उठाइएको छ ।

सत्ताको दाईं
हुँदैन होला
यस्तो त कहीँ !

आफन्त पोस्ने
यो कस्तो सत्ता
मुलुकै झोस्ने ?

कुर्सी समाई
भन्दै छ लोभी
ऊ अरूलाई ! (पृ.३०)

मोबाइलको अधिक प्रयोगले हाम्रो जीवनशैलीमा पारेको नकारात्मक प्रभावलाई कटाक्षपूर्ण शैलीमा प्रस्तुत गरिएको छ । हुनत मोबाइल उपयोगी र प्रविधिमा आएको क्रान्तिकै उपज हो तर यसको अधिक प्रयोगले मानिसलाई नशालुजस्तै बनाएको छ । साना ठूला सबै उमेरका मानिसहरू मोबाइलको लतमा लागेको अवस्थालाई कटाक्षपूर्ण शैलीमा व्यक्त गरिएको छ ।

असाध्य नशा
मोबाइल भो
शनिको दशा

छिमेकी को हो ?
चिन्दैन छोरो
लाटो बनायो !

नाता चिसियो
स्वार्थी पनाको
मात्रा मिसियो ! (पृ.५१)

देशको बिग्रँदो अवस्थाप्रति कवि संवेदनशील बनेको पाइन्छ । सामाजिक विकृतिका रूपमा फैलिएका हरेक कुरालाई झल्काई सम्बन्धित व्यक्ति र निकायका मर्ममै प्रहार गर्ने काम गरिएको छ । आफ्नो अनुहारको फोहोर नफाल्ने तर ऐनामा दाग देख्ने मन्दबुद्धिका मानिसप्रति सशक्त रूपमा प्रहार गरिएको छ । आफ्नो आङको भैँसी नदेख्ने मानवीय प्रवृत्तिलाई यहाँ सघन रूपमा प्रहार गरिएको छ ।

मुख पुछेनन्
ऐनामा दाग
भन्न छोडेनन् !

लुतो सल्काए
बुढी मारेर
काल पल्काए !

देखाए झाँकी
तमासा गर्न
राखेनन् बाँकी । (पृ.७१)

उज्यालो भविष्यको कामना पनि कवितामा पाउन सकिन्छ । बिम्ब र प्रतीकहरूको प्रयोगद्वारा मानवीय व्यवहार र प्रवृत्तिलाई झल्काउने काम यहाँ गरिएको छ । नेपालबाट युवाहरू लर्को लागेर विदेशतिर पलायन भएको अवस्था देख्दा कविलाई भित्र भित्रै पोलेको देखिन्छ । कतै संवेदनशील रूपमा त कतै कटाक्षपूर्ण शैलीमा नमिलेका कुराप्रति प्रहार गर्ने काम यहाँ गरिएको छ । रूस र युक्रेनको युद्धले निम्त्याएको त्रासदीय अवस्थालाई झल्काई मानवताको संरक्षण चेतना यहाँ प्रतिबिम्बित भएको छ ।

युक्रेन रूस
छिमेकी सँग
नराख तुस ।

युद्ध सल्कायौ
व्यर्थैमा किन
काल पल्कायौ ?

आगो झोसेर
पछुतो होला
हाँसो खोसेर । (६९)

अमुक पार्टी र झन्डाका आडमा अराजकता फैलाउने प्रवृत्तिप्रति पनि कटाक्ष गरिएको छ । मानिस खास स्वार्थका घेराभित्र खुम्चिन पुगेको यथार्थलाई यहाँ व्यक्त गरिएको छ । मानिस कर्मशील बनेर आफ्नै खुट्टामा उभिनुपर्छ भन्ने सन्देश पनि यहाँ प्रवाहित भएको छ । न्यायका मूर्तिहरूबाटै भएका अनपेक्षित व्यवहारलाई झल्काई त्यस्ता व्यक्तिलाई लाजमूर्तिको संज्ञा दिएको छ । किसानले भोग्नुपरेका पीडा र प्रतिकूल परिस्थितिलाई पनि मार्मिक रूपमा उठान गरिएको छ । जीवनका घातप्रतिघात र पीडाजन्य अनुभूतिका स्वरहरू पनि यहाँ सल्बलाएर आएका छन् । 'सानु नानी' शीर्षकका छेस्कामा बालसुलभ चेतना र बालमनोविज्ञान प्रस्तुत भएको भेट्न सकिन्छ ।

यो आमा काख	झोलाको भारी	म सानु नानी
प्यारो मलाई	दुखायो काँध	भनेको मानी
मायाले राख ।	अप्ठेरो पारी ।	बन्नेछु ज्ञानी (पृ.३७)

छेस्काको अर्थ, यसको प्रवृत्ति र छेस्का कविताको साधनासन्दर्भलाई पनि यहाँ उल्लेख गरिएको पाइन्छ । आफू स्वयं पनि छेस्काको संरक्षण र प्रवर्द्धनमा लागेकोले पनि छेस्का कविताको संरचना तथा भावगत मर्मलाई यहाँ अभिव्यक्त गरिएको पाइन्छ । साहित्यको कलात्मक झलकका साथमा त्यसप्रतिको रूझान यहाँ पाउन सकिन्छ ।

छेस्काको धर्म	शब्दको अर्थ	भावना पोखौँ
चसक्क घोची	छेस्कामा खुलोस्	छातीमा छेस्का
दुखाओस् मर्म ।	नहोस् अनर्थ ।	मज्जाले ठोकौँ । (पृ.३६)

आमाको मायाको महत्त्व र गरिमाका साथमा वात्सल्यचेत मुखरित भएको पाइन्छ । व्यक्तिका दम्भ र अभिमानले गर्दा प्राप्त सुविधा र अवसरसमेत गुम्न पुगेका यथार्थलाई कटाक्षपूर्ण शैलीमा झल्काइएको छ । राजनीतिक क्षेत्रमा विकास भएको टुट, फुट र जुटको परिपाटीलाई पनि यहाँ उल्लेख गरिएको छ ।

टुक्रियो घर	फरक हुन	गर्दै छौ जात्रा
हल्लियो खाँबो	सजिलो छैन	मान्छेको गुण
चर्कियो चर !	कलङ्क धुन ।	कति छ मात्रा ? (पृ.२८)

भावगत विविधताका केन्द्रमा विकृति र विसङ्गतिप्रतिको प्रहार नै प्रभावशाली बनेर रहेको देख्न सकिन्छ । छेस्का कविताका माध्यमबाट सामाजिक व्यवहारमा सहिष्णुता र उदार भावनाको खोजी गरी समाज र राष्ट्रलाई अगाडि बढाउनुपर्ने सन्देश व्यक्त गरिएको छ । मानवीय स्वभावमा परिष्कार र संस्कारको विकास भएमा सिङ्गो समाज र राष्ट्र नै लाभान्वित हुने विश्वास कविभित्र रहेको छ ।

समाजको जिम्मेवार नागरिकले गर्ने चिन्ता र चासोका साथमा कटाक्षपूर्ण प्रहारद्वारा सच्चिनका लागि आह्वान गरिएको छ ।

शैलीशिल्प

साहित्यकार एलपी पराजुली छेस्का कविता लेखन र सम्प्रेषणमा लागेका एक सशक्त व्यक्तित्व मानिन्छन् । यिनको भाषामा निख्खर नेपालीपन पाइनुका साथै शैलीमा सरलता र स्वाभाविकता पाइन्छ । सामाजिक सञ्जालका माध्यमबाट धेरै स्रष्टाका रचनाहरू गाएर प्रस्तुत गर्ने अभ्यासले पनि यिनका छेस्कामा लयात्मक प्रभाव प्रबल बनेर आएको पाइन्छ । छेस्का कविताको महत्त्वपूर्ण विशेषता भनेको अनुप्रास विधान हो । यस सङ्ग्रहका छेस्का कविताको अध्ययन गर्दा तीन/चारवटा छेस्कामा तीनवटै पंक्तिमा अनुप्रास मिलेर आएको पाइन्छ तर अरू सबैजसो छेस्काहरूमा पहिलो र तेस्रो पंक्तिमा अनुप्रास मिलाउने कुरामा बढी ध्यान दिइएको पाइन्छ । अनुप्रास संयोजनले गर्दा छेस्का कवितामा गेयात्मकता र श्रुतिमधुरता थपेको कुरा यहाँ भेट्न सकिन्छ । यसै गरी पराजुलीका छेस्का कविताको प्राण पक्ष भनेको व्यङ्ग्यपूर्ण कटाक्ष नै हो । कतै व्याजस्तुतिमय शैलीमा त कतै प्रत्यक्ष–रूपमा समाजका विकृतिप्रति प्रहार गरी सुधार र परिष्कारको अपेक्षा राखेको पाइन्छ । तत्सम, तद्भव तथा आगन्तुक शब्दको प्रयोग यहाँ भएको छ । कविता पढ्दै जाँदा भाषिक त्रुटिको अवस्था पनि देख्न सकिन्छ । यसलाई मुद्रण प्रक्रियामा भएको समस्याका रूपमा लिन सकिन्छ । कहीँ एकाध रूपमा हलन्त लेखिने प्रचलित रूपलाई अजन्त बनाइएको पनि पाइन्छ । अक्षरको गणनालाई आधार मान्दा यस्तो भएको मान्न सकिन्छ । रोचक र घोचक शैली, स्थानीय परिवेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा झाँगिएका विकृति र अकर्मण्यतालाई झल्काई एउटा सचेत र जिम्मेवार नागरिकको भूमिका सम्पादन गरिएको छ । सिर्जनाका माध्यमबाट आम मानिसमा सुधारको सन्देश प्रवाहित गर्नुले पराजुलीको लेखनशैली प्रखर रहेको कुरा स्पष्ट हुन्छ । कृतिको बाइसौँ क्रममा रहेको 'छनक' शीर्षकबाट कृतिको नामकरण गरी छेस्का कविताको व्यङ्ग्यात्मक धर्मको छनक दिनुका साथै खराब चिन्तन र व्यवहार भएका व्यक्तिलाई छुनाक्ने काम गरिएकाले समग्र चार सय छपन्न छेस्का कविताको भावगत मर्मलाई शीर्षकले समेटेकाले शीर्षक अनुकूल र सार्थक बन्न गएको पाइन्छ ।

निष्कर्ष

कवि एलपी पराजुली पछिल्लो समयमा नेपाली साहित्यमा सक्रिय रूपले लागेका स्रष्टा हुन् । २०३२ सालदेखि साहित्य सिर्जना कर्ममा लागी २०३९ सालमै उपन्यास प्रकाशनमा ल्याएका एलपी पराजुलीको प्रतिभा बीचमा कतै हराएको वा सुषुप्त बन्न गएको अनुभूति पाठकले गर्दछन् । तीस वर्षसम्म बैंकिङ सेवामा

समर्पित रहनुले पनि यस्तो भएको हुन सक्छ । अवकाशप्राप्त जीवनमा भने पराजुली सक्रिय रूपमा साहित्यसिर्जनामा लागेको पाइन्छ । २०७८ र २०७९ को प्रथम प्रहरमै एकल र संयुक्त गरी तीनवटा कृति प्रकाशनमा ल्याउनुलाई महत्त्वपूर्ण उपलब्धि मानिन्छ । सामाजिक सञ्जाललाई उपयोग गरी विभिन्न विधामा लेख रचनाहरू प्रकाशित हुनुलाई पराजुलीको साधना क्षमता र प्रतिभा मान्नुपर्दछ । कविताको सूक्ष्म भेदतर्फको रूझानका साथमा तिनलाई प्रयोगमा ल्याउने उत्सुकता यिनमा रहेको छ । प्राविधिक पक्षलाई आत्मसात् गरी कविता सिर्जना गर्नुपर्ने रम्बास कविताको सङ्ग्रह प्रकाशनमा ल्याउनु पनि महत्त्वपूर्ण कर्म हो । कविताका अन्य रूपतर्फको मोह पनि यिनमा रहेको पाइन्छ । अहिले सक्रिय रूपमा साधनामा लागेका पराजुलीका धेरै कृतिहरू प्रकाशनमा आउने सम्भावना रहेको छ ।

'छनक' नामक कृति छेस्का कविताको इतिहासमा एकल व्यक्तिद्वारा लेखिएको पहिलो प्रकाशित कृति रहेको छ । छेस्काको मूलभूत प्रवृत्ति भनेकै समाजमा जडका रूपमा रहेका विकृतिप्रतिको प्रहार र कटाक्षपूर्ण प्रस्तुति हो । यसमा समसामयिक नेपाली जीवनका अनुकूल तथा प्रतिकूल अवस्थालाई सूत्रात्मक रूपमा झल्काउने काम गरिएको छ । खास गरी समाज र राष्ट्रिय परिवेशमा हुर्किएका बेथिति, विकृति र अराजकताप्रतिको खबरदारी यी रचनामा भएको छ । छोटो संरचनामा बाँधिई भाव तथा विचारलाई अभिव्यक्ति दिने कुरा सबैका लागि सहज काम होइन तर एलपी जस्ता प्रतिभाले सिङ्गो समाजको शल्यक्रिया गर्न सक्छन् भन्ने दृष्टान्तका रूपमा यी कवितालाई लिन सकिन्छ । छेस्काको आधारभूत मान्यतालाई आत्मसात् गरी लेखिएका यी रचनाहरू वर्तमान समयमा सुस्केरा बन्न पुगेका छन् । समाजका खराब प्रवृत्तिप्रति कटाक्षपूर्ण शैलीमा प्रहार गरी सबैलाई सुध्रिनका लागि घचघच्याउने सिङ्गो कृति नेपाली साहित्यका पाठकहरूका बीचमा लोकप्रिय बनोस् । स्रष्टा एलपी पराजुलीलाई उत्तरोत्तर साधनाको शुभकामना ।

०००

२०७९ सालको विजया दशमी, दीपावली र छठ पर्वको पावन अवसरमा सबैलाई शुभकामना

सिर्जनशील सामुदायिक विकास केन्द्र

गुल्मीबाट आर्थिक ०७८/०७९ सामाजिक तथा प्राविधिक सहयोगमा गुल्मीमा ७ वटा झोलुङ्गेपुलको निर्माण कार्य पूरा भएको छ । त्यस्तै सामुदायिक विकासका लागि बाख्रा उद्यम परियोजनाअन्तर्गत धुर्कोट गाउँपालिकामा बाख्रा खरिद, बिरूवा खरिद, घाँस खरिद, खोर निर्माण तालिमलगायतका कार्यहरू सम्पन्न भएका छन् ।

छ भन्नुको मजा

✍ **दीन पन्थी**
तम्घास, गुल्मी

देहको नश्वरता, धन, जन, यौवनको अस्थिरता र समयको निरन्तरता देख्दा यो सृष्टि चलाउने कुनै चतुर खेलाडी छ जस्तै लाग्न थाल्यो मलाई । यही विश्वासको चैतन्यलाई ईश्वर माने के पो बिग्रन्छ र ! मन टेकाउने एउटा दह्रो ठाउँ मिल्छ । छभन्दा मन ढुक्क हुन्छ । विश्वासविना श्वास लिन सकिन्न । पल्लो कोठामा बा सुतेका छन् भन्ने विश्वासमा बालक मस्त निदाउँछ । छ भन्नुमा मस्ती छ । छैन भन्नुमा सास्ती छ । छैन भन्नुमा शून्यता छ । शून्यतामा खिन्नता छ । खिन्नतामा दुःखै दुःख छ । छ भन्नुमा भविता छ । भवितामा अस्तित्व छ । अस्तित्वमा पूर्णता छ । पूर्णतामा चिदानन्द छ । त्यही चिदानन्द त खोजिरहेछौं हामी । अन्तिम विनिमय आनन्द र सन्तोष नै हो नि ! त्यसैले म त्यो छ भन्छु । छ मात्र होइन, त्यो म नै हुँ भन्दाको आनन्द वर्णनातीत छ । इन्द्रियगोचर यथार्थभन्दा धेरै माथि छ मान्छे । जादूको कौतूकमय तिलश्मी पोको हो मान्छे । प्रत्यक्षभन्दा माथि, अनुमानभन्दा माथि कल्पना लोकमा पुग्छ मान्छेको मन ।

एउटा मन हुन्छ मान्छेको । त्यो हाम्रा आँखाले देखिन्न । मनको भौतिक अस्तित्व छ वा छैन, त्यो मलाई थाहा छैन । तर म भन्छु-मसँग एउटा मन छ । अझ भनौं शरीरभन्दा ज्याद्रो छ त्यो । त्यो अदृश्य भईकन पनि दृश्यलाई हल्लाउँछ । एउटा अदृश्य ऊर्जा हो त्यो । हरेक मान्छे एउटा मन हो । शरीर त मनको खोलमात्र हो । इन्द्रियहरू त मनका आज्ञाकारी सेवकमात्र हुन् ।

हुन त ढुङ्गाको मन हुन्न भन्छन् । जब मान्छेले मान्छेको मन दुखाउँछ तब ढुङ्गासँग प्रार्थना गरेको हामीले देख्छौं । हाम्रो मन ढुङ्गाले बुझाइदिन्छ । अविरल संघर्षले र नियतिका निरन्तर प्रहारले ताछिएका, खारिएका, गोलिएका चिल्ला र मनोहर शिलाहरू पुज्छ हाम्रो मनले । दुःख कष्टका अनन्त प्रहारहरू नसही कोही देवता बन्छ ?

रुखहरू पनि रुन्छन् पीडामा । कृतघ्न मान्छेहरूका क्रूर व्यवहारहरूमा रुखहरू रुन्छन् । बतास चल्दा रुखले सुसेली हालेको सुनेको छु मैले । झरीमा तप्प-तप्प आवाजमा रुखहरूले वार्तालाप गरेको मैले सुनेको छु । मेरो मन छ नि त्यसैले आकारहीन कुरा देख्छ । निरर्थक ध्वनिहरूमा अर्थ सुन्छ । म कल्पना गर्दछु-मान्छे पनि रुखजस्तै परोपकारी भइदिए स्वर्ग यतै झर्दो हो । मान्छे पनि बादलजस्तै मनकारी भैदिए कल्पवृक्ष यहीं फल्दो हो ।

फलेको देखे झटारो हान्छ मान्छेले । सोझो देखे फेँदैबाट ढाल्छ मान्छेले । परोपकारीप्रति किन कृतघ्न हुन्छ परोपकार र धर्मका व्याख्या गर्ने मान्छे ? हो, पहाडहरूसमेत मान्छेले चिथोरेका घाउहरू देखाएर रुन्छन् । चित्त भएको मान्छेले किन अरूको चित्त दुखाउँछ ? मन छैन भनेर म कसरी भनूँ ? मन नभए मेरो मन कसरी दुख्छ ? नभएको कुरा पनि दुख्छ र ? मैले आँखाले हेरेर भन्छु - यो बुट्टा मलाई मन परेन । देख्ने आँखा हो कि मन ? मैले कानले सुनेर - आहा ! यो संगीत मलाई मन पर्‍यो । सुन्ने कान हो कि मन ? मैले जिब्रोले चाखेर भन्छु- यो तरकारी मलाई मन परेन । चाख्ने जिब्रो हो कि मन ? हामीले मनले हेर्छौं, मनले सुन्छौं, मनले चाख्छौं । हाम्रो शरीर कसैको बोलीले दुखाउन सक्दैन, तर हाम्रो मन दुखिहाल्छ । मन जलतरंगझैं चञ्चल छ, यसमा दोमन छन्, दोधार छन्, संकल्प छन्, विकल्प छन् ।

बुझिनसक्नु छ मान्छेको मन । अनन्त कामना, अनन्त वासना, अनन्त वेदना, अनन्त सुखेच्छा, अनन्त संकल्प र अनन्त स्वार्थहरूको नसुल्झिने जटिलता हो मन । समाजमा मान्छे स्वाङ् ढोङ्, लोकाचार, नीति र धर्महरूमा बाँधिए पनि मान्छेको मन सदा स्वतन्त्र, एक्लो, अराजक, आदिम र जंगली हुन्छ । सहजात प्रवृतिहरूमा डुल्ने मन संस्कृत नभएर प्राकृत हुन्छ । परिष्कारले मात्र मान्छेको मन शिष्ट र सभ्य बन्छ । मनभित्रै हुन्छन् राग र द्वेषका विषवृक्षहरू । मनैभित्र हुन्छन् क्षमा, करुणा, मैत्री, मुदिता, प्रेम र परोपकारका कल्पवृक्षहरू पनि । मान्छेको मनमा युद्ध पनि हुन्छ, बुद्ध पनि हुन्छ । सुर पनि छन्, असुर पनि छन् मनभित्र । मनबाट असुरहरू हटाइयो भने दिव्य भावहरूले भरिन्छ मान्छेको मन । यस्तो मन पनि छैन नभनौं हामी । मन छ ।

श्रीमद्भगवत्गीता भन्छ- शरीरभन्दा पर इन्द्रिय छन्, इन्द्रियभन्दा पर मन छ, मनभन्दा पर बुद्धि छ र बुद्धिभन्दा पर जे छ त्यो त्यही हो । त्यसैको एउटा अंश हुँ म पनि । त्यसैले त्यो छ र म पनि छु भनेर ढुक्क हुन्छु । यो शरीर म होइनँ, यी इन्द्रियहरू पनि म होइनँ, यो मन पनि म होइनँ । यी त मेरा हुन् । म त अदृश्य छु । म त अदृश्य भएर जगत् चलाउने ईश्वरको अंश हुँ । मविना मेरो शरीर चल्दैन । मविना मेरो शरीर निरर्थक छ । अनि मलाई माया गर्ने मेराहरूले नै मेरो शरीरमा आगो झोस्छन् । शरीर सकिन्छ म सकिन्नँ क्यारे ! यही विश्वासमा म कालजयी बन्छु, सुखी बन्छु । यही छु र छ भन्ने मजामा यो धुलीधूसर जिन्दगी सुखमय बन्छ । म पनि हुन्न, त्यो पनि छैन भन्ने शून्यतामा मृत्युभयले पिरोलिरहन्छ मान्छेलाई । आशा सकिएपछिको जीवन, के जीवन ! मृत्युशैय्यामा पनि म छु र त्यो छ ले पुनर्जन्मको आशादीप बालिरहेका हुन्छन् । जीवनपछि जीवनान्तर छ, जुन योभन्दा भव्य-दिव्य छ-आलोकमय । महासागरमा जलबिन्दुझैं, पवनमा पवनझैं म तल्लय हुन्छु त्यसैमा । छ र छु भन्ने सोंच नै आनन्दमय छ, छैन भन्ने सोंच नै अभावमय र दुःखमय छ । त्यसैले त्यो छ ।

यही भन्छु म त ! स्वर्ग छ भन्नुमा अर्को मजा छ । राम्रो काम हामी गर्छौं । ईश्वरको भर पर्छौं । ईश्वरसँग डर मान्छौं, जसरी बा-आमासँग छोराछोरी डराउँछन् । ईश्वरसँग डराएपछि मान्छेसँग डराइरहनु पर्दैन । जराजीर्ण शरीर ढल्छ । एउटा दिव्य शरीर उठ्छ । उठेर ऊ शोक, जरा, मृत्यु र कष्ट नभएको दिव्य धामतिर जान्छ । यही विश्वासले मृत्युलाई एउटा उत्सव बनाइदिन्छ-एउटा बिदाइ समारोह । मृत्यु एउटा शरीरको अन्त हो र अर्को जीवनको प्रारम्भ पनि हो । यस्तो विश्वासले यही जीवनलाई सुखमय बनाइदिन्छ । मृत्युले भन्दा मृत्युभयले गिजोल्छ मान्छेलाई । छैनले मनलाई दुःखी र दरिद्र बनाउँछ ।

नर्क छ भन्नुमा पनि एउटा सन्देश छ । धर्म अर्थात् मानवीय गुणहरूको खोजी । पाप अर्थात् क्रूरता, कृतघ्नता, द्वेष, ईर्ष्या, अहंकार आदि । सदाचार पुण्य हो, भ्रष्टाचार पाप । पाप गर्ने नर्कमा जाकिन्छ, वैतरणीमा डुब्छ । जसलाई नर्क छ भन्ने लाग्छ-त्यसले भ्रष्टाचार गर्दैन । त्यसले हिंसा गर्दैन । त्यसले अन्याय गर्दैन । त्यसले शोषण गर्दैन । लुकेर पनि गर्दैन पाप उसले । चित्रगुप्तलाई थाहा हुन्छ लुकेर गरेका अपराधहरू । पाप नहुँदा कति जना स्वर्ग गए, पाप हुँदा कति जना नर्क गए यतातिर न जाऊँ । यो समाज नर्क हुनबाट जोगिन्छ - केवल विश्वासले । परलोकभन्दा इहलोककै भलोका लागि बन्छन् विश्वासहरू ।

लौरो लिएर प्राणी चराउने ईश्वरको कल्पना म गर्दिनँ । ईश्वरको रूप कस्तो छ म बताउन सक्दिनँ । जो चराचरमा व्याप्त छ, यहाँ जे छ त्यो सब उसैको हो, त्यस्तो शाश्वत, सर्वशक्तिमान्, व्यापक ईश्वरलाई खुशी पार्न पैसा, धजा, अक्षता चढाउनुपर्छ भन्ने मलाई लाग्दैन । त्यो न खुशी हुन्छ, न दुःखी हुन्छ । त्यस्तो ईश्वरलाई म मनले देख्छु र आफूभित्रै भएको अनुभव गर्छु । जसरी अदृश्य भएर मन छ । हाम्रा प्रबल भावनाहरू, बासनाहरू, चेतनाहरू पनि अदृश्य भएरै छन् । त्यसरी नै ईश्वर, आत्मा, स्वर्ग, नर्क छन् भन्नुको मजा बेग्लै छ । जब मन निर्मल हुन्छ तब हाम्रा विश्वासहरू साकार बनेर प्रकट हुनेछन्-आनन्द, भरोसा, खुशी बनेर जीवनमै ।

मन मेरा निर्मल भया जैसे गंगा-नीर
पाछे-पाछे हरि फिरै कहत कबीर ! कबीर !

- कबीरदास

०००

पुस्तकालयमा गई पत्र-पत्रिका, पुस्तक पढ्ने बानी बसाली पठन संस्कृतिको विकास गरौं ।

म दिन्छु श्रद्धाञ्जलि भानुलाई

✍ **मुकुन्द शर्मा चालिसे**
काठमाडौं

जन्मेर आएँ अनि बढ्न पाएँ बढेर रामायण पढ्न पाएँ
पढाइमा बस्न गएछ बानी बानी बन्यो वास्तव जिन्दगानी ।१।

सुगन्ध छर्ने जसको स्वभाव यो फूल ऊ फूल सबै गुलाब
माली बन्यौ भानु ! सबै सिँगारी अम्लान रामायण फूलबारी ।२

तन्हौँ पहाडी प्रिय भानुभक्त ! बडो बहाडी कवितानुरक्त
समग्र नेपालधरा फुलायौ सौन्दर्य छायौ भुमरा भुलायौ ।३।

जोडी जगन्नायकसाथ नाता लेखेर रामायण काव्य गाथा
नेपालको आदिकवित्वबाट संसारमा उच्च बन्यो ललाट ।४।

अनेक शास्त्रीय लयानुसार छरेर साहित्यकला अपार
यो लोकलाई हित गर्न आयौ आदर्शको शाश्वत गीत गायौ ।६।

जे छन्द छोए पनि धप्प बाल्यौ शार्दूलविक्रीडित झन् उचाल्यौ
टिपूँ कि मै गायन माधुरीका 'लीला अपार् छन् भगवान् हरीका' ।७।

म स्रग्धराका उपजातिका कि वसन्तनामा तिलकादिका कि
कि मालिनीका पनि शिल्प फाँकी टिपेर हेरूँ कि कवित्व झाँकी ।८।

हे भानु ! आयौ जब राजधानी भित्रै बनायौ कविता कहानी
जैलेसुकै आइरहन्छ याद झल्काइँदा मार्मिक भोलिवाद ।९।

साहित्यमा हुन्छ अथाह शक्ति कतै दियौ भक्ति कतै विरक्ति
कतै हँसाएपछि व्यङ्ग्य बोल्यौ बोलाइमा हार्दिक रङ्ग घोल्यौं ।१०।

तिमी रहेछौ भरिशक्य टाँठा खोल्यौँ सबै संशयजन्य गाँठा
दियौ सबैखातिर सार राम्रो प्रश्नोत्तरीको उपहार हाम्रो ।११।

जन्मेर आयौं तर मर्नुपर्छ कैल्यै नमर्ने सुर गर्नुपर्छ
प्याला सुधाको छ यहीँ निराला पिँऊ सधैँ भानु ! म भक्तमाला ।१२।

तिमी पसे तापनि जेलखाना नेपालका लागि मिल्यो खजाना
के फूल धागोसित जेलिएर ऊ भित्रको सौरभ जान्छ खेर ? ।१३।

खुल्यो कथाको बरू एक पाना तिमी गएथ्यौ जब जेलखाना
त्यही भयो किन्तु पवित्र धाम झल्क्यो उहीँ मौलिक राम राम ।१४।

तिमी जसै कान्तिपुरी पसेथ्यौ मानौँ मिठो लेख्न कुरी बसेथ्यौ
कपाल देख्यौ पुरसुन्दरीको थुँगा सजेका गुनकेसरीको ।१५।

रमाइलो तोटकमा रमायौ मानौँ स्वदेशी टकमा रमायौ
स्वधर्म गायौ खुकुरी चिनायौ यथार्थ नेपाल पुरी चिनायौ ।१६।

गएर सोतीघरको सिँडीमा कि मित्र तारापतिको पिँडीमा
दियौ तिमीले कविता कमाल तथापि नारीसित छन् सवाल ।१७।

तिमी पुरानो कलका जुहार हामी स्व-अस्तित्वमुखी मुहार
बोक्रा र भुत्ला जति हुन् हटाई चपाउँछौँ फेरि उही मिठाई ।१८।

बालाजु आयौ ऋतुराज जस्तै बनाइहाल्यौ कविता खुलस्तै
रमाइला सर्जक हे तरङ्गी ! बढाउने मौलिक भावभङ्गी ।१९।

भाषा छ तिम्रो अनि भेष तिम्रो पहाड तिम्रो र मधेश तिम्रो
नेपाल तिम्रो र विदेश तिम्रो समग्र साहित्य विशेष तिम्रो ।२०।

पृथ्वी चुली राष्ट्रिय एकताको तिमी चुली भाषिक सभ्यताको
दुबै चुलीमा चुलिएर हामी नपोखिई बन्नु छ कीर्तिमानी ।२१।

साहित्य के हो ? सुखको बिहानी तिमी त्यसैको पहिलो कहानी
असारको मास संसार पायौ अझै उनन्तीस कसार पायौ ।२२।

ओर्लेर आयौ जब गाउँबाट भएछ घाँसीसित भेटघाट
अदृष्टदेखिन् उपहार आयो सुकीर्तिको सार बहार छायो ।२३।

गर्दै रही सुन्दरको प्रबन्ध अवश्य फैलिन्छ सुकीर्तिगन्ध
अहो महान् आदिम काव्यकार ! तिमी सबैका मनका जुहार ।२४।

तिम्रो कथा भन्छ-प्रपञ्च मुद्दा जेलिन्छ चोला सबतर्फ कुद्दा
फर्की उज्यालोतिर पाउ चाली जुध्दै रहे आउँछ देउराली ।२५।

गर्दै रहून् ऐक्य प्रभा प्रसार आओस् यहाँ सिर्जनमा बहार
उठी सबेरै कविता खुलाई अर्पन्छु श्रद्धाञ्जलि भानुलाई ।२६।

०००

सूचना !

नगरको सौन्दर्यलाई प्रभावकारी बनाउन देहायको कार्य गर्नु गराउनुहुन नगरवासीहरूमा सूचित गरिन्छ ।

- ❑ नगरपालिकाका प्रत्येक घरमा संभव भएसम्म कम्तीमा दुईवटा फलफूल तथा सौन्दर्यीकरणका बिरुवा रोपौं ।
- ❑ सडक पेटीमा व्यापारका सामग्री नराखौं ।
- ❑ सार्वजनिक सडकमा निर्माण सामग्री नराखौं ।
- ❑ नगरका सडकहरू रिपीच हुने भएकोले छत वा अन्य ठाउँको पानी सडकमा नफालौं ।
- ❑ नगरपालिकाभित्रका सबै कार्यालयहरूले कार्यालय परिसर र नागरिकले आफ्नो घर वरिपरि अनिवार्य सरसफाइ गरौं ।
- ❑ घरघरमा दुईवटा बिरुवा रोपण गरौं
- ❑ फोहोरजन्य वस्तुहरू भरसक आफैले नै विस्थापन गरौं । विस्थापन गर्न नसक्ने फोहोरलाई फोहोर उठाउने गाडीमा सुरक्षित लोड गरौं ।
- ❑ फोहोर व्यवस्थापन कार्ड नबनाएका व्यक्तिहरूले तुरुन्त नगर विकास तथा वातावरण संस्थामा गई कार्ड बनाऔं ।
- ❑ सडक पेटीमा सवारी साधन (बस,ट्रक, जीप, कार, मोटरसाइकल) पार्किङ्ग नगरौं ।
- ❑ मुख्य बजारक्षेत्रभित्र सामग्री अनलोड गर्दा विहान ९:३० बजेसम्म र बेलुका ४:०० बजेपछि गरौं ।
- ❑ हाम्रो शहरलाई सुन्दर शहर बनाउन नागरिक दायित्व पूरा गरौं । उपयुक्त सूचनाको पालना नगरेमा कानुनअनुसार जरिमाना गरिनेछ ।

रेसुङ्गा नगरपालिका, गुल्मी

नियात्राका कसीमा 'देश देशावर'

✍ **प्रा. कपिल अज्ञात**
भरतपुर, चितवन

साँच्चिकै कृष्णांश परेका रूप-गुणले सम्पन्न साहित्यकार हुन्- जीवा लामिछाने । लक्ष्मी र सरस्वती दुबैका प्रिय पात्र हुन् उनी । जति भौतिक रूपले धनी छन् त्यत्तिकै आध्यात्मिक रूपले सरल, सात्विक र नैतिक पनि छन् । उनको बोलीचाली, हाउभाउ, शीलस्वभावबाट संयोगले परिचित हुन पुगेको छु । बाहिरी-भित्री उत्तिकै चमक भएका साँच्चै विधाताले फुर्सदमा रचेका मानवरत्न हुन् उनी ।

काठमाडौंदेखि चितवनसम्म उनकै वाहनमा बसेर आउँदा साथमा डायरी राखेर विशेष कुरा टिपोट गर्दै जाने र सुन्दर पुस्तक सधैँ साथ राख्ने उनको कर्मशील प्रवृतिप्रति म प्रभावित छु । उनीप्रति मेरो विशेष आदरभाव छ । उनीझैँ दशजना धनाढ्य नेपालीको गुरुयोजना भए एक-दुई वर्षमै नेपालको मुहारै फेरिन्थ्यो कि ! नेपालको पूर्वी चितवनले त्यस्तो एक सपूतलाई जन्म दियो, जो पढ्नका निम्ति भनेर हण्डरठक्कर खाँदै रूस पुग्यो । पढ्दापढ्दै संघर्षबाट विद्यार्थीकालमै पुँजी निर्माण गर्‍यो । त्यसबाट व्यावसायिक यात्रा पनि आरम्भ गर्‍यो । प्रविधिको माग र आपूर्तिको स्वर्णिम अवसरमा आफ्नो लगानी र सीपको उच्चतम उपयोग गरी 'दिनदुना रात चौगुना' तरक्की गर्दै आर्थिक सञ्चितिको शिखर आरोहण गरी आफ्नै कर्म र सीपले आफैलाई पारसमणि बनायो, जुन वस्तु र परिवेशलाई स्पर्श गर्‍यो, सुनाम्मे तुल्याउँदै अघि बढिरह्यो ।

कुवेरपुत्रझैँ कुनै यज्ञमा आफ्नो दान एवम् सामाजिक विकास पहिचानमा आफ्नो नाम राख्न पछि परेनन् । उनको सानैदेखिको एक सुन्दर आदत रहेछ- डायरी लेखन । उनले त्यस्ता साहित्यका कच्चा पदार्थ आफ्नै डायरीहरूमा टिप्दै गए, ख्यातिप्राप्त लेखकहरूका कृतिहरू पनि पढ्दै गए । देशदेशान्तर डुल्दै आफ्नो अनुभवको क्षितिज फराकिलो तुल्याउँदै गए । लेख्दालेख्दै उनको सीप बस्यो, भाषा माझिँदै गयो, शैली तिखारियो र अनुभव खारियो । अनि मात्र उनी कृतिको स्वरूप सिर्जनामा लागे । सबै नियात्राहरू परिपक्क मनमस्तिष्कबाट तयार पारिएर निस्के र परिपक्व रचना बन्न पुगे । एकपछि अर्को नियात्राका मूल्यवान् कृति नेपाली साहित्यमा समर्पण गर्न सफल भए । उनको पहिलो कृति सर्सती संसार (२०७२) नै पाठक अनुभवका दृष्टिले मलाई सुन्दर लागेको हो । पढ्न त सरसर्ती पढेँ । तत्काल टिप्पणी वा समीक्षा लेख्ने इच्छा हुँदाहुँदै स्थिर भएर लेख्ने मेसो मिलेन । अब यो दोस्रो कृति देश देशावर (२०७७) पढेर केही प्रतिक्रिया लिखित रूपमा जनाउनै पर्छ भन्ने लाग्यो । कुनै सम्बन्ध, स्वार्थ,

साइनो र लाभको प्रयोजनले होइन, उनको साहित्यप्रतिको अगाध रूचि र लगाव एवं मेरो पुस्तकप्रतिको मोह र निष्ठाले आफ्ना दृष्टि र धारणा राख्न उत्प्रेरित गर्‍यो । विशेषतःदेश देशावर नियात्राको कसीमा कस्तो छ प्रभावपरक ढङ्गबाट पारख गर्न जुर्मुरिएँ ।

नियात्राको लामो इतिहास छ । त्यस परम्पराको परिचयतर्फ जानु अहिले प्रयोजनीय छैन । नियात्राका शिखरपुरुष भनेका डा. तारानाथ शर्मा हुन् । बेलाइततिर बरालिँदा नै उनका साहित्यिक यात्राको सुन्दर प्रक्षेपण हो । यही यात्रा संस्मरणको कृतिलाई राम्ररी नियालेर सर्वप्रथम साहित्यिक विश्लेषक बालकृष्ण पोखरेलले नियात्रा नामकरण गरेका हुन् । अहिले त्यही शब्द यात्रा-संस्मरणका माझ प्रियकर लाग्दै आएको छ । यात्रा-संस्मरणकार भन्नुभन्दा आफूलाई नियात्राकार भन्न रूचाउँछन् । त्यही नियात्रा परम्परामा लामिछाने पनि एक उच्चस्तरका नियात्राकार देखा पर्छन् ।

यो सर्वदृष्टिकोणले सुसम्पन्न र सुसंस्कृत व्यक्तिको अनुभवजन्य यात्रा-संस्मरणात्मक कृति हो । कृतिको मूल उद्देश्य नै सामाजिक हित र परोपकारीताको रूपमा निहित छ । यास्तो सुन्दर र समुज्ज्वल भावमण्डित कृतिलाई पनि गोप्य राख्नुपर्ने कुनै यौन साहित्यझैँ प्लास्टिक आवरणले छोपेर राख्नु प्रकाशक र बिक्रेताको लालची हतकण्डा हो । तत्काल बिक्री नभएर क्षय भएर जाने यो कृति होइन । यो अनुभवरत्न हो भन्ने बोध भएपछि आफै बिक्छ, टिक्छ पनि । प्रभावपूर्ण व्यक्तिको गुणात्मक कृति रहेपछि कुनै विज्ञापनको बयानवाजी आवश्यक पर्दैन । एकै पुस्तक हाते पैंचो गरेर कैयौंले पढेर आनन्द लिँदै आफ्नो अनुभवलाई समृद्ध पारेछन् भने पनि लेखक प्रकाशकले खुसी नै मान्नुपर्ने अवस्था छ । लेखकको सुन्दर अनुभव र सन्देशले पाठक-जगत्मा विस्तार हुन पाउनु पनि स्वर्णिमा अवसर हो । त्यसलाई लाभको अधिक तृष्णाले छेकथुन पुर्‍याउनु मनासिव होइन । जीवाको यो देशदेशावर (२०७७) पहिलो कृतिकै पृष्ठभूमिमा सिर्जिएर प्रस्तुत भएको छ । पहिलो सर्सर्ती वर्णन र विवरणले घनीभूत छ तर यो त्यही पृष्ठभूमिबाट केही समाजोपयोगी अनुभव र सन्देशबाट समृद्ध बनेको छ । पहिलेको जस्तो कोरा वर्णनबाट अलग्गिएर रचनाभित्र विशेष प्रेरणाप्रद तथ्यहरू उन्न यो सफल देखिन्छ । पहिलेको पनि त्यत्तिकै मनोरम र आनन्दप्रद छ तर यसले केही विषयमा मग्न तुल्याएर सहानुभूति समेत प्राप्त गरेको अनुभूत हुन्छ । आकारगत दृष्टिले नियात्राहरू पहिलो कृतिमा भन्दा पछिल्ला कृतिमा केही लामा छन् र अधिक प्रभावी पनि छन् । पहिलोमा डायरीको प्रभाव र दोस्रोमा बौद्धिक चेतना र स्मृतिको प्रभाव अधिक देखिन्छ । पहिलो अधिक वस्तुप्रबन्धनको परिचयात्मकतातिर बढेको देखिन्छ भने दोस्रो आत्मरागरञ्जित निजात्मकतातिर । दुबैको शैलीमा समानता रहे पनि विषयगत गाम्भीर्य र अनुभूतिको प्राबल्यका कारण दोस्रो नै अधिक ऊर्जाशील, मूल्यवान् र

प्रेरणाप्रद रचनाको कोटिमा विराजित हुन पुगेको देखिन्छ । सामान्यतया पहिलो विद्यार्थीकालीन यात्राहरूको आक्षरिक एलबम देखिन्छ भने दोस्रो कृति जिम्मेवार, प्रौढ र परिपक्व नागरिक भैसकेपछिको अनुराग र अवधारणासहितको सुन्दर दस्तावेज ।

सद्य प्रकाशित देश देशावर (२०७७) भित्रै बीसवटा नियात्रात्मक निबन्ध छन् । कुनकुनमा केके छ विषयवस्तुको फेहरिस्त लगाउनुको पनि यहाँ प्रयोजन छैन । त्यो पाठकले आफै पढेर मनन गर्छ । म यसको अनुभवजन्य स्वाद एवं नियात्राको कसीमा आफ्ना दृष्टिकोण र धारणाहरू राखेर मूल्यबोधको समीक्षातर्फ मात्र केन्द्रित हुने जमर्को गर्दैछु ।

नियात्राकारले पहिलो कृतिको नाम विषयवस्तुअनुसार सर्सर्ती संसार र दोस्रोको पनि त्यहीअनुरूप देश देशावर राखेका छन् । यी दुवै शीर्षक अभिधात्मक अर्थमा निहित छन् । विषयवस्तुका दृष्टिले उपयुक्त पनि नरहेका होइनन् तर दुवै कृतिका कृतिभित्रको गुणस्तर बुझ्दा दुबै मेरो दृष्टिमा नजँचेका शीर्षक हुन् । यस्ता सुन्दर कृतिको नामकरण त व्यञ्जना विधिको प्रयोग गरी ध्वनिमूलक वा सांकेतिक हुनपर्थ्यो । यसले शीर्षकबाट लेखकले डुले-घुमेर रोचक विवरण प्रस्तुत गरेका होलान् भन्ने मात्रै अर्थ दिन्छ तर यसभित्र सामाजिक जीवनका निम्ति यति मधुर अनुभव र सन्देशहरू सन्निहित छन् । तिनले कठोर मनलाई पनि कोमलतर तुल्याएर देशप्रेम र सामाजिक उदात्त भावनाले ओतप्रोत पार्दछन् । तसर्थ यिनको शीर्षक यायावरी फन्को, यायावरी सम्मोहन, उन्मुक्त यात्री, सौन्दर्यको यायावर तरङ्ग, अनुस्मृतिका रङ्ग, यात्राअनुस्मृति, संसारी दृश्य आदि यस्तै कुनै भएको भए सुगन्धभैँ लाग्थ्यो ।

नियात्रा भनेको आँखा र मनको सङ्गतिपूर्ण र सन्तुलन पद्धतिबाट प्रस्तुत हुने सृजनात्मक स्वरूप हो । यो निबन्धकै नवीन उपविधा हो । नयाँनयाँ कुराको ज्ञान र अनुभव पाउने हुँदा यो रूचिकर र प्रियकर हुँदै आएको छ । इतिहास, भूगोल र राजनीतिको माध्यमबाट पाठकलाई पृथ्वीकै दूरदराजमा रहेको प्रकृति, परिवेश र रहनसहनसँग परिचित गराउँछु भन्ने जुन उद्देश्य राखेर नियात्राकरले नियात्राको रचना गरेका छन् त्यसमा नियात्राकर सफल भएको अनुभूत गराउँछन् । साहित्यको माध्यमबाट भूगोल र इतिहासको जानकारी गराउनु राम्रो कुरा हो तर यो तिनै विषयले बोध गराउँछन् । त्यसको कुनै आग्रह नलिई आफ्ना आँखाले जे देख्यो, आफ्नो मनलाई जे लाग्यो र आफ्नो मस्तिष्कले जे ठम्यायो त्यसैको नवीन अनुभव पाठकले अपेक्षा गरेको हुन्छ । त्यसको निबन्ध रोचक र मार्मिक अनुभवले पाठकको मन जित्न सफल हुन्छ । जीवाका लेखनमा स्तरीय र मिठासपूर्ण चित्रण हुँदाहुँदै पनि म उन्मुक्त लेखनको अपेक्षा राख्दछु । हुन त, नियात्राले सूचनात्मक ज्ञानलाई पनि प्राथमिकतामा नराख्ने होइन तर मनोजिज्ञासा र शमनले अनुभव समृद्ध हुनुको आफ्नै विशेष महत्त्व छ ।

म नियात्राकार जीवाको भावुकता, सरलता, निश्छलता र निष्कपटताबाट अत्यन्त प्रभावित छु । उनले जे देखे, भोगे र जाने त्यो सबै सर्लक्क सरल र सुललित शैलीमा राखी आफ्ना खुसीका तरङ्गले पाठकलाई पनि तरङ्गित तुल्याइदिन्छन् । म लगायत अधिकांश नेपालीका निम्न आयले ती कुनै देशका भ्रमणको कल्पना पनि गर्न सकिन्न । आफ्नै देशका सुन्दर दृश्यसँग त साक्षात्कार रहन नसकेको स्थितिमा ती त सपनाभन्दा पनि परका विषय हुन् तर इतिहास राजनीति र भूगोलमाथि रूचि राख्ने नियात्राकारले साहित्यिक लेखनका माध्यमबाट परोपकार वा पुण्यको महान् कर्म गरेका छन् ।

फाइन प्रिन्टद्वारा छापिएको यस कृतिको प्रिन्ट रूप साजसज्जा पनि फाइनै भन्नुपर्छ । किन्तु कृतिको परिचयात्मक आवरण मुख्यपृष्ठमा कृति कति प्रति छापियो र कृतिको कुन संस्करण हो त्यसको खुलासा नहुनु करछलीको प्रयोजन एवम् साहित्यक प्रकाशनको आचारसंहिता लागू नहुनु हो । एकातिर पुस्तकको कुनै अंश वा पूरै पुस्तक पुनरूत्पादन वा प्रसारण गरे प्रतिलिपि अधिकार ऐनअन्तर्गत कारवाहीको दावा राख्नेले पाठकीय अधिकार एवम् अनुसन्धान मार्गको पनि हेक्का राख्नुपर्ने होइन र ! जीवाको सामाजिक प्रभाव यति सघन र प्रभावोत्पादक छ, हजारौँप्रति त त्यसैले बिक्री हुन्छ । समर्पणभावले साहित्यमा लागेर लाखौँ राशिका पुरस्कार स्थापना गर्दै समाजसेवामा समेत विशेष योगदान पुऱ्याइरहेका उनलाई रोयल्टीको पनि अपेक्षा देखिँदैन । उनको मूल उद्देश्य आफ्ना रचनाले साहित्यिक पाठकहरूमाझ विस्तार पाओस् । साहित्यिक परम्परामा आफ्ना रचनाले आफ्नो पहिचान बढाउँदै आफ्नो स्थान निर्धारण गरोस् भन्ने नै हो । पवित्र भावनाले सामाजिक हित र साहित्यको उत्थान चाहने यस्ता सहृदयी र उदारमना व्यक्तिको कृति यस्ता मुनाफाकारी संस्थाबाट छापिनु मनासिव होइन भन्ने पनि लाग्छ । पुस्तक महङ्गो भने पटक्कै होइन तर स्थापित र प्राज्ञिक संस्थाबाट छापिएको भए मूल्यमा अझ सरल पर्थ्यो भन्ने नै हो । हेक्का रहोस्-यात्रा साहित्यिक कृतिहरू अधिकतर साहित्यिक पाठकले नै पढ्ने गर्छन् । त्यसैले सहृदयी पाठकबाट द्रव्यदोहनको अपेक्षा साहित्यिक प्रकाशनबाट राखिनु हुँदैन ।

यो मूलतः कृति हो तर मूल शीर्षकलाई नियात्राले स्पष्ट्याएको छैन । अन्तिम आवरण पृष्ठमा कोष्ठकभित्र नियात्रा भनिएको छ । यो दावा नभएर वर्गीकृत प्रयोजनको सूचक मात्र हो । हुन पनि यात्राकारले तात्क्षणिक यात्राको दृश्य र भावुकताको उद्वेगभन्दा पनि वस्तुस्थितिको चित्रण एवम् नवीन विषयतर्फ अधिक केन्द्रित भई स्थानीय विशेषता उत्खनन र बयान गरिरहेका देखिन्छन् त कतै साहित्यिक अभिरूचि र बियर आस्वादनका संवाद पनि भेटिन्छन् ।

यस क्रममा उनी नियात्राकारभन्दा समाजशास्त्रीय खोजकर बढी देखिन्छन् । नियात्राका क्रममा कतै नैबन्धिक धारा, कतै समीक्षात्मक दृष्टि, कतै चर्चा-परिचर्चाले पनि नियात्राकै वृत्तभित्र यथेष्ट स्थान पाइरहेका छन् । यो उनी इतिहासविज्ञ, भूगोलविज्ञ एवम् विकासप्रेमी हुनुको परिणामझैँ लाग्छ । जे होस्, संस्मरण चर्चाले अधिक स्थान ओगटे पनि नियात्राकै सार्थकता सबल रूपले सजिएको पाइन्छ ।

नियात्राकारका देशप्रेमी भावना कृतिभित्र प्रचुर मात्रामा निहित छन् । उनी स्वाभावैले देशहित चाहन्छन् । बिरानो देशमा पुगेर त नेपालीले औधि उन्नति गरेका छन् भने आफ्नै देशमा उपयुक्त अवसर र वातावरण पाए कति उन्नति गर्दा हुन् भन्ने जस्ता अनेकौं राष्ट्रप्रतिका भक्तिभावपूर्ण उद्‌गारले पाठकको मन छुन्छन् । दुःखजिलो गरी पढ्न बसेका विद्यार्थीले पनि ससानो बचत गरी लगानी गर्न खोजेको देख्दा राष्ट्रिय भावनाले पाठकलाई भावुक बनाउँछ । नेपाली भाषा र संस्कृतिप्रति नियात्राकारका कति निष्ठा रहेछ । देशविदेशका प्रसङ्ग कतिपय अभिव्यक्तिले नै स्पष्ट पार्दछन् । देशदेशावर घुमी आफ्नै देश बनाउनु पर्छ भन्ने भावनाले पनि नियात्राकार बढी उत्प्रेरित भएको देखिन्छ ।

देश देशावरभित्रका पारिवेशिक चित्रणमा रूवान्डा, तान्जानिया, मोजाम्बिक, युगान्डा, क्रोयसिया, आइसल्यान्ड, फिनल्यान्ड, साइप्रस, श्रीलङ्का, क्यानडा, चीन, हङकङ, रूस, बेलायतजस्ता प्रसिद्ध देश, प्रमुख केही शहर र टापु पर्दछन् । यिनमा क्यानडाको एकता, चीनको चामत्कारिक विकास, आइसल्यान्डको पर्यटकीय आकर्षणले पाठकलाई विशेष आकर्षित गर्दछन् । जुन देशमा पुग्यो, त्यस देशको खोजिनीति गर्ने बानीले नै देश देशावरजस्तो कृति तयार हुन पुगेको देखिन्छ । यसैक्रममा महत्त्वपूर्ण सूचनाहरूलाई पनि नियात्राकारले नियात्राभित्र समेट्दै गएका छन् । यात्रा-साहित्यको लेखनमा लेखक यात्रा-साहित्य र सिद्धान्तबाट पनि सचेत देखिन्छन् । उनी स्वयम् भन्छन्-'आखिर नचिताएको कुरा देख्नु र सोचेभन्दा फरक दृश्यको साक्षी बन्नु नै त यात्राको विशेषता हो । यही यात्रापरक आत्मिक सिद्धान्त र भावनाले उनका नियात्राहरू सिर्जित हुन पुगेका छन् । आखिर ओहो ! र आहा ! भन्ने मनोभाव नआएसम्म कोरा विवरणको प्रस्तुतिले मात्र कहाँ नियात्रा बन्छ र ! त्यस्तै आँखाको नानीसँगै मनको मदानी पनि घुम्नुपर्छ र मस्तिष्कले त्यसको नौनी निकाल्नुपर्छ । यथार्थमा आँखा र मनको प्रगाढ सम्बन्ध नरहेसम्म नियात्रा पनि मर्मस्पर्शी बन्न मुस्किल पर्छ । यात्रालाई विशाल पुस्तक सम्झने उनी "एक यात्राले अनेकौँ पुस्तकहरूको ज्ञान दिन्छ" भन्ने मान्यता राख्दछन् । आफ्ना कृतिमा सामान्य ज्ञानका रोचकयुक्त अनेकौँ तथ्यहरू प्रस्तुत गरेका छन् । उनले घुमेका देश र शहरहरूको यति लामो फेहरिस्त देखिन्छ । शायद भविष्यमा सर्वाधिक देश घुमेका र रोचक तथ्यहरू सङ्ग्रह गरेका बुज्रुक व्यक्तिका रूपमा आफूलाई

सावित त गर्ने छन् नै साथै भ्रमणसेवा र व्यवसायले बाहिरका अनेकौं देशलाई नेपालसँग जोड्ने इतिहास समेत रचेर आफूलाई गौरवशाली व्यक्तित्वको रूपमा प्रतिष्ठापित तुल्याउने छन् ।

अनेक रोचक तथ्य र प्रसङ्गले प्रतिपादित कथ्य सरस र मनोरम हुन पुगेको छ । कहीँ जातीय विभेदको पराकाष्ठा, कहीँ दासदासीको रूपमा बाँच्न अभिशप्त अफ्रिकेली विगतका कारूणिक कथा प्राकृतिक सम्पदाको दोहन गर्ने युरोपेलीको नियत, कहीँ क्रूर, सनकी र तानशाही शासक इदी अमिनका बहुलट्ठी कर्तूतहरू, कहीँ चिनिया लगानीको चकाचौंध, कहीँ हरियाली अफ्रिकी सौन्दर्य, कहीँ प्रकृतिको अद्‌भुत सुन्दरता, कहीँ विशाल पहाडझैँ पानीजहाजका आकृतिको वर्णन, कहीँ बरफ र आगोको त्रास लाग्दो स्थिति, कहीँ श्रीमती बोकेर दौडने प्रतियोगिता, कहीँ लगभोगसका कोठा, रेष्टुराँका परिकारका स्वाद र मोहनीमय क्रीडाको वर्णन, कहीँ बाँधको विशालता, कहीँ एउटै शहर दुई देशमा विभाजित भएको कथा, कहीँ द्वन्द्वका पीडादायी कथा, कहीँ गृहयुद्धका दुष्परिणामका वर्णन, कहीँ यातनागृहका कथा, कतै पहाडै-पहाडको अर्थबोध गराउने दागेस्तानका आकर्षक दृश्यवलीको वर्णन आदि अनेक रोमाञ्चकारी तथ्यहरू नियात्राभित्र प्रस्तुत छन् । तिनले आश्चर्य, रोमाञ्चसहित नयाँपनको अनुभूति दिन्छन् । यस्ता अनौठा तथ्यहरू उन्दै गएपछि नियात्रा पनि सरल, सम्प्रेष्य र प्रभावोत्पादक पठन सामग्री बन्दछ । सुन्दर र मनोरम सूचनाले नियात्रालाई सुरूचिकर तुल्याउँछ भन्ने सिद्धान्त यसमा चरितार्थ भएको पाईन्छ ।

जहाँ जातीय सद्‌भाव बिथोलिन्छ, जहाँ प्राकृतिक सम्पदाको दोहन हुन्छ, जहाँका शासकहरूमा महत्त्वकाङ्क्षा तीव्र हुन्छ तिनले अन्तमा दुष्परिणाम निम्त्याउँछन् । हिंसाले ल्याएको परिवर्तन दिगो हुँदैन । त्यसले प्रतिहिंसालाई निम्त्याउँछ जस्ता सन्देशमूलक स्वर पनि कृतिमा ध्वनित छन् । उनले विभिन्न देशका विकासशैली र स्वरूप देखेर तिनको जीवन्त चित्रण गरी उत्प्रेरित हुनुपर्ने धारणा दर्साएका छन् । बीसै निबन्धले मनमा विष होइन जीवनप्रेम र मानवप्रेमको अमृत भर्छन् । सङ्गृहीत सबै नियात्राहरू उत्तिकै स्तरीय र प्रेरणाप्रद छन् तापनि साहित्यको तीर्थ यास्नाया पोल्याना तथा जर्मनीमा कुँदिएको नेपाल-हिमालय मण्डपले मनको पिँधसम्म पुगेर चुम्छन्, वीर पुर्खाका सन्तान भएर पनि नेपाली मनका गरिब र दरिद्रताका व्यवहारबोधबाट मन भित्रभित्रै कुँडिने, लज्जाबोध र हीनताबोध हुनेसम्मका स्थिति पनि अनुभूत हुन्छन् । जीवाको यो सत्य सूचना र सन्देश जागृत गर्ने यो लेखनले नियात्राकै एक उचाइ र आयाम विस्तृत तुल्याएको देखिन्छ ।

अन्त्यमा सबैतिर सुमधुर सम्बन्ध र सद्‌भाव राख्ने उनी परिवारभित्र पनि हार्दिक सम्बन्ध राख्छन् । उनी जति बौद्धिक छन् उत्तिकै व्यावहारिक पनि । कृतिमा

बहुमुखी व्यक्तित्वका रूपमा उनका क्रियाकलाप प्रदर्शित छन् । तरकारीदेखि मेसिनरीसम्म, आवासदेखि प्रवासम्म, घरेलु कामकाजदेखि विदेशी योजनासम्म सबैतिरको चासो चिन्ता र प्रयासले कर्मठ र कार्यकुशल व्यक्तिको रूपमा उजागर गरेको छ । अन्तर्मुखीभन्दा अपेक्षाकृत बहुर्मुखी अभिव्यक्तिले सामाजिक ज्ञानलाई पनि दर्साउँछन् । श्रीमती, सन्तान, इष्टमित्र, पर्पाहुना सबैतिरको सम्बन्ध र प्रभावले सरल, विनयी, भद्र र मिलनसार व्यक्तिको रूपमा परिचय गराएको पाइन्छ । जस्तो व्यवहारमा देखिन्छ त्यस्तै लेखनमा पनि कोमल र हार्दिक छन् । न बौद्धिक उहापोह छ, न कुनै बोझे आदर्शको बखान, न कुनै आग्रह छ न उत्तेजना, न कुनै पक्षप्रतिको जोड र कुनै परिपाटीप्रति असन्तुष्टि र विरोध, न कुनै मायाका नखरा न विद्रोहको रन्को, जे छन् स्निग्ध, मधुर र कोमल छन् । कहीँ कसैलाई नबिझाउने सहृदयी भावना छन् । आफ्नै प्रतिक्रिया, रूचि र गुनासाभन्दा उपयोगिताका मनोरम मार्गचित्र कोरिएका छन् । जता गयो उतै उज्यालोको खोजी छ, सबैका निम्ति सुख-समृद्धिको कामना छ । सर्वसाधरण पाठकका निम्ति आनन्द र ज्ञानको कोसेलीका रूपमा उनको यो कृति अधिक रूचिकर र प्रियकर लाग्दछ । साँच्चै भन्दा उनको लेखन उदात्त साहित्यको नमूना बनेर प्रस्तुत भएको छ । आफ्नो लेखनीबाट स्वार्थको कुनै हेतु नराखी दम्भ वा अहङ्कारलाई पर राखेर समभावले लेख्ने यस्ता जीवाको लेखनी धन्य हो भन्दै सदासदा यस्तै लेखनको अपेक्षा राख्दै समाजलाई सुसंस्कृत बनाउने उनको ध्येय पूरा होस् भन्ने कामना गर्दछ ।

०००

नगरवासीमा हार्दिक अनुरोध !

- **जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद र बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र वडा कार्यालयमा दर्ता गराऔं ।**
- **कर तिरौं, सभ्य नागरिकको पहिचान दिऔं, समृद्ध गाउँपालिका बनाउने अभियानमा टेवा पुऱ्याऔं ।**
- **हरेक कामलाई पारदर्शी बनाऔं, भ्रष्ट्राचारमुक्त अभियानलाई सफल बनाऔं ।**
- **लैङ्गिक हिंसा, बालश्रमशोषण जस्ता सामाजिक विकृतिको अन्त्य गरौं, २० वर्ष उमेर पुगेपछि मात्रै विवाह गरौं ।**

अनुरोधक

बारबिसे नगरपालिका

सिन्धुपाल्चोक

नेपाल वन्दना

✍ **रुद्र झवाली**
सिद्धार्थनगर, भैरहवा, रूपन्देही

जहाँ बुद्धले ज्ञानको ज्योति छर्छन्
जहाँ प्रेम सद्भावका दीप बल्छन्
छ जो बुद्ध औ जानकी जन्म ठाउँ
म त्यो देश नेपाल हो भन्न पाऊँ

जहाँ विश्वका उच्च माथाहरू छन्
जहाँ सुन्दरी अप्सरा केचना छन्
जहाँ छन् स्वयम् वाटिका तुल्य गाउँ
म त्यो देश नेपाल हो भन्न पाऊँ

जहाँ छन् तिलस्मी कथा वीरताका
जहाँ भुल्भुले मूल छन् सभ्यताका
उँचा शैल भन्दा झनै उच्च नाउँ
म त्यो देश नेपाल हो भन्न पाऊँ

जहाँकी धरा पूर्ण छन् सम्पदामा
छ सञ्जीवनी टाकुरामा गरामा
जहाँका बुटीले निको हुन्छ घाउ
म त्यो देश नेपाल हो भन्न पाऊँ

कतै छैन यो देशझैं देश अर्को
कहाँ स्वर्ग होला र नेपाल जस्तो
म त्यो स्वर्ग अर्को कहाँ खोज्न जाऊँ
भए स्वर्ग नेपाल हो भन्न पाऊँ ।

ooo

गुल्मी जिल्लामा आधा शताब्दीभन्दा लामो इतिहास बोकेको किरण पुस्तकालयमा तपाईंका कुनै प्रकाशनहरू छन् भने तुरुन्त दिन नबिर्सनुहोला ।

भाषा सिकौं के गरी ?

✍ **विष्णुहरि पौडेल**

कीर्तिपुर न.पा.-२, मैत्रीनगर, आदर्श मार्ग, काठमाडौं

गाह्रो संस्कृत, धातु, रूप, गण के ? के हो परस्मैपदी ?
जिब्रो लट्पटिने, डिको नटुँगिने छन् सूत्र नेकीबदी ।
केमा लाग्छ विसर्ग, रेफ श, ष, का बेग्लै हुने कारक ।
फेरिन्छन् अनुस्वार रूप कसरी जान्नै महाभारत ।।

अंग्रेजी नसिकी भएन दुनिया लाग्यो त्यतै फर्कन ।
जे लेखिन्छ नबोलिने फरक छन् लेखाइ, उच्चारण ।
साह्रा ओखर झैं प्रिपोजिसन ती गाह्रा क्रिया फ्रेजल ।
बेग्लै टोन हुने यु/के, र, यु/य/से, पार्छन् मनै पागल ।।

हिन्दीको छ प्रभाव गाउँ घरमा यी लाहुरे संगत ।
है लाए पुगिहाल्छ भन्न नहुने झन् भालुको कम्पट ।
उर्दू शब्द कतै, खडी र अवधी बोल्छन् मिसी संस्कृत ।
स्त्रीलिङ्गी र पुलिङ्ग शब्द कुन हो के चिन्नु झन् झन्झट ।।

नेपाली सजिलो भनेर पढियो यो मातृभाषा भनी ।
बोले झैं नहुने रहेछ अडियो लेख्दा यसै लेखनी ।
के हो तत्सम, ह्रस्व, दीर्घ र कता थोप्लो, कमा आउँछ ?
मैले भेउ नपाउँदा 'ङ/ञ/ण' ले छुट्दै व्यथा लाउँछ ।।

एम्/ए पास गरें पढेर उहिले ऐले पुरानो भयो ।
धेरै शब्द छिरे विदेशतिरका भाषा बिरानो भयो ।
भाँचे ढाड रहेन निख्खरपना, सिस्नो लगाए घरि ।
धेरै अक्षर नै झिकी सकिदिए भाषा सिकौं के गरी ?

ooo

हाम्रो पुरुषार्थका ९५ अङ्क निस्के ।

तपाईंले कुनै अङ्क पढ्न त बिर्सनु भएको छैन ?

नियात्राकार प्रभा बराल र 'आत्महत्याको जङ्गल' यात्रानिबन्धको पर्यावलोकन

✍ **वत्सराज कश्यप**
भरतपुर-११, चितवन

(१) विषयप्रवेश

प्रभा बराल २०३० को दशकमा कास्की, पोखराको मासबारमा जन्मेर २०५० को दशकमा चितवनलाई वैवाहिक घर बनाएको र नेपाली विषयमा स्नातकोत्तर तथा एम.फिल. गरी साहित्य सिर्जनामा रमाएकी ऊर्जाशील नारी हस्ताक्षर हुन् । कविता, कथा, गजलका साथै आख्यानमा पनि उनको लेखनले सफलता पाउँदै गएको छ । २०७८ सालमा चि.सा.प. खेमलाल लामिछाने पुरस्कार प्राप्तिपछि फिलिङ्गो उपन्यासको बजार विस्तार भएको छ । सुदूरपूर्वको देश जापानको रोजगारीका सङ्घर्षशील पाइलाको विजयका रूपमा यसलाई लिइन्छ भने विद्यार्थी जीवनदेखि नै लेखनमा अभिरुचि राख्ने प्रभाको लेखन पनि प्रभावमय बन्दै गएको छ । उनका सिर्जनशील र सन्देशमूलक निबन्धहरू कान्तिपुर, अन्नपूर्ण पोष्ट र नागरिक दैनिकमा प्रकाशित भइरहेका हुन्छन् । स्वदेश र विदेश जहाँ गए पनि यात्रासंस्मरणलाई उजागर गर्ने प्रभाको दैनिकीजस्तै बनेको छ । हिजोआज समाचारपत्र र मासिक, द्वैमासिक र त्रैमासिकमा भन्दा अनलाइनमा पढ्नेहरूको बहुमत छ तथापि वाङ्मयिक सुरक्षाका दृष्टिले बुकलेट (पुस्तकाकार) पत्रिकाको मूल्य, महत्त्व र स्थिरता बढी छ ।

भारतयात्रामा जाँदा उडिसामा उडेको मन र शेर्पा गाउँकी शेर्पिनी स्वदेशयात्राको रचनामा स्थानीय रङ्ग भर्न उनी सिपालु छन् भन्ने झलक ती निबन्ध पढ्दा पाइन्छ । यसै क्रममा आत्महत्याको जङ्गल, जो पूर्णतया जापानयात्रा र त्यहाँको समग्र जीवन भोगाइसँग सम्बन्धित भएका कारण त्यसलाई यस आलेखमा विवेचनाको विषय बनाइनेछ ।

डिमाइ साइजमा २०४ पृष्ठ गणनीय र आठ पृष्ठ अगणनीय भएको यो यात्रासंस्मरणलाई आफ्नो जीवनसाथी डा. रामचन्द्र तिवारीमा समर्पण गरिएको छ भने निर्मोही व्यास, प्रदीप नेपाल, नीलम कार्की 'निहारिका' र भूपिनको शुभकामनाका शब्दहरूले कृतिको उचाइ थपेका छन् । पुस्तक लेखनदेखि प्रकाशनसम्मका अग्रज, अनुज सम्पूर्ण पात्रहरूप्रति कृतज्ञता व्यक्त गरिएको छ ।

यस यात्रासंस्मरण निबन्धसङ्ग्रहमा २१ वटा निबन्धहरू समेटिएका छन्, जसमा जापान जाँदा र आउँदा त्यहाँको बसाइँमा देखिएका, भोगिएका र मनन गरिएका भावनात्मक तरङ्गहरू यसमा प्रवाहित छन् । कुनै बनावटीपन नभईकन यात्रासंस्मरणको शैलीमा लेखिएका सबैजसो निबन्धहरूमा नेपाली राष्ट्रवादी भावनाको प्रबलता र व्यापकता विद्यमान छ । यसभित्रका विषयसामग्रीलाई शीर्षकअनुरूपको समीक्षकीय विषयसामग्री निम्नानुसार छः

(२) कृतिभित्रका आन्तरिक उपकरणहरू

दोस्रो विश्व युद्धले तहस-नहस भएको समुद्रको नुनिलो पानीले चुसेको, कुनै खनिज सम्पदा नभएको त्यो देश ७०-७५ वर्षको इतिहासमा संसारलाई पछाडि पार्दै एशियाको प्रथम विकसित देश कसरी भयो ? त्यसको पछाडि उनीहरूको कर्मशीलता कस्तो रह्यो ? जापान र नेपालबीच के-कस्ता कुटनैतिक र सांस्कृतिक सामीप्यता छन् ? साहित्यक मूल्य र मान्यताहरू कस्ता छन् ? उनीहरूको कर्मशील जीवनपद्धतिबाट नेपालीहरूले मनन गर्नुपर्ने कुराहरू केके छन् ? के-कस्ता कारणबाट हामीहरू पछाडि परिआएका छौँ ? जस्ता विषयसामग्रीहरूलाई कतिपय सन्दर्भमा लेखिकाले यक्षप्रश्न बनाएको अवस्था छ ।

बादलपारिको देशमा : जापान पुगेर, घुमेर, बसेर, देखेर आउने अनेकौँ लेखकहरूमध्ये प्रभा बराल पनि एक हुन् । २०६८ साल कात्तिकमा डेढ महिना र २०६९ साल कात्तिकमा चार महिना गरी जम्मा साढे पाँच महिना प्रथमपटक सकल र दोस्रोपटक एकल यात्रा गर्दाको संस्मरण कृति पनि हो यो मझौला र छोटा आयतनमा आधारित रहेको यो सङ्ग्रहको लामो आयतन यसै शीर्षकमा छ । त्रिभुवन विमानस्थलभित्रको कर्मचारीतन्त्रको दशा, दुर्दशा, सबै पूर्वाधार भए पनि मानसिक दरिद्रताको दृष्टान्त, जहाज देखेपछि लेखकको मनमा उद्वेलित तरङ्ग, जेटविमानभित्रका परिदृश्यको चित्रण, एयर होस्टेज र विमानका यात्रीको स्थिति, छोराछोरी र आफू तीन जनाको यात्रा वृत्तान्त, वृद्धा सासूआमालाई छोडेर जाँदाको चिन्तातुर मनस्थिति, नेपालमा प्रयोग हुने जापानी सामान र त्यस्तो देश प्रत्यक्ष देख्दाको अनुभूति, जापानबारे सुनिएका चर्चित भनाइको उद्धरण, जहाजभित्रको व्यवस्थापन पक्षको चित्रण, जेटविमान चढ्दाको विशिष्ट अनुभूति, हवाइजहाज-जेटयात्राको अनुभूति विस्तारका क्रममा यात्राका उपक्रमको विवरण, सन्ततीको यात्रागत प्रसन्नता, थाइल्याण्डको अवतरण, सुवर्णभूमि विमानस्थलभित्रको परिदृश्यका बीच समुद्रमन्थनको फोटो, त्यहाँको खानपिन सामग्री वृत्तान्त, डायरीका पृष्ठहरूमा अनुभव लेखिरहेको अवस्था, ट्रान्जिटको विश्रामपछि पुनः जापानका लागि जेटमा चढ्दाको मनोदशा, जापानको प्रातःकालीन समयमा जहाज अवतरणपश्चात् जापानको दोस्रो ठूलो अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरणपछि पुनः घरेलु विमानद्वारा मासुयामा विमानस्थलका लागि

उडानको क्रममा श्रीमान्‌को अतिस्मरण, अवतरणपश्चात् पारिवारिक मिलनका भावुकतापूर्ण दृश्यचित्रसँगै अनुभव गरिएका र आँखामा सजाइएका जीवनका सपनाहरूको विस्तृत विवरण तयार गर्ने मानसिक अनुभूतिका वृत्तान्तहरू यसमा आएका छन् ।

दोस्रो शीर्षकमा एहिमे विश्वविद्यालयका विशेषतामा श्रीमान्‌को उच्चशिक्षा, नेपाली प्राध्यापक र जापानी प्राध्यापक हेको सौहार्दता र सहयोगको चर्चा, पढाइको खर्च र व्यवस्थापनको चर्चा, पारिवारिक परिचय, समाजसेवाबारेको चिन्तन-मनन, फ्लोरेन्स नाइटिङ्गेलसँगै नेपाली समाजसेवी नारीको विशेषता र उपलब्धि, वृद्धावस्थामा भोग्नुपर्ने कठिनाइ, नेपालको राजनीतिका दुर्दशाबारेको राष्ट्रिय चिन्ता र चासो, छोराछोरीका बालसुलभ चञ्चलताको चित्रण, जापानजस्तो देशमा अतिविलासी विद्युतीय सामग्रीहरू पनि सहज आपूर्ति, एहिमे विश्वविद्यालयको समाजसेवी चरित्र, त्यहाँको भौतिक व्यवस्थापनको चर्चा-परिचर्चाका बीच यस शीर्षकमा अनुभूतिपरक सामग्रीहरू सजाइएका छन् ।

निकास नपाएको उल्झन तेस्रो शीर्षक हो । यसभित्र आफ्नो देशबारे चिन्तन गर्नु, सन् २०१२ को लुम्बिनी भ्रमण वर्ष र नेपालका प्रधानमन्त्री माकुनेसँगको साक्षात्कर, जापानी र नेपाली विद्यार्थीहरूको वृत्तचित्रको प्रदर्शन, नेपालीहरू र विद्युतीय सामग्रीको उपयोगबारेको साक्षात्कार, वृत्तचित्रको प्रदर्शनपछिका भेटघाट, भोज-भतेर आदिको चर्चा, बोली-वचन र व्यवहारमा देखिने जापानीहरूको नमुनामय शिष्टाचार, माकुनेसँग भेटेर सविस्तार कुरा गर्ने चासो र अवसरप्राप्ति, विदेशमा देखेको कुरालाई नेपालमा प्रयोग गर्ने इच्छाशक्तिको अभाव यी सबै भावनाको कवितात्मक प्रस्तुति कार्यक्रम समापनपश्चात्‌को पैदलयात्राका क्रममा जापानको अपराधी समूह 'याकुचा' को चारित्रिक वर्णन, रात्रिको समयमा पनि सुरक्षित भएको अनुभूति र आफ्नै देशको अवस्थाका बारेमा यो शीर्षकका विचारहरू केन्द्रित छन् ।

श्रद्धाका दुई थुँगा फूल : जापानको हिरोसीमामा सन् १९४५ अगस्त ६ तारिकमा अमेरिकाले 'लिटिल ब्वाय' नामको अणुबम प्रहार गरी खण्डहर बनेको क्षेत्र हो । हिरोसीमा विश्वभरका सभ्य र शान्तिका हिमायती मान्छे र मानवसभ्यताको कलङ्क पनि हो त्यस ठाउँको घटना । जापान जाने संसारभरकै पर्यटक पुग्ने त्यो मरूभूमिमा लेखक पुगेर उनले देखेका जे-जस्ता परिदृश्यहरू छन् । त्यसको सविस्तार वर्णन-विवरण यो शीर्षकमा केन्द्रित छ । विद्यालयीय जीवन, छात्र-छात्राहरूलाई त्यसबारे पढाउनु, आफू भएको ठाउँबाट त्यो ठाउँमा पुग्दा सहयोगी साथीहरूको आत्मीयतापूर्ण सहयोगको उच्च मूल्याङ्कन गर्नु, पानीजहाजको रमणीय पारिवारिक यात्राको सुन्दर प्रस्तुतीकरण गर्नु, जलमार्ग, स्थलमार्ग र विकासप्रतिको उनीहरूको लगावलाई प्राथमिकताका साथ चित्रण गर्नु, अणुबम

प्रहारपछि हाहाकारमय अवस्थाको रोमाञ्चक वर्णन गर्नु, बमले ध्वस्त बनाएको हिरोसीमालाई पूर्ववत् अवस्थामा पुऱ्याउने जापानी सरकार जनताको उच्च मूल्याङ्कन गर्नु, नष्ट-भ्रष्ट भौतिक सम्पदाको सङ्ग्राहलय बनाएर त्यहाँ पुग्ने संसारभरका पर्यटकहरूलाई स्तब्ध तुल्याउनु, विकिरणबाट ग्रस्त क्यान्सर भएर हजारौँको सङ्ख्यामा मान्छे मर्नु, त्यहाँको अवस्था देखेर पुग्ने पर्यटकहरू अत्यन्तै भावविह्वल बन्न पुग्नु, पर्यटकहरूका दृष्टिकोणको अभिलेखीय व्यवस्था हुनु, लेखकले संसारमा भए गरेका युद्धको संस्मरणजन्य चित्रण गर्नु, नेपाली माओवादी द्वन्द्वलाई पनि समेट्नु, फर्कनेक्रममा देखिएका प्राकृतिक र सांस्कृतिक विशेषतामाथि प्रकाश पार्नु, देखेका र त्यहाँ भोगिएका समग्र घटनाक्रमलाई मुवी क्यामराले जस्तै चित्रण गर्नुमा यो शीर्षक केन्द्रित छ जसको आयतन पृष्ठ १६ हुनुमा यसका विशेषता छन् ।

जहाँ आया र पियन हुँदैनन् : भन्ने शीर्षकमा नेपाल र जापानको शैक्षिक अवस्थाको चित्रण, स्थलगत निरीक्षणका क्रममा देखिएका समग्र शैक्षिक विशेषताको लेखाजोखा यसमा छ । विद्यालयीय परिवेश, बालमैत्री कक्षा, शिक्षक र विद्यार्थीबीचको पारिवारिक तथा मायालु वातावरण सामुदायिक विद्यालय र शिक्षाको गरिमा शिक्षक, विद्यार्थी र विद्यालयको भौतिक व्यवस्थापनको चर्चाका साथ यसको समापन भएको छ ।

साकुरा फुल्ने देश : यसभित्र जापानको राष्ट्रिय फूलमात्र नभई जापानलाई फूलको सौन्दर्यका दृष्टिले विश्वमै परिचित गराउने र जापानभरि राष्ट्रिय पर्वका साथ विशेष महत्त्व दिने कुराको वर्णन छ भने नेपालमा आरूको बोटजस्तै सम्पूर्ण पात ढाकेर फूल्ने यो साकुरा कुनै समयमा नेपालबाट नै चराले पुऱ्याएको भन्ने पढ्ने अवसर म आफूले पाएको थिएँ । 'हानानी' भनेर सम्बोधन यो फूलको बोटमुनि बसेर मनोरञ्जन गरिएका समग्र अनुभूति यसमा आएका छन् । यो शीर्षकमा जापानको साकुरा र नेपालको लालीगुराँसका अतिरिक्त उनीहरूले गरेको नदी संरक्षण र उपत्यकाका हाम्रा नदीको दुर्दशाबाट लेखकमन कुँडिनु, इसीते नदीलाई सफा गर्दै रहेका दृश्यचित्रको वर्णन गर्नु, नेपालका विष्णुमती र बागमती नदीसँगै इसीते नदीमाथि सुन्दर कविताका पङ्क्ति रचना गर्नु जीवन एक प्राध्यापकको उद्धरण दिँदै इसीते नदीको सौन्दर्यपान गरी बिदाइ हुनुमा यसभित्रका सामग्री आएका छन् ।

ओकाइदो मेलाभित्र : जापानको प्रसिद्ध मेलाको अवलोकन भ्रमण र मनोरञ्जन गरिएका पारिवारिक विवरण यसमा आएका छन् । संस्मरणमा पोखराको 'ढुङ्गेसाँघु मेला' को उठानबाट बालमस्तिष्कमा पार्ने प्रभाव र कौतूहलतामाथि चिन्तन गर्नु, मान्सुयामा इन्टरनेसनल सेन्टरले विदेशी विद्यार्थीहरूको प्रतिनिधित्व हुनेगरी गरिएको सांस्कृतिक कार्यक्रममा हरेक देशका विद्यार्थीहरूले आफ्नो

संस्कृतिको परिचय दिएजस्तै नेपालीको प्रस्तुतिलाई जापानीहरूले अभिरुचिपूर्वक अवलोकन गर्नु, परिवारका साथ गएको उक्त भेलामा सामग्री खरिद, खानपिन, घुम्नुको आनन्दका अनुभूतिलाई संस्मरणका रूपमा यस शीर्षकभित्र सजाइएको छ ।

ओफुरो : यस शीर्षकले ओसाका सहरमा रहेको युनिभर्सल स्टुडियो अवलोकनका लागि जाँदाका पारिवारिक संस्मरण यसमा छन् । तीनतले पानीजहाजबाट यात्रा गर्दाको अनुभूति र जहाजभित्रको व्यवस्थित व्यवस्थापनमाथि प्रकाश पार्नु, तातोपानीका कृत्रिम कुण्डको वर्णन-विवरण भौतिक परिवेश सबैखाले मान्छे नाङ्गा भई कुण्डमा डुब्दा प्राप्त हुने आनन्द र हाम्रो सभ्यताअनुसार सर्वदृश्य रूपले नग्न हुन नहुने सामाजिक मर्यादा, सदावहार स्वस्थ रहनका लागि बनाइएका ती कुण्डको महत्त्व उपयोगिता शारीरिक आनन्द र सुस्वास्थ्यका साथै विभिन्न नैतिक-अनैतिक मूल्य र मान्यतामाथि पनि लेखकको चिन्तन अभिव्यक्त भएको छ । प्रारम्भमा ओफुरोको क्रियाकलाप अप्ठ्यारो भए पनि परिवेशअनुरूप पुस्ता-पुस्ताका बीच अभ्यस्त हुनु, जापानीहरू दीर्घजीवी हुनुमा आफुराको उपयोगलाई महत्त्पूर्ण ठान्नु र त्यसका समग्र फाइदामाथि प्रकाश पार्नुमा यो सामग्री केन्द्रित छ ।

रोलर कष्टरमा फनफनी : यो बाह्र पृष्ठको विवेच्य सामग्रीपरक आयतन लिनु, अमेरिका, स्पेन, चीन र सिङ्गापुरको जस्तै जापानको प्रसिद्ध युनिभर्सल स्टुडियो अवलोकनार्थ भ्रमणमा जानु, पानीजहाजबाट गएका कारण त्यसभित्रका समग्र वस्तुतथ्यमाथि प्रकाश पार्नु, ओसाका शहर भौतिक विकास, युनिभर्सल स्टुडियो हेर्ने व्यग्र प्रतीक्षा, नेपालमा सबै कुरा भईकन पनि समुद्र नहुनुको पीडा, सन् १९१५ मा अमेरिकी शैलीमा निर्माण गरिएको यसभित्रका मनोरञ्जनपरक सामग्रीहरूको चर्चा परिचर्चा, विद्युतीय करेन्ट प्रवाहमा चल्ने, फनफनी घुमाउने र तलमाथि पार्ने पिङ र त्यसको उपयोग गर्दाका तीतामीठा अनुभूति, अन्य मनोरञ्जनपरक वस्तुको उपयोग, स्टुडियोले ओगटेका भूक्षेत्रफल, त्यो समयमा नेपाली १०४५ खर्बको लागतमा निर्माण भएको युनिभर्सल स्टुडियो ओसाका शहरको अन्तर्राष्ट्रिय आकर्षण केन्द्र हो भन्ने निष्कर्ष, डेढ महिनाको पारिवारिक सहयात्रापछि नेपाल फर्कनु पर्दाका अनुभूतिलाई भावुक परिदृश्यकाबीच आफ्नो लोग्नेसँगका प्रणय र अनुरागसँग जोडिएका सुन्दर कविताका पङ्क्तिहरूबाट यसको समापन भएको छ ।

समुद्रमोहमा : जम्मा पाँच पृष्ठको आयतन रहेको छ समुद्र नभएको नेपाल र भारत निर्भर हुँदाका असामान्य घटनावर्णनबाट उठान भएको यस शीर्षकमा समुद्रको महत्त्व उपयोगिता र सौन्दर्यको रसास्वादन भेटिन्छ । समुद्र अवलोकनका लागि नै जीवनसाथीसँग जानु, सन् २०११ को सामुद्रिक भूकम्पबाट

जापानले भोगेका धनजनको क्षतिको चर्चा गर्नु, जापान पुगेर कर्मशील बनेको नेपाली देख्दा आनन्द मान्नु, आफ्नो कर्ममा नितान्तै व्यस्त देखिने जापानी जीवन पद्धतिको सम्मान गर्नुमा यो शीर्षक केन्द्रित छ ।

फेरि जापान : २०६९ सालमा चार महिनाको लागि जापान जाँदाको सम्पूर्ण यात्रावृत्तान्त यसमा आएको छ । जापान जाने नेपाली, त्रिभुवन विमानस्थलका परिदृश्य, जहाजयात्राको मनोतरङ्ग, अगाडिको यात्रा र यो यात्राको भिन्नता, भावनात्मक अनुभूति, छोराछोरीको चिन्ता र चासो, हङकङको ट्रान्जिटमा परिवारको संस्मरण र त्यस ठाउँको दृश्यचित्रको वर्णन, जापानकै दुई विमानस्थल बदलेर श्रीमान् भएको ठाउँमा पुग्दाको अनुभव र साथीलाई पुनः भेट्न आएको अनुरागपूर्ण कविताबाट यसको समापन भएको छ । दश पृष्ठमा यसका सामग्री सजाइएका छन् ।

किमोनो : शीर्षकका विषयसामग्रीले पाँच पृष्ठको आयतन लिएको छ । जापानमा आफ्नो देशका महिलाले लगाउने परम्परागत पोसाकलाई किमोनो भनिएको हो । त्यस कार्यक्रममा जाँदा छोराछोरीले गाएका गीतको रोचकता यस पोसाकको मर्म र महत्त्व, रङ्गप्रतिको आकर्षण, नेपाल भनेर नबुझ्ने जापानी नागरिक, जापानीहरूको सांस्कृतिक निष्ठा र सम्मान, राष्ट्रिय पोसाकप्रतिको अभिरुचिलाई आफ्नो देशको पनि सभ्यता र संस्कृतिसँग लेखकका संस्मरण किमोनो माध्यम बनेर आएका छन् ।

जापानमा पनि झारफुक : यसले छ पृष्ठ ओगटेको छ । जापानमा नै रहेकी लेखककी परिचित साथी विमला खतिवडासँग भ्रमण गरेका अनुभव वृत्तान्त यसमा आएका छन् । यात्राको रमणीयता र सौन्दर्यको चर्चा गर्नु, सौर्यऊर्जाको बहुआयामिक पक्षमाथि प्रकाश पार्नु, जापानको रेल व्यवस्थापन, विकसित देशमा पनि तन्त्रमन्त्रमा लागेकोमा आश्चर्य मान्नु, देश जतिसुकै सम्पन्न भए पनि त्यस देशको संस्कार, संस्कृति र सभ्यता अविभाज्य पहिचान बन्नु, नेपाली झारफुक विधि र जापानीज विधिमा समानता देख्नु, महिलाहरूले चलाउने गरेका सवारी साधन र ट्राफिक नियमको चर्चा गर्नु आदि विषयसामग्री यसभित्र आएका छन् ।

जापानीज वाइफ अमेरिकन लाइफ : यस शीर्षकले दश पृष्ठको आयतन ओगटेको छ । रोजगारीका लागि जापानी भाषा राम्रो साथीको साथ अ.वा. मा जानु, जापानको भूबनोट चारैदिशामा बराबर आकारको हुनु, लन्डनमा बसेकी बहिनीसँग अ.वा. बारे लामै कुराकानी हुनु, काम गर्नुपूर्वका आवश्यक सर्त, वर्कपर्मिट, कामको प्रकृति र पारिश्रमिक, नेपालमा श्रीमान्को साथीमात्र भएको स्थिति, यातामाहा होटेलको काम, नेपालीहरू जतिसुकै विज्ञ भए पनि विदेशमा श्रमिक नै बन्नुपर्ने चरित्र, रोजगारीपश्चात् बैङ्क खाता, बिमा, पोसाक, शारीरिक स्वरूप, आफूले काम पाउँदा इर्ष्या गर्ने केही नेपाली चरित्र, समयको पूर्ण

परिपालना गर्ने चरित्र, जापानीहरू आर्थिक रूपले सबल हुनुमा असाधारण सीप र श्रम, भाषिक क्षमता हुनुपर्ने स्थिति, हप्तामा पाँच दिन चार घण्टाको दरले काम गर्दा नेपाली सत्तरी हजार कमाइबाट पूर्णतया नयाँ उत्साह, श्रीमान्लाई बोझ नबनाई आर्थिक रूपले आफै सबल बन्ने लेखकीय स्वाभिमान, जापानी आमाहरूको असाधारण श्रमशीलता भएको कारण अमेरिकी सम्पन्न जीवनको सन्दर्भ, जस्तोसुकै कठिन काम पनि गर्न लालायित नेपाली, काममा पटक्कै नपाउने जापानी संस्कारलाई नेपालीले अवलम्बन गरे देश चाँडो समृद्ध हुने लेखकीय निष्कर्ष र समय खेर नफाल्ने सन्देशप्राप्ति आदि विषय चिन्तन यसभित्र छन् ।

सुन्तला र रोबोट : यस शीर्षकभित्र पन्ध्र पृष्ठका आयतजन्य सामग्री विद्यमान छन् । चार महिनाको बसाइँ, एक ठाउँको कामबाहेक अन्यत्र पनि काम पाए गर्ने सोच लेखकमा आएको छ । रोबोट अर्थात् यन्त्रमानवबारे लेखकले सुनेका र पुस्तकमा पढेका कुराको वर्णन, जापानमा गरिने सुन्तला खेतीप्रतिको जिज्ञासा, जस्तोसुकै काम पनि गर्नुपर्दछ भन्ने लियोटाल्सटायको प्रेरणा, श्रीमान्का परिचित र नेपालबारे जानकार भएका जापानीले आफू र जीवनसाथीलाई सुन्तला खेतीबारे दिइएको काम, बोलेको कुरामा पक्का हुने जापानी चरित्र, जापानीमित्रको घर, बगैँचा, सडक, बाटोको प्रकृति, सुन्तला टिप्ने र गुणात्मकता छनोट गर्ने कार्य, युट्युबका रमणीय गीतको मनोरञ्जनका साथ कामप्रतिको निष्ठा र समर्पण सबै कार्यको समय तालिका, आफ्नो दैनिकी लेखनमा जापानी साहित्य बारेको छलफल, कोचीनावा नमस्कारको संस्कार, पन्ध्र वर्ष जेल बसेका गोविन्द मैनालीको चर्चा, सुन्तला टिप्ने घरमा नै आवसीय सुविधा आदि विषयवस्तु यसमा आएका छन् ।

साइकलका पाइडलमाथि : यो शीर्षकभित्रका विषयसामग्रीहरू मात्र छ पृष्ठमा सजिएका छन् । साथीका साथ दोगोपार्क हेर्ने अभिमतका साथ साइकल चढेर जाने उद्देश्य र कार्यको विवरण, कास्कीको पोखरामा साइकल सिक्दा र चलाउँदाको नोस्टालिज्म स्मरण, काठमाडौंमा स्कुटर चलाउँदाको अनुभूति, जापानमा चलाइने साइकल लेन र ट्राफिक चर्चा, जापानको दैनिकी चलाउन साइकल जान्नै पर्ने बाध्यता, जापानीज साइकलमा घुम्दा सम्पन्नहरूले टक्सन चढ्दाको जस्तो गर्वानुभूति, महङ्गो इन्धन र वातावरण प्रदूषण गर्ने विलासी मोटर-गाडीभन्दा नेपालको पनि कर्मचारीतन्त्रलाई साइकल चलाउनु पर्ने राज्यप्रतिको सुझाव आदि विषयवस्तु यस शीर्षकभित्र अटाएका छन् ।

फुजीमार्टकी वृद्धा : लगभग दश पृष्ठको आयतनमा यसभित्रका वर्णनयोग्य विषयवस्तु छन् । अरबमा महिलाले पाइन्ट लगाउँदा दिइएको सजाय र जापानकी वृद्धाको सक्रियताबीच संवाद हुनु, लेखकले उनको पारिवारिक दैनिकी र वस्तुविनिमयबारे चासो राख्नु, फोहोरमैलाबारेको चासो, जापानी जीवन पद्धति र

संस्कार पद्धतिबारेको ज्ञानप्राप्ति गर्ने लेखकको अभिमत हुनु, शनिवारको दिन छोराको कान दुख्नु र उपचारमा भोगेको कठिनाइपूर्ण घटनालाई यो सामग्रीमा सविस्तार वर्णन गर्नु, जापानबारे विशेष जानकारी लिने उद्देश्यका साथ एउटी वृद्धाका दुई सन्तान चालीस-पैँतालीस वर्षका भईकन पनि अविवाहित रहनु, सन्तान जन्माउने क्रम एकदम कम हुनु, ज्येष्ठ, अपाङ्ग, अशक्त र वृद्ध-वृद्धालाई राज्यले पूर्ण सहयोग गर्नु, हालको अवस्था रहिरहे सन् २०३० सम्ममा जापानमा वृद्ध-वृद्धामात्र रहने हुन् कि भन्ने जापान सरकारको चिन्ता हुनु, अन्त्यमा वृद्धा आमाका साथ अनेकौं भलाकुसारीपश्चात् सामूहिक फोटो लिएर बिदा हुनुसम्मका घटनाक्रमहरू यसमा आएका छन् ।

आत्महत्याको जङ्गल : यस पुस्तकको मूल शीर्षक नै भएका कारण हरेक पाठकमा नयाँ जिज्ञासा उत्पन्न हुन्छ । नयाँ वर्षको चहल-पहलयुक्त समग्र वातावरण, घनाबस्तीको बीचमा पनि शून्यतापूर्ण सन्नाटा, प्रत्येक घरमा जति नै मान्छे भए पनि जुत्ता-चप्पल लुकाएर राख्नै पर्ने सभ्यता, माथि उल्लिखित ठाउँ हेर्न जाने लालसाबीच लेखक र उनको जीवनसाथीसहित दृश्यावलोकन, जीवनभरको दौडधूपका बीच मृत्युपश्चात्को शून्यता र निरर्थकतबाारे मनोदशा, जति धेरै विकास त्यति बढी व्यस्ततापूर्ण जीवनशैलीको बीच निराशा र शून्यताका कारण आत्मशान्तिको खोजीमा जीवन विसर्जन गर्ने चरित्र, बाबाआमा र श्रीमान-श्रीमतीका बीचको संवाद, छलफल र आपसी समस्याका अवस्था, काठमाडौंका घर तथा मान्छेको चित्रण, काठमाडौं आउने सबैलाई घर विचलित हुने गाडी र बैङ्क मौज्दातको महत्त्वाकाङ्क्षाबारेको चिन्तन जापानमा सबै कुरा व्यक्तिवादी हुने चरित्र, एक्लोपन र हीनताका कारण जापानभरि आत्महत्या वृद्धिदर मुख्य कारण, युवापुस्ता असामयिक बन्दै गरेको दृष्टान्त, जापानमा हुने अत्यधिक प्राकृतिक विपत्ति (भूकम्प, बाढी, समुद्री आँधी) बाट असह्य पीडाका बीच अत्यधिक आत्महत्या गर्ने जापानी वृद्धिदर, प्रसिद्ध हिमाल माउण्ट फुजीजस्तै चर्चित 'सुसाइड फरेस्ट' हेर्ने र त्यसको मनोवैज्ञानिक विश्लेषण गर्ने लेखकीय मनोकाङ्क्षा, मार्च महिनामा आत्महत्या गर्नेको संख्या बढ्ने प्रचलन, संभ्रान्त र सम्पन्न भईकन पनि मानसिक पीडाका कारण गरिने आत्महत्या, जङ्गल हेर्ने लेखकीय उत्सुकताबीच त्यही बाटो हिँड्नेलाई अतृप्त जङ्गली राक्षसी आत्माहरूले मानिसमा देहत्याग गर्ने प्रेरित गर्दछन् भन्ने किंवदन्ती, आत्महत्या रोक्ने सरकारी प्रयासको चर्चा, सुसाइड फरेस्टको बारेमा थुप्रै साहित्य लेखिएको सन्दर्भ, रातोबत्ती, तीक्ष्ण साइरन, प्रहरीको दौडाइमा असामान्यताको झलक, नोबेल पुरस्कार विजेता जापानी साहित्यकार यासुनारी कावावाताले ७३ वर्षको उमेरमा गरेको आत्महत्या र हिमदेश र सहस्र सारसको नेपाली अनुवाद, स्नो कन्ट्रीमा नोबेल पुरस्कारप्राप्ति, अमेरिकी साहित्यकारको बूढोमाझी र समुद्र उपन्यास लेखक अर्नेष्ट हेमेङवे र नेपालीमा हास्यव्यङ्ग्यशिरोमणि भैरव अर्यालसम्मको चर्चा छ । संसार परिवर्तन गर्ने साहित्य स्रष्टाले यसरी जीवन

विसर्जन गर्ने चरित्रलाई आधार मानेर यस शीर्षकमा घटनाक्रमहरूले पूर्णता पाएका छन् ।

क्यासल : यो शीर्षकले जापानको कुनै एउटा पर्यटकीय क्षेत्रको प्रतिनिधित्व गर्दछ । एघार पृष्ठको आयतनमा यसभित्रका दृश्यसामग्रीहरूको वर्णन गरिएको छ । रोपवेमा चढेर उक्त दरबारको अवलोकन गर्ने क्रममा नेपाली रोपवेको दूर्दशापूर्ण स्थितिमाथि प्रकाश पार्नु, दरबार वरिपरिका वस्तुस्थितिमाथि ध्यान केन्द्रित गर्नु, घर-व्यवहार, पुरुष-नारी, परिवार, आमा, एक्लै बस्दाको पीडा, श्रीमान्‌को विद्यावारिधि पूर्ण गर्ने र नेपाल फर्किने स्थितिका बीच व्यस्ततापूर्ण जीवनशैली श्रीमान्‌बाट आफूलाई नाम नलिईकन गरिने सम्बोधनबाट उत्पन्न मनस्थिति, घरमा राखिएको केटीको जीवनमा घटेका घटना, नेपाल फर्कनुको हतारो, दु:ख पाएको मान्छेलाई असल मान्छे बनाउने सपनामा तुषारापात भएको दृष्टान्त, सन्ध्याकालीन परिदृश्यको कवितात्मक प्रस्तुतिका बीच यसको अन्त्य भएको छ ।

कस्तुरीजस्ता हामी : लगभग छ पृष्ठको आयतनमा यो सामग्री सजाइएको छ । जापानबाट घर आउँदासम्मका विवरणबाहेक काम गर्न र पढ्ने अवसर दिएकी केटीबारे यो अध्याय केन्द्रित छ । जापान पुगेको मान्छे अब फर्केर आउँदैन भन्ने विद्यालय परिवारको सोच र पैसालाई सबैथोक गन्ने नेपाली संस्कारका बीच हामीभित्र सबै कुरा भईकन पनि केही नभएको दरिद्र मानसिकता चित्रण यसमा छ । घर-माइती आफ्नो योग्यता श्रीमान्‌को योग्यता अभिवृद्धि गुणग्राहीलाई पहिचान गर्न नसक्दा 'भिल्लको देशका मणि' भएका छौं । कस्तुरीले आफूभित्रको सुगन्ध खोज्न अन्यत्र भौतारिएझैँ हाम्रो अवस्था छ भन्ने यसको सार हो ।

अरिगातो निहोन अरिगातो ओतो : जापानलाई नमस्कार भन्ने अर्थ प्रदान गर्ने यो शीर्षकले एघार पृष्ठको वर्णनको-विवरणजन्य सामग्री लिएको छ । जापानभित्रको समग्र भौतिक समुन्नतिको चर्चा गर्नु, जापानी जीवनपद्धति, मान्छे, समय र कर्मशीलतामाथि प्रकाश पार्नु, त्यहाँको सरकारी संयन्त्र, कर्मचारीतन्त्र, शून्य भ्रष्टाचार, नेपालको परिस्थितिबाट आजित भएका विद्यार्थी र छात्रवृत्ति प्राप्त गरी जापान पुगेकाहरू बढी पलायन हुने चरित्रका बीच देशप्रेम सम्झेर श्रीमान्‌लाई नेपाल ल्याएको स्पष्टीकरण, उनीहरूका विचार, व्यवहार, खानपिन, बिरालो प्रेम, नेपाल-जापान कुटनैतिक सम्बन्ध सन् १८९९ मा जापानी बौद्ध भिक्षुको नेपाल आगमन र बसाइ, राणा प्रधानमन्त्री चन्द्रसमशेरले विज्ञान र प्रविधि अध्ययनार्थ आठ विद्यार्थीहरूलाई जापान पठाइएको सन्दर्भ, नेपाल र जापानका बीच जनस्तरको प्रगाढ सम्बन्धसँगै नेपाललाई सहयोग गर्ने प्रमुख दातृराष्ट्रसँगै आफूले देखेका-भोगेका जापानी संस्मरणको अभिलेखका रूपमा यस कृतिलाई लिन सकिन्छ ।

(३) निष्कर्ष

नेपाली स्रष्टाहरूले जापानबारे लेखेका अनेकौं पुस्तक होलान् तर एउटी नारीले आफ्नो श्रीमान् उच्चशिक्षाका निमित्त जापान गएका र आफू सहयोगी भई छ महिनाजति जापान बसाइ र श्रम गराइका बीच यो यात्रासंस्मरणपरक अनुभवको दस्तावेज भएर आएको छ । पुस्तक पठनबाट प्रत्येक नेपालीले अत्यन्तै कर्मशील भएर लाग्ने हो भने देश बन्न धेरै समय लाग्दैन । यही नै आत्महत्याको जङ्गल भन्ने पुस्तकको सन्देश हो ।

ooo

दशैं

✍ **कमला गौतम**

काठमाडौं महानगरपालिका-१४, काठमाडौं

फूल फुल्यो थुगेसरी आँगनीको डिल
दगुर्दैछ दशैं हेर आयो तलतिर
शान्ति छैन मन अझै किन यस्तो सधै
कताकता चस्स घोंच्छ दुखाइ छ अझै
        खर्च पानी जाँतो-ढिकी कुट-पिस गर्दै
        आमा खुशी छोराछोरी आउँदछन् भन्दै
        रित्तो घर बुढाबुढी मात्र थियौं सधै
        आउँछन् र बस्छु साथ रमाइलो गर्दै
घ्यारघुर्र मही पार्दै हर्पे भरिन् घिउले
छोराछोरी सम्झेर नै बनाएको जिउले
सफा गर्दै घरभित्र बाहिरमा सबै
हटेन है हिलो-मैलो वर्षा दिदै अझै
        कसौंडीमा भात मिठो आगो बाल्दै छिटो
        ओदानमा बसाएर पकाएको मीठो
        दाउरा नि सुकाएर राखेकी छन् आमा
        सेल रोटी पकाएर खुवाउँछिन् आहा !
अगेनामा बसी सबै गरौंला है कुरो
धुँवा भयो नभने है आँखा हुन्छ पीरो
कितलीको चिया मीठो पकाएर खाऊँ
टुकी सम्झैं तर भयो झिलिमिली गाउँ ।

ooo

तिमी को हौ ?

✍ **विश्वप्रेम अधिकारी**
पुतलीबजार-१०, राङ्खोला, स्याङ्जा

ए दिव्यचक्षु वनिता कुन हेतु ह्यँा छौ ?
आफ्ना सुडोल ऊरु तम्ब नचाउँदी छौ ।
वैराग्यश्रान्त मनलाई कहाँ म फालौँ
आमोदक्षीण मनभित्र कहाँ बसालौँ ?

आभा समस्त जगका दृगमा सँगाली,
लावण्ययुक्त मुखमण्डल भाग्यशाली ।
क्या छौ तिमी-हृदयले कसरी सँभालौँ
आमोदक्षीण मनभित्र कहाँ बसालौँ ?

हैनौ तिमी जगतकी म त झुक्किएँ कि
हौ दिव्यदेवरमणी पुरकी परी कि ?
के निम्ति धर्तीतलमा पद चाल्न आयौ
आफै सुटुक्क पदपङ्कज यो फुलायौ ।

एकान्त यो मृदुल-कुड्मल वागभित्र
सौन्दर्यदीप्त वन सम्थर कुञ्जभित्र ।
आनन्दयुक्त भुजपाश अभीष्ट हो कि ?
वा युद्धजन्यध्वनिले व्यथिता बन्यौ कि ?

वा हौ तिमी अपहृता मदमत्तबाट
वा हौ बलात्कृत अवाञ्छित तत्त्वबाट
फाली विषाद मनलाई फुकाउ झट्ट
के भन्नु खै म त भएँ मलिनो बिछट्ट ।

हौ सृष्टिकी सकल कारण कोमलाङ्गी
स्नेहाभिषक्त मनकी नयनाभिषङ्गी ।
होला अवश्य पनि उर्वर मातृलोक,
मिष्ठान्न तुल्य वचनामृत झट्ट बोल ।

धर्ती थियो सकल शान्त उषा समान,
नाच्थे चरी मृदुल चिर्बिरमा बिहान ।
तर्सेर दूर सब भागिगए निशामा
बास्ना सबै प्रकृतिको फिँजियो हवामा ।

ooo

आमालाई शुभकामना !

✍ मित्र 'उराठी' गौतम
अमरपुर, गुल्मी
हालः तिलोत्तमा न.पा-२, जानकी नगर

ए साथी
आऊ न एकछिन
आज मेरी आमाको
जन्मदिन हो के !
फेसबुकमा
जन्मदिनको शुभकामना लेख्नु छ
आमासँगै खिचेको
यही फोटो राखेर
शुभकामना लेख्नु छ तर
अलि मिलाएर
इडिट गरिवरी
फूलबुट्टा भरिदेऊ न
जस्तो पहिले
आमाको मुख हेर्ने दिनमा
मिलाइदिएका थियौ ।

यही बुहारीसँग
मिल्न नसकेर त हो
त्यो दुर्गम गाउँमा
एक्लै बस्नु परेको ।

आखिर बुहारीको
केही कुरा सहेर
बसेको भए
के नै बिग्रन्थ्यो र ?
बिहान बुहारी उठ्नु अगाबै
बढारकुँडार, झाडुपोछा
सिद्धाइसके त
किन किचकिच पर्थ्यो र ?
आखिर गर्नु त छँदै थियो
ढिलो गरे पनि
बिहानै गरे पनि

कमसेकम बुहारी उठ्ने बेला
टायल, मार्वलमा
चिसो नरहोस्
कतै चिप्लिएर नलडियोस्
त्यति नै हो कुरा
नाजायज के नै पो थियो र ?

बिचरी बुहारी पनि
दिनभर अफिसको थकाइ
साँझबिहान
छोराछोरीको रेखदेख

कति मात्र भ्याओस्
केही काम सघाउँदा
के मुस्किल थियो र ?
कुँजिएर बस्नु भन्दा
केही व्यायाम पनि त हुन्थ्यो ।

गोरु बूढो भए
भिर खोज्छ
मान्छे बूढो भए
निहुँ खोज्छ
त्यसै त बनेको
रहेनछ उखान !
जमानाअनुसार
चल्नै नसक्ने

बुहारीको व्यवहारमा
ढल्नै नसक्ने
अनि बुहारीलाई दोष लगाएर
बुढेसकालमा त्यो गाउँमा
दुःख सहेर
बस्न चाहिँ सक्ने ।
त्यसैले साथी
आमाले फेसबुक
नचलाएर के भो र
तिमीले इडिट गरेर
बनाइदिएको सुन्दर
जन्मदिनको शुभकामना पोष्टमा
मेरा आफन्त, साथीभाइबाट
थुप्रै-थुप्रै
लाइक र कमेन्ट आउँदा
मनै आनन्दित हुन्छ
म हर्षले गदगद् हुन्छु
त्यसै-त्यसै पुलकित हुन्छु
त्यसैले साथी
मेरी आमाको जन्मदिनमा
सुन्दर डिजाइन गरिदेऊ
जस्तो
तिमीले तिम्री आमाको
जन्मदिनमा बनाएका थियौ ।

ooo

फर्क साथी

✍ **प्रदीप प्रखर पोखरेल**
रेसुङ्गा न.पा.-१४, पराल्मी, गुल्मी

तिमी टेक्सासको मिनरल वाटर पिउँदै गर्दा
यता ठूलोखोलाको छङ्छङ् गर्ने पानी
तिमीलाई सम्झिदै तिमी कुल्चेर जाने ढुङ्गालाई प्यास मेटाइरहेको छ

तिमीले सिड्नीमा वाइट कफी पिउँदै गर्दा
तिमीले परारसाल नुन दिएको माली बाच्छी
अहिले बकेर्नो बनिसकेर गोशालाको माटो पवित्र पारेको छ ।

तिमी रेगिस्थानमा ऊँट चराउँदै
गर्दा यता तिमीले चराउने बाख्राको पाठी बेपर्बाह साउनेतिर मन्द्राएको छ
तिमी परदेशमा कागजको फूल किन्दै गर्दा
आगनको गुर्दौली फक्रिएको छ, फर्क साथी
तिमीलाई रेसुङ्गाको चिसो हावाले बोलाइरहेको छ ।।

ooo

चलन

✍ **शंकरप्रसाद गौतम**
रेसुङ्गा नगरपालिका, गुल्मी

हरिकृष्ण उपाध्यायको चार जनाको परिवार थियो । उनकी श्रीमती यशोदा, जेठो छोरा निश्चल, कान्छो छोरा अनुराग आज सबै जम्मा भए । कान्छो छोरो अनुराग लोकसेवा उत्तीर्ण गरी वडा सचिव भएर आफ्नै गाउँपालिकामा आयो । जेठो छोरो निश्चल बेकम्मा घरमै बसेको थियो । एउटाले बाबुको इज्जत बढाएको थियो । अर्कोले नाक काटेको थियो ।

हरिकृष्ण उपाध्याय गाउँका शिक्षक थिए । शिक्षाको ज्योति फैलाउन सक्दो प्रयास गरेका थिए । उनले भन्थे "शिक्षाभन्दा ठूलो कुरा संसारमा केही छैन । शिक्षा कसैले चोर्न, हरण गर्न, खोस्न, लुट्न सक्दैन शिक्षाबाट पद, मान, सम्मान प्राप्त गर्न सकिन्छ । नेता बन्न पनि शिक्षा चाहिन्छ । "हरिकृष्ण उपाध्यायको कान्छो छोरो अनुराग पढ्न तेज थियो । मेहनती पनि थियो पिताको अर्तीलाई शिरोधार्य गरेको थियो । जेठो छोरा निश्चललाई पिताको अर्ती, भालुलाई पुराण सुनाए जस्तो भयो । उसले शिक्षाको महत्त्व बुझेन । बाबुले सम्झाउँथे । आमा यशोदाले पनि हलो जोत्ने भइस् भनेर गाली गरिरहन्थिन् तर केही सीप लागेन ।

दुई वर्षका फरक भए तापनि दुई भाइ एउटै कक्षामा पढ्ने गर्थे । पढ्न नआउने त होइन निश्चललाई तर पढ्दै नपढेपछि कसको पो के लाग्छ र ? निश्चल र अनुराग दुबैले एस.एल.सी. परीक्षा दिए । रिजल्ट आयो । अनुराग फस्ट डिभिजनमा उर्त्तीण भयो, सहरमा पढ्न गयो । निश्चल फेल भयो र गाउँमै बस्यो । ऊ आबारा भयो ।

एक दिन एउटा राजनीतिक दलले नेपाल बन्दको आयोजना गरेको रहेछ । निश्चल बेवारिसे तालमा हिडिरहेको थियो । दलका कार्यकर्ताले एउटा गाडी आगजनी गर्दै थिए । निश्चलले हेरिरह्यो । त्यसैबीच प्रहरी आए । अरू भागे । निश्चललाई प्रहरीले गिरफ्तार गर्‍यो । निश्चललाई छुटाउन सम्बन्धित पार्टीका मान्छेहरू थानामा गए । परन्तु हरिकृष्ण निदाउन सकेनन् । एकातर्फ कान्छो छोराले खुसी दिएको थियो भने अर्कोतर्फ ठूलो छोराले दुःखी बनाएको थियो । यशोदाले सोधिन्- होइन बुढा ! आज कान्छो छोरा अनुराग जागिरे भएर आयो तपाईं खुसी हुनुहुन्न ?

हरिकृष्णले भने- "यशोदा ! छोराहरूको विवाह गर्ने बेला भयो । अनुराग जागिरे भएर आयो । उसले केटी सजिलै पाउँछ । ठूलो छोरो निश्चल लम्फू छ ।

त्यसलाई कसले केटी देला र ? दाइको विवाह नगरी भाइको कसरी गर्ने ? मलाई त चिन्ता लागिराछ । " यशोदाले श्रीमान्को चिन्ता दूर गर्न भनिन्- "हुन दिनुस् भाग्यमा जे लेखेको छ, त्यही हुन्छ" । त्यसको केही समयपछि स्थानीय तहको निर्वाचनको घोषणा भयो । पार्टीहरूले उम्मेदवार खोज्नेक्रम जारी थियो । गाउँमा एउटा पार्टीको बाहुल्यता थियो । आकांक्षी धेरै भए । टिकट बाँड्न विभिन्न मापदण्ड बन्न थाले, कसै गरी पनि मिलेन । अन्तिममा पार्टीको लागि जेलनेल वा हिरासत बसेको व्यक्तिलाई उम्मेदवार बनाउने मापदण्ड बन्यो । सो व्यक्तिको खोजी भयो । खोज्दै जाँदा पालिकाभरमा एक महिना हिरासत बसेको एउटा व्यक्ति फेला पर्‍यो । हरिकृष्ण उपाध्यायको जेठो छोरा निश्चल ।

बिहान एक हुल व्यक्ति हरिकृष्णको घरमा गए । निश्चललाई अबीर माला लाइदिए । हरिकृष्ण, यशोदा, अनुराग स्वयं निश्चल पनि अचम्ममा परे । के भो हजुर भन्दै हरिकृष्ण सोद्धै थिए । निश्चल हाम्रो गाउँपालिकाको अध्यक्षको उम्मेदवार भन्दै उचालेर लगे । मनोनयन दर्ता भयो । हिरासतमा बिताएको योग्यताको आधारमा निश्चल गाउँपालिका अध्यक्षमा निर्वाचित भयो ।

विजयी जुलुस हरिकृष्णकै घर अगाडि आइरहेको थियो । निश्चल हात हल्लाउँदै थियो । यशोदा र अनुरागले हरिकृष्णको अनुहार हेरें । हरिकृष्णले विस्तारै भने 'चलन' ।

ooo

दशैं

✍ **शकुन्तला ज्ञवाली पौडेल**
कपिलवस्तु न.पा.-३, तिलौराकोट, तौलिहवा

असोज महिना, क्या राम्रो मौसम, वर र परैमा
देशपरदेशबाट आफन्तहरू फर्किए घरैमा

दुर्गाको पूजा, लिङ्गेपिङ मजा, रमेका सबै छन्
लिपपोत गरी सजेका घरमा, मालश्री गुन्जन्छन्

ठुलाका हात, सानाका माथ, पवित्र भेटघाट
आशीरवाद लिएर हिंड्छन् सन्तान घरबाट ।

ooo

आमाको कलेस

✍ **तुलसी गौतम**
वानेश्वर, बुद्धनगर

"तिम्रो छोरालाई ढकनेको पोको लगाउँदा मेरो छोरालाई किन संझिनौ ?" अदृश्य आत्माले देखाएको सपना ।

माथिको आमालाई मेरो स्वर्गीया आमाले सपनामा भनेको यो कुराले आमाको छोरा मप्रतिको कलेस कति रहेको रहेछ, कसरी मरिसकेकी आमाले भाइ शंभुलाई उनको आमाले ढकनेको पोको बाटोमा खान बनाइदिएको र मलाई नबनाइदिएको कुरा थाहा भयो, अदृश्य आत्माले आफ्ना सन्ततिमाथि देखाएको यस्तो कलेसको यो रहस्य मैले बुझ्न सकेको छैन ।

आमा बितेको करिब दुई हप्तापछि काज किरिया सकेर माथिको भाइ शंभु र यो पङ्तिकार काठमाडौं जाने क्रममा बिहानै घरबाट निस्किएका थियौँ । अहिले जस्तो बाटोमा हिड्दा मःम, चाउमिनका होटल थिएनन्, पैसा पनि थिएन । बाटोमा हिड्दा घरबाटै खाजा लिएर जानुपर्दथ्यो । दिउसो खाजाको रूपमा उनको आमाले 'ढकनेको पोको" राखिदिनु भएको रहेछ । मेरो भने खाजाको पोको बनाइदिने कोही छोरी मान्छे घरमा थिएन, आफ्नो पनि सौँच भएन, एक बहिनी पनि आफ्नै घरमा थिइन् । भाइलाई उनको आमाले पोको बनाइदिएको र मेरो नभएको परिदृश्य मेरी स्वर्गीया आमाले कतैबाट नियाली रहनुभएको रहेछ । यो छोराप्रति आमाको ठूलो कलेस रहेछ । त्यसैले हामी घरबाट निस्केको दिन राति माथि आमा (शंभुको आमा) लाई सपनीमा यो माथिको कुरा भन्नुभएको रहेछ ।

ढकने भनेको चामललाई घिउमा भुटेर दूधमा पकाएको एक स्वादिष्ट पाक हो । लुम्बिनी र गण्डकी प्रदेशको पहाडी जिल्लाहरूमा बटुवाहरूले घरबाट हिड्दा दिउसो खाने खाजा यो थियो । अहिले बाटामा होटल छन्, खान पैसा छ । पोको हराएको छ । आमाको ममता हराएको छ ।

माथिघरको आमाको बसाइ हाल बर्दियाको गुलेरियामा छ, हालै उहाँको चौरासी पूजामा हामी गएका बेला यो रहस्य उहाँले बताउनु भएको थियो । यो सपना पनि करिब पाँच दशक पुरानो हो । सपना सुनेर र सुनाएर हामी दुबै आमा छोरा भावुक बन्यौँ । मैले उहाँलाई मेरो आमाको रूपमा देखेँ । मुटु झन् भक्कानिदै गयो । फुलेको र सात दशक हुन लागेको यो बुढो छोरो केही क्षण, खुब रोयो, आमालाई खोजेको दश महिने शिशु जस्तै । स्तब्धता छायो । पछि सम्हालिएँ । उहाँ मेरो आमाकी देवरानी र दौतरी हुनुहुन्थ्यो । आमा पनि बाँचेको

भए आज उहाँको पनि चौरासी पूजा हुने थियो । तर दैवीलीला, छ भाइ छोरा र दुई छोरी जन्माएर रक्तस्रावका कारण ३८ वर्षमै ५१ वर्षे पति र ससाना छोराछोरी छाड्नु भएकी आमाले आफ्नो जेठा छोराप्रति गरेको यो कलेसले मातृशक्ति कति करूणामयी हुने रहेछ, । त्यस्तै बित्नुअघि घरमा छाडेको सानो भाइलाई 'बाबु ! बुबा जाऊ' भनेर बुबाको जिम्मा लगाउनु पनि आमाको अर्को कलेस थियो ।

आफ्नो सुख र सन्तानको तत्काल रक्षाका लागि बुबालाई अर्को बिहे गर्न समाजले सुझाउँदा ससाना छोराछोरीहरू स्वाभाविक सौतेनी दृष्टिबाट बिल्लीबाठ हुने डरले बिहे गर्नुभएन । यस्ता हाम्रा माता पिता हुने भएकोले मातृदेवो भव, पितृदेवो भव भनिएको हो ।

सधै परदेश जाँदा मेरो आमाले मीठो परिकार मानिएको ढकनेको पोको बनाएर झोलामा राखी दिनुहुन्थ्यो । दिउसो बाटोमा धारो वा पानी कुवा भएको छहारीमा बसेर आमाको मायाको पोको तीन चार पटक लगाउँदै खाँदै हिड्दाको मज्जा अर्कै थियो । आमाका हातले प्रेमका साथ बनाइएको यो खाना हाम्रो शक्तिदायक हुन्थ्यो, माया ममताको पोकोले मातृस्नेह प्रकट हुन्थ्यो र खाने बेलामा प्रत्येक गासमा आमालाई सम्झिन्थ्यो । यसैगरी आजापूजा वा निम्ता मान्दा समयमा छोरालाई भोक लाग्ला भनेर मिर्सी राखेको, माथि तर लागेको दूध, त्यसमाथिबाट ताजा एक डाडू घिउ खान दिनुहुन्थ्यो । यसले दिनभरी भोक लाग्दैनथ्यो । आमाको त्यो ममता र स्नेह अहिले वर्णन गर्न सक्दिनँ ।

एकपटक लामो हडताल परेपछि घर गएको थिएँ । केही दिनपछि क्याम्पस खुल्ने समाचार रेडियोले फुक्यो । सुनेको अर्को दिन नै काठमाडौं फर्कने भएँ । आमा र म अगेना छेउ बसेका थियौं, बेलुकी पख थियो । आमाले भोलि बिहान जाने कुरा सुन्दा न जाऊ भन्न सक्नु भएन तर उहाँलाइ म जाने कुरा सुन्दा नमीठो लागेको अनुहारले बताउँथ्यो । शायद हाम्रो भेट अन्तिम हुने पूर्वाभास आमालाई थियो होला ।

हामी आमा छोरा उमेरले १५ वर्षका फरक थियौं । बुबा घरमा न बस्ने, विद्यालयको काममा कपिलवस्तु, कहिले काडमाडौं गरिरहने र जेठो छोरा भएकोले आमाको म साथी थिएँ । भाइहरू स-साना थिए । बुहारी ल्याउने उहाँको धोको थियो, रहर थियो, मेरो बिहे हुने चर्चा पनि थियो, भोलि नै हिड्ने सुन्दा आफूले छोराको बिहे देख्न न पाउने मनको कलेस अपूरै रहेको स्पष्ट भाव देखिन्थ्यो । आमा र छोरा दुई जनामात्र अगेनाको छेउँमा बसेका थियौं, बेलुकी साँझपखको समय थियो । कुराकानीका क्रममा "अब कहिले आउँछौ ? भन्ने आमाको सोधाइमा 'एकवर्ष पछि' मेरो जबाफ थियो । आमाले भावुक स्वरमा पुनः भेट हुने प्रति शङ्का गर्दै मेरो मृत्युको खबर पाए कसो गर्लास् ? तँ सोझो छस्

पछि गएर अरूले तँलाई दुख दिनेछन् । मेरो बाबु, तँ कसो गर्लास् भन्दै रूनुभयो । आमा रोएको देखेर म पनि रोएँ । यो रोएको घटना अँस्ति जस्तो लाग्छ, नभन्दै त्यसको तीन महिना पछि भदौमा आमा बिरामी हुनुहुन्छ, भोलि नै घर जाऊ भन्ने खबर पाएँ ।

आमा मानकोटमा ठूली आमाको घर बाँसपाटा तीज मान्न त्यहाँ जानुभएको बेला बित्नु भएको रहेछ । रिडी ल्याएर आमाको शवदाह गर्न आएकाहरूले मेरा आफन्त दाजुलाई काठमाडौंमा आबा गरेका रहेछन्, दाजुले दिदी बिरामी हुनुहुन्छ, भोलि नै जान भन्नुभयो र आमा देख्न पाउने आशाले दुई दिन (एक दिन मोटर र अर्को दिन नौ कोश पैदल) लगाएर घर फर्कँ । मेरो मनमा आमा भेट्न सक्छु कि सक्दिनँ भन्ने द्वन्द्व चलिरहेको थियो । घर पुग्दा सम्म आमा देख्न सक्छु कि भनेर हिडेको, घर भित्र पस्दा साहिलो भाइ सेतो धोतीमा थिए । आमा सङ्ग भेट हुने आशा अब सकियो । मेरो आमा भेट्ने धोको अधुरै रह्यो । कान्छो भाइ डेढ वर्षको थियो, उसले म रोएको देखेर अपरिचित मलाई हेरिरहेको थियो । बुबा मलाई देखेर केही बोल्न सक्नु भएको थिएन । अरू भाइहरू कता थिए, पत्तो पाइनँ । त्यतिबेला आमाको उमेर ३८ लागेको थियो, म २३ वर्ष । पछि मेरो विवाह आमा छँदै कुरा मात्र चलेकी गुल्मी पराल्मीका पं श्रीधर र रूक्मिणी पोखरेलकी छोरी देवी (प्रभा) सङ्ग हुनपुग्यो । यो मेरो लागि पहिले नै तय गरिएको आमाको आशीर्वाद सम्झेको छु ।

आमाको जीवन छउन्जेल मातृहृदय मैले बुझ्न सकिनँ । गएको जेठमा भएको भेट नै मेरो आमासँग अन्तिम हुनपुग्यो । उहाँले आफ्नो मृत्यु हुने अनुमान कसरी गर्नुभएहोला र मलाई संकेत गर्नुभएहोला । अर्को यो रहस्य मैले बुझ्न अझै सकेको छैन । अभावमा वस्तुको मूल्य हुन्छ, यहाँ पनि त्यस्तै भयो । आमाले उतिबेला मलाई लगाइदिनुभएको ढकनेको पोको मेरा लागि यसरी अन्तिम बन्यो ।

ooo

नेपाल विद्युत् प्राधिकरण गुल्मी वितरण केन्द्रको अनुरोध

नेपाल विद्युत् प्राधिकरणका गुल्मी वितरण केन्द्रअन्तर्गतका ६० दिनभन्दा बढी बाँकी बक्यौता रहेका सम्पूर्ण ग्राहकवर्गहरूले विद्युत् महसुल बुझाउन बाँकी भएमा यथाशक्य चाँडो यस वितरण केन्द्रमा सम्पर्क राखी वा अनलाइन माध्यमबाट बक्यौता विद्युत् महसुल बुझाउनुहुन अनुरोध छ । रकम नबुझाएको पाइएमा जुनसुकै समयमा विना सूचना विद्युत् कनेक्सन काटिने ब्यहोरासमेत सम्बद्ध सबैमा जानकारी गराइन्छ ।

दशैं उनासी सालको

✍ पन्थी रामप्रसाद
रेसुङ्गा न.पा.-२, छापटोला, गुल्मी

झरीले दिक्क बनायो दशैं उनासी सालको
यो लामो झरी बाढी र पैह्रो बिर्सला भन को ?

दैवको लीला बुझेन कैले पाखण्डी जगत
देवी र दुर्गा रिसाए कि त बुझ्यौ कि भगत ।

यो बडा दशैं बिती गो यसै घरमै बसेर
झरीले कतै दिएन जान कम्मरै कँसेर ।

बढेर बाढी खसेर पैह्रा गाउँ नै बगायो
दशैंका बेला झरीले हरे खुसी नै भगायो ।

दशैंका टीका जमरा थाप्न हिडेका बटुवा
न पुग्न पाए चाहेको ठाउँ भाग्यका लुटुवा ।

ढलेर पोल छिनेर तार सञ्चार बन्द भो
सतर्क बन झरीका बेला सर्कार भन्दथ्यो ।

विजुली बत्ती झलल पार्ने पर्वका बेलामा
काटियो रात मधुरो दीप बालेर पालामा ।

माछा र मासु खाने यो बेला आँसु भो आँखामा
सन्नाटा मात्र छाएको देखें गाउँ र पाखामा ।

आफन्त भेट्न हिंडेका जन बगायो खोलाले
रूवायो कति दशैंका बेला दैवका खेलाले ?

गर्जिदो मेघ चम्किदो तेज दर्किदो झरीले
उडायो होस सेलायो जोस हुरीको वेगले ।

शरद हो कि वर्षा हो ऋतु अचम्म परियो
निस्किनु छैन बाहिर कतै बन्धक परियो ।

ooo

इतिहासबाट सिक्ने कुरा

✍ **पद्मप्रसाद शर्मा**
घोराही उपमहानगरपालिका-९, दाङ

विगतमा भएगरेका सबै कुराहरू सुन्नु सुनाउनु पढनु पढाउनु इतिहास हो । अतीतकाल वा विगत समयका घटनाहरूको वर्णन नै इतिहास भनेर बुझ्ने गरिन्छ । यसलाई अतीतको अनुसन्धान र छानबीनमा आधारित अध्ययन पनि भन्ने गरिन्छ । यस्ता घटनाहरू साना पनि हुन सक्छन् ठूला पनि हुन सक्छन् । तीता पनि हुन सक्छन् मीठा पनि हुन सक्छन् । कर्णप्रिय पनि हुनसक्छन् अप्रिय पनि हुनसक्छन् । जे भए पनि जस्तो भए पनि इतिहास अतीतको संगालो हो । विगतका घटनाहरू कति लिखित हुन्छन् भने कति अलिखित रूपमा पनि आएका हुन्छन् । एक पुस्ताले अर्को पुस्तालाई भन्दै वा सुनाउँदै आएका कुराहरू पनि इतिहास नै हुन् तर त्यस्ता कुराहरू अलिखित इतिहासभित्र पर्दछन् । यस्ता कुरा सुनाउनुलाई पुस्ता हस्तान्तरण भन्ने गरिन्छ ।

इतिहास निर्माणका पनि हुन्छन् ध्वंसका पनि हुन्छन् । निर्माणका कुरा सुन्दा कर्णप्रिय लाग्नसक्छन् भने ध्वंसका कुरासुन्दा अप्रिय पनि लाग्न सक्छन । तर जसले समाजमा कुप्रभाव पारेको हुन्छ त्यस्तो वस्तु ध्वंस भएको कुरा भने प्रिय नै लाग्ने हुनसक्छन् । विगतका कुरा आज आएर प्रिय लागे पनि अप्रिय लागे पनि सुन्नुपर्दछ । कतिपय इतिहासका कुराहरू आगतका लागि कामलाग्दा हुने गर्दछन् । विगतबाट सिकेर नै आगत सुखद बनाउनुपर्दछ । विगतमा भएका कतिपय घटनाहरू लामो समय पीडा दिने खालका पनि हुन सक्छन् कतिपय ऊर्जा दिने पनि हुन सक्छन् । त्यस्ता ध्वंसका घटना सुनेर त्यस्ता घटनाहरू आगतमा दोहरिन नदिनका लागि सजग हुनुपर्दछ । यही नै इतिहासबाट पाठ सिक्नुको सार्थकता हो । इतिहास श्रवण गरेर वा अध्ययन गरेर पनि आफूलाई होसियार बनाउन नसक्नेहरूका कुरा बेग्लै हुनसक्छन् तर पाठ सिक्नेहरूका लागि इतिहासको महत्त्व धेरै रहेको हुन्छ ।

हरेक मानिसलाई सजग बनाउने भनेको इतिहासले हो । इतिहासले दिएको ज्ञानबाट हाम्रो समाज अगाडि बढेको हुन्छ । त्यसकारण पनि इतिहासको महत्त्व बढेको हो भन्ने लाग्दछ । इतिहासको अध्ययन र श्रवणको कार्यलाई बढाउनु पर्दछ । हामीले विगतका कुरा कम सुन्छौं अनि कम विश्लेषण गर्दछौं । वास्तवमा इतिहास धेरै अध्ययन गर्ने र अत्यधिक विश्लेषण गर्ने गर्नुपर्दछ । विश्लेषणविना कुनै पनि कुराको निष्कर्ष आउन सक्दैन । आफूले सिक्नेमात्र ठूलो कुरा होइन । सिकेका कुरा पालना गर्नु वा अरूलाई उचित किसिमले प्रवाह गर्नु प्रमुख कार्य हो । हरेक मानिस सच्चिने भनेको इतिहासको अध्ययनले हो ।

मानिसले गल्ती गर्छ, कसैले जानाजान गर्छ भने कसैले अनजानमा गल्ती गर्छ । त्यो गल्ती गरेको कुरा विश्लेषण गर्नु र महसुस गर्नु अनि आइन्दा त्यही प्रकारको गल्ती नगर्नु सबैभन्दा बुद्धिमानी मानिन्छ । आफूले गरेको गल्तीले कसलाई के कति क्षति भयो भन्ने बारेमा विश्लेषण गर्नु उत्तम कुरा हो । त्यही प्रकारको गल्ती आउँदा दिनहरूमा नगर्ने वाचा गर्नु इतिहासबाट पाठ सिक्नु सरह हो । कसैको गल्तीले आफैलाई नोक्सान हुने हुन्छ भने कसैको गल्तीले अरूलाई नोक्सान हुने हुन्छ । चाहे आफूलाई हुने नोक्सान होस् चाहे अरूलाई हुने नोक्सान होस् आखिर व्यक्तिको फरक मात्र हो जता भए पनि नोक्सान त भयो । यस्तो खालको नोक्सानीबाट बचाउने भनेको इतिहासबाट पाठ सिक्ने र त्यसबाट सजग रहनु नै हो ।

गल्तीको कुरा गर्दा सामान्य किसानले गल्ती गर्न गयो भने उसको बाली नोक्सान हुन्छ । डक्टरले गल्तीगर्न पुग्यो भने कुनै बिरामीको व्यथा लम्बिन सक्छ वा ज्यान जान सक्छ । एउटा मजदूरले गल्ती गर्न पुग्यो भने उत्पादित वस्तुमा केही नोक्सान हुनजान्छ । एउटा शिक्षकले गल्ती गर्न पुग्यो भने विद्यार्थी असफल हुन्छ या उसको भविष्य अन्योल हुन्छ । एउटा कम्पनी मालिकले गल्ती गर्न पुग्यो भने उसको मुनाफामा घाटा बेहोर्नु पर्दछ । एउटा चालकले गल्ती गऱ्यो भने गाडी दुर्घटना हुनसक्छ या यात्रुहरूको ज्यान जानसक्छ । कार्यालयप्रमुखले गल्ती गऱ्यो भने सेवा ग्राहीको काम बरवाद हुन्छ । कार्यलयको कुनै कर्मचारीले गल्ती गर्न पुग्यो भने सेवाग्राहीलाई सास्ती हुन्छ । तर एउटा राजनेताले जानेर वा नजानेर गल्ती गर्न पुग्यो भने माथि उल्लेख गरिएका सबै क्षेत्रमा प्रभाव पर्छ अर्थात् सिंगो मुलुकले नोक्सान बेहोर्नु पर्दछ । त्यो नोक्सान आर्थिक पनि हुन सक्छ, सामाजिक पनि हुन सक्छ, भौतिक वा साँस्कृतिक पनि हुन सक्छ । राजनीतिक नोक्सानी त आफ्नो ठाउँमा छँदैछ । राजनेताको कम्जोरीले प्रभाव नपर्ने सायद कुनै स्थान छैन । जथाभावी बोल्नु र आफूले बोलेको कुराले कहाँ के कस्तो प्रभाव पर्छ भन्ने कुरा नकेलाएर बोल्ने राजनीतिज्ञहरूबाट इतिहास बिग्रन जान्छ । इतिहासमा धोखा भएका कुराहरू लेखिन्छन् । यो धोखा आफ्नै दलमा पनि नोक्सान हुन्छ । अर्को दलमा पनि नोक्सान हुनसक्छ । त्यत्ति मात्र होइन पूरै मुलुकमा नराम्रो असर पर्दछ । त्यसकारण नेतृत्व गर्नेहरूले कुनै स्थानमा नबोल्ने कुरा बोलिन्छ भनेर लिखित (भाषण) कुरा प्रस्तुत गर्ने गर्दछन् । आफूले बोलेको कुराले इतिहास नबिग्रियोस् भनेर उनीहरूले लिखित भाषण प्रस्तुत गरेका हुन्छन् । यसबाट क्षमायाचना गर्नु पर्ने र आफूले भनेको कुरालाई दुईदिनपछि बोलेको होइन भनेर आफै भन्नु पर्ने वा अपव्याख्या गरेर कसैले भनिदिएको अथवा सञ्चार माध्ययमले तोडमरोड गरेको हो भनेर भन्नु पर्नेहुन्छ र यस्तोकुरा इतिहासबाट पाठ नसिक्नेहरूले गर्दछन् अनि यसबाट देशलाई धोखा दिएकै ठहर्छ ।

हामीले विगत केही वर्षदेखि यस्तै कुरा बेहोर्दै र सुन्दै आएका छौं । मार्क्सवादका नाममा दरबार जप्नेहरू कम्युनिष्ट पार्टीका अगुवा भएको देख्यौं । उनको कमजोरीले वामपन्थी आन्दोलनमा धक्का लागेको पनि बेहोर्‍यौं । जसलाई गद्दार भन्नु पर्ने हो त्यसलाई स्वच्छ देख्यौं र जसलाई स्वच्छ वा सफेद देख्नु पर्ने हो त्यसलाई गद्दार देख्यौं । जसले पार्टी स्थापनामा महान् योगदान दियो त्यसलाई विना विश्लेषण गद्दार भनेर आफूले पनि घोक्यौं अनि अरूलाई पनि खुब घोकायौं । यो इतिहासले क्षमा नगर्ने कुरा थियो । हिंजो किनारा लगाउन पर्नेलाई विभिन्न स्वार्थका कारणले काखी च्याँपेका कारणले वामपन्थी पार्टीहरूमा विभाजन आरम्भ भएको हो । यो इतिहासबाट सिक्ने कुरा थियो । तर त्यो इतिहासबाट पाठ सिक्न छोडेर आफूलाई अति ठूलो विद्वान् ठान्ने वामपन्थीहरूले अहिले पनि राजतन्त्र खोज्नका लागि भाँङ सल्काउन लागेका छन् । यो इतिहासको विडम्बना हो । जतिसुकै भाँङ (दियालो) बालेर खोजे पनि एकपटक आफ्नै कारणले समाप्त भएको संस्था आज आएर खोज्नु वा फेरि ब्यूँताएर उसकै छत्रछायाँमा रमाउछु भन्नु इतिहास बिर्सेको कुरा हो । यसरी इतिहास बिर्सन मिल्दैन । इतिहास बिर्सनेहरूलाई समयमा सजग गराउनुपर्दछ । राजनीतिक दल ठूलो होस वा सानो यसको नेतृत्व गर्ने नेता अग्लो होस या होँचो होस् यस कुराको सरोकार हुँदैन । अन्य मुलुकमा राजनीतिक दलहरू र नेपालका राजनीतिक दलहरूमा धेरै भिन्नता छ । यहाँ एक सिटमा मात्र विजय हासिल गरेका वा एक सिटमात्र प्राप्त गरेका राजनीतिक दलहरू पनि पटक पटक सत्ता सञ्चालनमा पुगेको इतिहास छ । राज्य सञ्चालनको मौका पाएकाहरूको बोलीको ठेगान भएन भने त्यसको उपलब्धि के हुन्छ? आफै अनुमान गर्न सकिन्छ ।

नेपालमा हरेकपटक सत्ताको च्याँखे थाप्नेहरू नै अरूभन्दा इतिहासका जानकार मान्ने गर्दछन् । किनकि नेपालको राजनीतिक संस्कार यस्तै छ । जो सत्तामा जाने सम्भावना रहन्छ उसलाई समर्थन जनाएर आफू सत्तामा उक्लने बानी बसिसकेको छ । यसो भनिरहँदा कसैलाई मर्का पर्नसक्छ । मर्का परेछ भने त्यो राम्रै हुनेछ । किनकी उनीहरू नै यो मुलुकका प्रथम श्रेणीका धोखेवाज हुन् । जसले माक्सवार्दको नाममा दरबार घुमेको देखे अनि सत्ता टिकाउने र गिराउने खेलमा आफूलाई चतुर खेलाडी ठानेर एक सिट भए पनि त्यसलाई प्रयोग गरेर सरकार ढलाउन र बनाउन अग्रसर हुनपुगे । यो उनीहरूसँग सम्बन्धित कुरा हो ।

इतिहासबाट पाठ सिक्ने हो भने अहिलेसम्म बोलिको ठेगान नहुने र सत्ता भत्काउने अनि बनाउने कुरामा गलत प्रवृतिको विकास भएको छ भने त्यसलाई सच्याउने धृष्टता अहिलेसम्म गरेको देखिदैन । यस्तो घृणित कार्य बन्द

हुनुपर्दछ । यस्तो कार्यले राज्यलाई ठूलो नोक्सान भइरहेको छ । मुखमा आएको जति बोल्ने र इतिहासबाट पाठ नसिक्ने कोही पनि व्यक्ति लोकतन्त्रवादी हुन सक्दैनन् । गणतन्त्र चाहनेहरूले सारा शक्ति लगाएर बेसमयमा सरकार भत्काउने काम गर्नु कुनै मानेमा राम्रो होइन । सिधा अर्थमा भन्ने हो भने यस्तो खराब प्रवृत्तिलाई यथा समयमा त्याग्नुपर्दछ फेरि पनि यस्ता कुराहरू उठे भने आफैलाई र राष्ट्रलाई नोक्सान पुऱ्याउनु हो भन्ने बुझ्नुपर्दछ । इतिहासबाट सिक्ने कुरा भनेको यही हो । इतिहासले कसैलाई क्षमा गर्दैन । चेतना भया ।

ooo

प्रधानमन्त्री कसरी बनूँ म ?

✍ **कृष्णशरण उपाध्याय पौडेल**
देवघाट, चितवन

चुनाव आयो अब के गरूँ म ?
जङ्गार ठूलो कसरी तरूँ म ?
कसो गरी त्यो चुचुरी छुऊँ म ?
प्रधानमन्त्री कसरी बनूँ म ?
।१।

म सत्तरी पार गएँ त के भो ?
यो देशको भार भएँ त के भो ?
आवाज आफ्नै मनको सुनूँ म
प्रधानमन्त्री कसरी हुनूँ म ?
।२।

प्रायः हिजो मानिस छक्किइन्थे
साना कुराले पनि मख्खिइन्थे
छन् आज बाठा अब के भनूँ म ?
प्रधानमन्त्री कसरी बनूँ म ?
।३।

पञ्चायती शासन अस्ति ढालेँ
जहानियाँ फोहर जत्ति फालेँ
के के गरेँ के कति पो गनूँ म ?
प्रधानमन्त्री कसरी बनूँ म ?
।४।

गुन्डा बनी अँस्ति हिलो छरेथेँ
ढुङ्गा-मुढा आगजनी गरेथेँ
ती काम के के अहिले गुनूँ म ?
प्रधानमन्त्री कसरी हुनूँ म ?
।५।

भन्छन् सबैले म हुँ उच्च नेता
बोलेँ हिजो झूट बनेँ विजेता
परन्तु बाटो कुन पो चुनूँ म ?
प्रधानमन्त्री कसरी हुनूँ म ?
।६।

बालेन्द्रका सामु भएँ म पानी
साम्पाङका सामु भएँ खरानी
फराकिलो मार्ग कहाँ खनूँ म ?
प्रधानमन्त्री कसरी बनूँ म ?
।७।

ooo

एउटा सपना

✍ **धनराज गिरी**
चितवन

मन त्यति नमिले पनि मुख मिलेकै आधारमा केही मित्रहरू, शत्रुहरू होइनन् । जम्मा भए एउटा खाजा घरमा, एकान्तमा । सबै सोमरसानुरागी । दम्भलाल, घमण्डलाल, रवाफबहादुर, अहंकारलाल, अहम्लाल र सज्जनराज गिरोपाध्याय, अर्थात् आधा दर्जन, कर्णसहित पाँच पाण्डव भन्न पनि मिल्ने । सज्जनराजबाहेक सबैले नामानुसारकै फुर्ति लगाए । 'राम्रो म' को अहंकार नदी बग्यो । जति–जति बिजुलीरस भित्र गयो उति–उति गफमा दम्भ र रवाफ देखिन थाल्यो । आफ्नो आफ्नो सफलताको किस्सा सुनाए । सुन्दा वाक्क लागे पनि फोकटमा महङ्गो मदिरा र चिकन रोस्ट खान पाइने लोभमा सज्जनराजले अरू कुरा पचाएको थियो । 'आम खावो, पेड मत गिनो !' 'सालेहरू कहाँ–कहाँ कति बदमासी गरे, कतिलाई ठगे, अहिले गफ, एक दिन यिनीहरूको कालो करतूतको पोल खुल्छ, अनि थाहा हुन्छ !' यस्तै सोच्यो सज्जनले ।

'ए साले जोगी, तेरो कुनै सपना थिएन ? अर्थशास्त्र, कोकशास्त्र, दामदेव, कामदेव, दौलतपुर, रूपबजार कतै पनि तेरो नजर गएन ?जहिले पनि मौन, खान मात्र जानेको !' दम्भलाल बोल्यो । 'बढी चलाख छ यो, केही पनि भन्दैन, सुन्छ मात्र । असल मित्र भएपछि शत्रु खोज्न पर्दैन । 'घमण्डलाल बोल्यो ।' मेरा पनि सपनाहरू थिए नि यार, हेप्नी ? थिए !' 'सुना न त साले ! अहम्लाल उकासियो । सज्जनराज एक प्याग तानेर अघि सर्‍यो ।' पच्चीस वर्षको उमेरमा देखेका सपनाहरू, म ६५ को हुँदा मेरो पनि महल हुनेछ, कार हुनेछ, नाम कमाउने छु, सेलीब्रेटी हुन्छु, छोराछोरी सरकारी अफिसर, समाजमा मेरो हाई हाई हुनेछ, करोडौंको ब्याङ्क ब्यालेन्स हुनेछ, अघिपछि मानिसहरू, जीवन नवाबको जस्तो हुनेछ । सपना देखेकै हो ।'

'पूरा भए त ?' दम्भलाल बोल्यो । 'एउटा सपना पूरा भयो ! म ६५ वर्षको भएँ ।' 'हा हा हा, सालेले भारतीय जोक पो सुनायो । हैट, हाम्रो खाएर हामीलाई नै उल्लू बनाउने ?' अहंकारलाल बोल्यो । सज्जनराजले लगातार तीन प्याग तान्यो । एघार बजे टोली उठ्यो ।

ooo

थाहा पाउनुभयो !
किरण पुस्तकालय, गुल्मीबाट २० थरी पुस्तकहरू प्रकाशनमा आएका छन् ।

गाउँमा हराएको गाउँ

✍ **जीवित खड्का मगर**
बलिथुम, गुल्मी

सबेरै हल्ला गर्दै ढिँकीजाँताहरू
मस्त निदाइरहेको घामलाई उठाइरहन्थे
र घाम क्षितिज आमाको काखबाट उठेर आइनपुग्दै आँगनमा
आइसक्थ्यो हिँडेर उकालैउकालो पँधेरीखोलाको पानी
आइसक्थे आफ्नै हाँगाको पात बजाउँदै वनका बुटाहरू ।

लहलह हरिया खेतहरूमा सबेरै पुग्थ्यो पहाड
र दिनभरि पसिनाको छहरामा नुहाएर
बेंसीदेखि शिखर उक्लिँन्थ्यो सधै साँझमा ।
मुरलीको धून पछ्याउँदै
गीतका हरफ बोकेर दिनभरि ग्वालाहरूसित गीत गाउँथे जंगलका चराहरू
र साँझपख भोलि गाउने नयाँ गीतको धून बोकेर फर्किन्थे गुँडमा।
टा...ढा, भीरको बाटो यतै गाउँतिर आइरहेको देखेर सुकिला मान्छे
सायद लाहुर बोकेर आएको झैँ आफ्नो लाहुरे छोरा सम्झेर
जोर आँखा सधै मूलबाटोमा राखिरहन्थे वृद्ध बाआमाहरू ।
मेला हेर्न आएका तन्नेरी हिमालहरूले
कुन्नि ! के कुरा गर्थे आँखैआँखाको भाषामा ?
कि छेवैमा फक्रेको गुराँस लजाएर झन् रातो-रातो देखिन्थ्यो
साँच्चै ! उतिबेला गाउँ
फक्रिएको गुराँसजस्तै देखिन्थ्यो ।

तर अचेल
यहीं माटो खनेर बसेका घरहरू
यहीं माटोमा पाइला टेकेर उभिएका पहाडहरू
अनायासै अपरिचितजस्तो लाग्न थाल्छ
जहाँ गाउँको सुवास छैन,
गाउँभन्दा पर ...
कहीँ हराएझैँ लाग्छ ।

दैलोमा सधै आइरहन्छ भेट्न सहरलाई छोएर आएको दलालजस्तो हावा
र गाउँबाट गाउँको पहिचान उडाएर लैरहन्छ ।
यता, आधुनिक सपना ओढेर फुर्सदमा सुतिरहेछ मैलो पहाड
र पानी खोज्दाखोज्दै बगर भएका छन्
मूल नफुटेर ओठ सुकेका खेतहरू
सुनिदैन हाँगाहाँगामा गाउँको गीत
जहाजजस्तो उडेर कतै हराइरहेछन्
जंगलका चराहरू
बरु आफ्नै पीडाको घाउ ठुँगेर ठुटामा रोइरहन्छ एक्लो न्याउली ।

ओ, दूरदेशका पर्यटकहरू !
गाउँमा अहिले गाउँ हराएको छ ।

०००

गजल

✍ **सुरेशप्रसाद अर्याल**
इस्मा-५, गुल्मी

आफ्नो भन्नू यो संसारमा को छ, हतार नगर्नुस् ।
जिन्दगी उसै पनि छोटो छ, हतार नगर्नुस् ॥

किन दौडिन्छौँ अन्धोसरी ? पुगे नि के मिल्ला?
पुगेको पनि उस्तै भोको छ, हतार नगर्नुस् ॥

को छ यहाँ परिपूर्ण ? को छ सबै पुगेको ?
सागरलाई नदीको खाँचो छ, हतार नगर्नुस् ॥

मान्थ्यो जो म सर्वत्र छु, भन्थ्यो जो म सबै हुँ ।
उसको भित्तामा केवल फोटो छ, हतार नगर्नुस् ॥

किन बाण रोप्ने हतार ? किन पासो थाप्ने हतार ?
"सुरेश" अझै नि उस्तै सोझो छ, हतार नगर्नुस् ॥

०००

के छ नयाँ हालखबर ?

✍ **नवीन मरासिनी**
धागिथुम, तम्घास, गुल्मी

के छ नयाँ हालखबर ?
हरेक पटक भेट हुँदा ,
हरेकले हरेकलाई सोध्ने प्रश्न,
'के छ नयाँ हालखबर ?'

पहाड बन्छ प्रश्न,
घोत्लिन्छु आफ्नै दैनिकीमा,
हरेक बिहान, सुतेर उठ्दा,
यौटा लामो दिन लम्पसार परेको हुन्छ मेराअगाडि ,
अनि म कुद्छु रिले दौड,
एउटै वृत्तमा निरन्तर घुमिरहने,
न मलाई कहीँ पुग्नु छ, न म कहीँ पुगेको छु,
साँच्चै के छ हँ मेरो नयाँ हालखबर ?

खासमा भन्नुपर्दा,
बिहान सबेरै उठिन्छ,
हतार हतार स्नानगृह पसिन्छ ,
नित्यकर्म सकिन्छ,
अनि रोबर्ट जस्तै,
कक्षा छ भन्दै त्यतै दौडिन्छ,
कक्षामा पनि पोहर-पोहर जे जे खोक्यो
अहिले पनि त्यही-त्यही खोकिन्छ,
मानौं म टेपरेकर्ड हुँ, सुन्नेहरू सुगा
कसम ढाँट्या छैन,
विद्यार्थीका अनुहारमात्र फरक हुन्,
वर्षौं भयो,
न मैले ज्ञान बढाएको छु न ज्ञान बाँडेको छु,
मात्र भ्रम छरेको छु,
म शेष भैकन पनि विशेष छु !

अझ साँच्चै भनौँ,
मैले भेट्ने मान्छे उनै छन्,

उनीहरू भेटिने ठाउँ एउटै छ,
अझ उनीहरूलाई भेट्ने र देख्ने ठाउँ उही छ,
हिजो जसलाई जहाँ भेटें, जहाँ देखें,
त्यो आज त्यहीं भेटिन्छ, त्यहीं देखिन्छ,
अनि यहाँ कसरी भन्नुपर्ने ,
नयाँ हालखबर भेटिन्छ ?
वर्षौं भयो,
मैले हिंड्न लागेको यौटै बाटो,
उही गल्ली, उनै घरहरूको बीचबाट,
म गुज्रिन्छु, यौटा सर्पजस्तै,
उही यौटा लक्ष्य लिएर,
अनि फर्किन्छु उही बाटो,
कति गिज्याउँदो हो त्यो बाटोले मलाई ?

यद्यपि रोकिएको छैन,
यात्रा निरन्तर चलेकै छ,
हिजो जे गर्‍यो त्यहीं गरिन्छ,
अनि बेलुका घरमा आएर,
भोलिको रिलेको तयारी गर्दै ,
बिस्तरामा बिस्तारै
लम्पसार परिन्छ ।

ooo

मालपोत कार्यालय

गुल्मीमा सेवा लिन जाँदा देहायका कागजपत्र लिएर आउनुहोला :-

- ❑ सक्कल नागरिकताको प्रमाण-पत्र
- ❑ सक्कल पूर्जाको प्रतिलिपि
- ❑ कामबमोजिम वडाको सिफारिशपत्र
- ❑ घर, बाटोको सिफारिशपत्र
- ❑ तिरो बुझाएको कागजपत्र
- ❑ नाता प्रमाणितको कागजपत्र

गुरु

✍ **हरिप्रसाद गौतम**
जुभुङ्ग, गुल्मी

तारेर माझीले डुङ्गा, पुग्दछ तटमा जब,
रोकिन्न यत्तिले कर्म, भेटिन्छ बटुवा नव ।
रीति यै नीतिमा चल्छ, डुङ्गामै माझीको जुनी,
जस्तो हो माझीको डुङ्गा, उस्तै हुन् ती गुरु पनि ।१।

जल्दछ जसरी दीप, पार्दछ गृह झल्मल,
उस्तै हुन् धप्धपी बल्ने, ज्ञानी ती गुरु हर्पल ।
के हुन्थ्यो दिनुमा रित्तो, ज्ञान हो बढ्छ झन् झन,
गुरुकै साथले हट्छ, अज्ञानरूपी बन्धन ।२।

गुरु हुन् पथका मित्र, गुरु हुन् कर्मका मति,
गुरु हुन् गृहका लक्ष्मी, गुरु हुन् सर्वसम्पति ।
गुरु हुन् ज्ञानका खानी, गुरु हुन् मार्गका रथ,
गुरु हुन् जति जे कष्ट, पर्दाका मार्गदर्शक ।३।

जुनी यो बैगुनी बन्छ, नहुँदा साथमा गुरु,
सामीप्यता मिले मात्रै, हुने सार्थकता सुरू ।
सानै होस्, या कुनै यस्तै, सामान्य कर्ममा पनि,
मिल्दछ गुरुको मार्ग, जान्छ त्यो सफलै बनी ।४ ।

सन्तोषी गुरुले ज्ञान, बाँड्दा बाँड्दै अघाउँछन्,
अशिक्षा त्यो भगाएर, सत्य ज्ञान जगाउँछन् ।
यो धर्तीमा अरू छैनन्, यति राम्रो उदाहरण,
भित्र हीरारुपी ज्ञान, राखी बन्छन् सनातन ।५।

पेसामा स्वार्थ नै छैन, ज्ञानदान निरन्तर,
गर्नेमा गुरु नै हुन्छन्, सबैलाई बराबर ।
न भेद रङ्गको गर्छन्, न भेद जातिको पर,
यत्तिको निर्मल आत्मा, धर्तीमा कसको छ र ! ।६।

फालेर मनको मैलो, बालेर ज्ञानको दीप,
बनेर तनले मित्र, सिकाई अनेकौँ सीप ।
यस्ता यी सर्वदा पूज्य, सर्वज्ञानी गुरू जति,
विश्वमै उच्च छन् हाम्रा, अमूल्य गुरु-सम्पति ।७।

०००

चार दशकपछि जन्मस्थल पुग्दा

✍ **थानेश्वर पन्थी**
हाल : धापासी, काठमाडौं

चार दशक लामो अन्तरालमा आफ्नो जन्मथलो गुल्मी जान पाउँदा हुने खुशीको कल्पना गर्नोस् तपाईं ! कति उत्साह, उमङ्ग र कुतूहलता बोकेर जानुहुन्छ होला त्यहाँ ? हो, त्यस्तै खुशी, कौतूहल र उमङ्गका साथ गएको थिएँ म गुल्मीको मेरो जन्मस्थल-बडाचौर ।

अजमीर, लाँकुरी, गाडापारि र लाहाँटा यी चार गाउँका बीचमा गहिरो अनि हल्का भिरालो पाखामा बसेको सानो चुटुक्क मिलेको गाउँ थियो हाम्रो । गाउँमा जम्माजम्मी सात घरहरू मात्र थिए तापनि हाम्रो गाउँको चहलपहल भने ठुलै थियो । यस्तो किनभने एकातर्फ हाम्रा घर आँगन हुँदै ओल्लो-पल्लो गाउँका मानिसहरू आवतजावत गर्नुपर्ने अवस्था थियो भने अर्कोतर्फ स्थानीय स्कुलको अध्यक्ष तथा प्राचार्य हुँदै सिङ्गो क्षेत्रमै नाम चलेका राजनीतिज्ञ अनि पण्डित र ज्योतिष विद्यामा पारङ्गत हाम्रै पिताजीहरू हुनुभएकाले कुनै न कुनै काम विशेषले मान्छेहरू आइरहनुपर्ने हुन्थ्यो । मलाई लाग्छ राजनीति, शिक्षा र अध्यात्म/धर्मको त्रिवेणी जस्तै थियो हाम्रो गाउँ ।

तत्कालीन परिवेश र मधेश झर्ने हुटहुटी

थलो जतिसुकै सुन्दर र मिलेको भए पनि , पहाडमा त्यस्तै हो सबैको, के गर्नु दुःख नगरी निर्बाहै नचल्ने ! पिताजीले स्कुलमा पढाउनुहुन्थ्यो । स्कुलमा छँदा अध्यापन अनि घरमा छँदा प्रायः अध्ययनमै पिताजीको समय बित्दथ्यो। दिदीको बिहे भैसकेको थियो । दाजु पढ्न भनी काठमाडौं गइसक्नुभएको थियो । घरमा बुबा, आमा अनि भर्खर बिहे गरेर आएकी भाउजू र म मात्र थियौं । मेरो के कुरा गर्नु र स्कुल जाने विद्यार्थी न भएँ म । कामको ज्यादा चाप परेर होला दुई चार वर्षअघिदेखि नै मधेश जाउँ भन्दै आमाले बुबालाई पिरलिरहनुहुन्थ्यो । बुबाले चैं मधेश जाने कुरामा खासै चासो दिनुभएको थिएन । बुबाबाट पार लाग्ने छाँटकाँट नदेखेरै होला २०३७ सालको कुरो हो, मलाई पूरै सम्झना छ, तलब बुझ्न भनी एकदिन बुबा तम्घास गएको मौका छोपेर बुबालाई थाहै नदिई आमाले कुलामुनिको खेत बेच्नुभयो । खेत नै बेचिसकेपछि त बुबालाई पनि मधेश झर्न दबाव पर्ने नै भयो । त्यो बेला कपिलवस्तुको तौलिहवा र आसपासको क्षेत्रमा हाम्रा दाजुभाइ, इस्टमित्र र आफन्तादिको बाक्लो उपस्थिति थियो र अद्यापि छ पनि । उबेला बसाइसराइ गरेर जाँदा ठाउँ राम्रो नराम्रो हेरेर जानुभन्दा पनि आफ्ना दाजुभाइ, इस्टमित्र र आफन्तादि जहाँ बढी छन् त्यहीँ जाने चलन

थियो । त्यसैले हाम्रो गन्तव्य पनि तौलिहवा नैं हुन पुग्यो । बुबा सरूवाको प्रक्रिया मिलाउँदै हुनुहुन्थ्यो । नभन्दै अर्को वर्ष खोजेकै ठाउँमा सरूवा मिलिहाल्यो । हिउँद लागेपछि बिस्तारै घरव्यवहार मिलाएर जाँदा हुनेमा खै के भएछ कुन्नि आमालाई चैं हिंडीहालौँ भएछ । त्यसैले बाँकी खेत, घरबारी र भएका डिंगाबाच्छा केही उधारोमा त केही यथास्थितिमैं छाडेरै भए पनि हिंड्ने निधो भयो ।

२०३९ सालको त्यो मध्य बर्खामा हामी हिड्यौं । ठाउँठाउँमा बास बस्दै , पकाउँदै खाँदै, खोलानाला तर्दै, उकाली ओराली गर्दै, भरियासहित पैदलै हिंडेर तौलिहवा पुग्न हामीलाई पाँच दिन लागेको थियो । हाँस्ने, खेल्ने, रमाउने आदि बाल्यकालका यावत् रहरहरूलाई थाति राख्दै कक्षा नौंमा पढ्दा-पढ्दै स्कुल अनि साथीभाइ छोड्नुपरेको थियो मैले । मधेश झरेको अर्को वर्ष एसएलसी दिएपछि एकपटक बुबासँगै गएको बाहेक पढाइ, लेखाइ अनि लगत्तै जागिर र यस्तैयस्तै काममा अल्झिंदा-अल्झिदै फर्केर त्यो ठाउँ फेरि गएनछु म । जागिरमा छँदै कामको सिलसिलामा २०६१ र २०७४ सालमा गरी दुई पटक तम्घाससम्म त पुगेको थिएँ परन्तु जन्मथलो पुग्ने सपना भने अपूरै रहेको थियो । ढिलै सही दैवले यसपटक मलाई जन्मथलो जाने साइत जुराइदिएछ ।

गुल्मी पुग्दाको आनन्द

जाने दिन निश्चित भैसकेपछि कति छिटो पुगूँ भन्ने हुटहुटीले झनै सतायो मलाई । जन्मघरतर्फको यात्रारम्भ गर्ने २०७९ साल वैशाख ५ गतेको त्यो दिन मेरो लागि विशेष दिन थियो । करिब ६ घन्टाको माइक्रोबसको यात्रा पार गरी तानसेन, अर्गली, रिडी हुँदै तम्घास पुगेको थिएँ म । माइक्रो बस पुल पार गरी रिडीबाट उकालो लागेपछि जिउ हलुङ्गो भएर आयो अनि मन पनि फुरुङ्ग ! जति जति माइक्रो बस अगाडि बढ्दै जान्थ्यो जन्मथलो उतिउति नजिकिदै आएको अनुभूति हुन्थ्यो । बसाइ सरेको चालीस वर्ष भइसक्दा पनि किनकिन त्यै गुल्मी नैं सर्वाधिक प्यारो लाग्ने । समग्र नेपालकै औधी माया गर्ने यो मन किन होला त्यो बेला साँघुरिएर गुल्मीमैं सीमित हुन पुग्यो ।

रिडी पार गरिसकेपछि देखिने गाउँघर, वनजंगललगायत यावत् स्थान र दृश्य आफ्नै लाग्ने । त्यो दिन दिउस करिब तीन बजे तम्घास पुगेको थिएँ । तम्घासको उधिनढुङ्गामा सँगै जोडिएर बनेका दुई दाजुहरूका घर थिए । गएको दिन दाजु चन्द्रकान्तकोमा बसें, जहाँ नब्बे पुग्नै थालेकी माहिली आमा हुनुहुन्थ्यो । दाजुहरूको अतिरिक्त सानीआमा अनि थुप्रै आफन्त / इस्टमित्रहरूको समेत बसोबास रहेको तम्घास मेरो लागि उत्तिकै महत्त्वपूर्ण थियो । बडाचौरबाट तम्घास आई बस्नुभएकी वृद्ध माहिली आमा, दाजुहरू र आफन्तहरूसँगको

भेटघाटले मलाई सानो छँदा बडाचौर बसेको याद गरायो । दाजुहरू चन्द्रकान्त पन्थी र विष्णुकान्त पन्थी त जन्मथलो बडाचौर छोडेर लामो समयदेखि नै तम्घासलाई कर्मथलो बनाई स्थानीयमाझ आफ्नो बेग्लै पहिचान बनाइसक्नुभएको छ ।

इच्छा हुँदाहुँदै पनि तम्घासमैं रहेको रेसुङ्गा बहुमुखी क्याम्पस घुम्ने / हेर्ने अवसर यसअघि मिलेको थिएन । मैले अध्ययन नगरेको भए तापनि भाइ - भतिज एवं थुप्रै आफन्तहरूले अध्ययन गरेको तथा दुबै दाजुहरूले लामो समयदेखि प्राध्यापन गर्दै आउनुभएकाले क्याम्पस घुमाइ मेरो प्राथमिकतामा परेको थियो । दाजुहरूले अर्को दिनको बिहानी सत्रमा क्याम्पस घुम्न आउने सल्लाह दिनुभएअनुरूप लामो समयसम्म महेन्द्र उच्च माविमा अध्यापन गरी हाल अवकाश जीवन व्यतीत गरिरहनुभएका मेरो नातासम्बन्धसमेत पर्ने आदरणीय हेमराज मरासिनी सरसंगै म क्याम्पस पुगेँ । क्याम्पसको मुख्य द्वार प्रवेश गर्नासाथ देखिने भीमकाय अनि सुन्दर, आकर्षक भवनहरू, व्यवस्थित फूलबारी र त्यसमा फुलेका मनमोहक रङ्गीबिरङ्गी फूलहरू, प्राध्यापक वर्गमा देखिने शिष्टता र भद्रता अनि छात्र/छात्राहरूमा देखिने अनुशासनले क्याम्पसको गरिमा र उचाइ अझै चुलिएको अनुभूति भयो । तर विडम्बना २०३९ सालमा स्थापना भएको गुल्मीकै शैक्षिक धरोहर यो क्याम्पस अहिले चरम आर्थिक अभावबाट गुज्रिरहेको सुन्दा भने नरमाइलो लाग्यो । कुनै बेला विद्यार्थीको भिड थाम्नै मुस्किल हुने यो क्याम्पस अहिले गाउँगाउँमा खुलेका प्लस टुलगायतका कारणले विद्यार्थी अभावको सामना गर्दै अस्तित्व रक्षाको लडाइँ लड्दै गरेको देखिन्थ्यो । क्याम्पस छिट्टै विद्यार्थीले भरिभराउ भएको देख्न पाउने कामना गर्दै अन्तमा सामूहिक तस्वीर लिइवरी क्याम्पस अवलोकन गरी हेमराज सरसँगै बाहिरिएँ ।

क्याम्पसको प्रसङ्ग चल्दा शशि पन्थी र दीन पन्थी यी दुई नामहरू उक्त क्याम्पसको इतिहाससँग जोडिएका सख्त जीवन्त नामहरू हुन् । क्याम्पसप्रमुखसमेत भै लामो समयसम्म सोही क्याम्पसमा अध्यापन कार्यमा सम्लग्न यी नामहरू गुल्मेलीमाझ बडो श्रद्धा र आदरका साथ लिइन्छन् । लामो समयदेखिको साधना र अध्ययनले खारिएर शैक्षिक, साहित्यिक र प्राज्ञिक जगत्मा बेग्लै पहिचान बनाएका यी नामहरू गुल्मीको सीमाना भत्काउदै विभिन्न साहित्यिक कृति, लेख, रचनाहरूको माध्यमबाट टाढाटाढासम्म फैलिन सकेका छन् ।

साहित्यिक परिवारमै हुर्केबढेकोले होला सानैदेखि नै अरूले लेखेका लेख, रचना पढ्ने र छन्दोबद्ध कविता गला मिलाएर वाचन गर्न खुबै मन पर्दथ्यो मलाई । साहित्यिक ज्ञान र लेखन क्षमता आजपर्यन्त नभए तापनि साहित्यप्रतिको मेरो अनुराग भने किमार्थ घटेको छैन । अतः तम्घास पुगिसकेपछि यस्ता

व्यक्तित्वहरूसँग भेट गर्ने इच्छा ममा जाग्नु स्वाभाविकै थियो । शशि सर काम विशेषले बाहिर जानुभएको भन्ने जानकारी हुन आयो । क्याम्पसबाट निस्केपछि हेमराज सरसँगै दीन पन्थी सरलाई भेट्न भनी क्याम्पस नजिकै रहेको उहाँको निवासमैं पुगेँ म । नौलो व्यक्ति देख्दा हुने अलमल ता उहाँको मुखाकृतिले व्यक्त गरिसकेको थियो । धेरै बेरसम्म उहाँलाई अलमल्लको स्थितिमा राख्न चाहिनँ, अतः पिताजीको नाम लिँदै उहाँको कान्छो छोरा हुँ भन्दै आफ्नो परिचय दिइहालें । लामो समयसम्म देखभेट नभएकाले मात्र चिन्न नसक्नु भएको रहेछ । मैले आफ्नो नाम भन्नासाथ यसअघि तानसेनमा हाम्रो भेट भएको थियो नि भन्दै विगतको स्मरण उहाँले नै गराउनुभयो । त्यो भेटको स्मरण मलाई पनि त हुनु पर्ने हगि ! आफ्नो कमजोर स्मरणशक्ति सम्झेर आफै लज्जित भएँ म । थाहा थिएन पिताजीप्रति यति ठूलो श्रद्धा रहेछ उहाँको । पिताजीले लेख्नुभएको भागवत चन्द्रिकाको मुक्तकण्ठले प्रशंसा गर्दै पिताजीसँगका पुराना स्मरणहरू साझा गर्नुभयो । आफ्नै अगाडि उहाँजस्तो विद्वान् व्यक्तिबाट पिताजीको प्रशंसा सुन्न पाउँदा खुशीले मन हर्षित भयो । केही बेरको बसाइको क्रममा प्रसंगवश स्रग्धरा छन्दमा जानीनजानी आफूले लेखेको कविताको दुईचार श्लोक सुनाउने धृष्टता गरेँ । मलाई ऊर्जा थप्दै कविता पूरा गरी हाम्रो पुरुषार्थ पत्रिकाको लागि पठाउन भन्नुभएको थियो, यस्तै न हो मेरो बानी अझैसम्म पठाउन सकेको छैन । अब भने छुट्टिने बेला भइसकेको थियो हाम्रो । आफैले लेखेको ‘हुटिट्याउँको मन’ नामक निबन्धसंग्रह सप्रेम उपहार दिँदै उहाँले बिदा गर्नुभयो । खै किन हो कुन्नि त्यो केही क्षणको बसाइमात्रले पनि दीन पन्थी सरप्रतिको मेरो झुकाव झनै गहिरिएर आयो । उहाँकोबाट फर्केपछि भेटघाटमैं त्यो दिन तम्घासमै बित्यो । यसरी पुगेको र अर्को गरी दुई दिनसम्म तम्घासमै भूलें म । दाजुभाइ अनि थुप्रै आफन्त र साथीभाइसँगको भेटघाटले तम्घासको बसाइ मेरो लागि सार्थक अनि अविस्मरणीय दुबै रह्यो ।

सिमल्टारी पुग्दा

आफूले पढेको स्कुल अनि आफन्तहरूसमेत सिमल्टारीमैं भएकाले त्यहाँ हुँदै बडाचौर जानु थियो मलाई । अतः भोलिपल्ट बिहानको खाना खाइसकेपछि म तम्घासबाट सिमल्टारी जाने बसमा चढें । चालीस पैंचालीस मिनेटमै त्यहाँ पुगिने कुरा दाजुहरूले बताइसक्नुभएको थियो । हिंडेर जाँदा दिनभरि लाग्ने त्यो बाटो बस चढेको केही बेरमैं पुग्न सकिने भएछ अब ! बडाचौर छँदै दुईतीन पटक तम्घाससम्म आउने जाने त गरेकै थिएँ, त्यसैले बाटोमा पर्ने स्थान र दृश्यादिको स्मरण केही हदसम्म मेरो मानसपटलमा थियो नै । चढेको उत्तिखेरै बसले ओरालो काटेर रैंदी खोलो पार गरिहाल्यो । हेर्दाहेर्दै सेउवा, छाल्दी पनाहा, राङ्दल, चौरासीको फाँट अनि जैकाठको रुख हुँदै सिमल्टारी पुग्न बेरै लागेन । विपरीत दिशाबाट बग्दै आएका दुई खोलाहरू हुल खोलो र छल्दी खोलाको

काखमा अवस्थित सिमलटारी फाँट, फाँटको बीचमा स्कूल, करीब तीन चार सय मिटरको दूरीमा रहेका एकएकवटा सामान्य चिया पसल, समीपमा रहेको ढाबको जोगिकुटी, आठ दश जना शिक्षक अनि डेढदुई सय विद्यार्थी - उबेलाको सिमलटारी भनेकै यही थियो । निमाविसम्म मात्र पढाइ हुने त्यो स्कुल मैले सात कक्षा पास गर्दा साथ मावि भएको थियो ।

बसबाट ओर्लिसकेपछि सर्वप्रथम आफूले पढेको स्कुलतर्फ मोडिएँ म । अंग्रेजी अक्षर एल आकारमा निर्मित त्यो सानो स्कुल उस्तै रहेछ परन्तु वरिपरि ठूल्ठूला भवन र अन्य संरचना निर्माण भएका रहेछन् । छुट्टीको दिन भएर होला यसो दुईचार जना मान्छेहरू मात्र यताउता गरेको देखिन्थ्यो । स्कुलपरिसरबाट निस्किएपछि यताउता चारैतर्फ नियालें । स्कुल वरिपरिको फाँट घरैघरले भरिन थालेछ । म छँदा नौं कक्षासम्म पढाइ हुने त्यो स्कुल १२ कक्षासम्म पढाइ हुने माध्यमिक विद्यालय भइसकेछ अहिले । स्कुल, अड्डा /अफिस, व्यापारिक क्रियाकलाप अनि क्षणक्षणमा आवतजावत गर्ने मोटरको घाइघुइँले गर्दा सिमल्टारी बिस्तारै सहरोन्मुख हुन खोज्दै रहेछ । स्कुल जाँदाआउँदा तर्ने र दिउसो छुट्टीको समयमा बेलाबेलामा पौडी खेल्ने त्यो छल्दी खोलो सुक्दै गएको र साँघुरिंदै गएको देखें । एकछिन यताउता हेरिसकेपछि अन्तमा चालीस वर्षअघिको त्यो सिमल्टारीसँग अहिलेको यो सिमल्टारी दाँजी हेरैँ । यसरी केही बेर सिमल्टारीमैं अल्मलिएपछि मेरो यात्राको केन्द्रबिन्दु बडाचौर जाने तरखरमा जुटें म ।

साथीले नचिन्दा

सिमल्टारीबाट बस चढी पन्ध्र मिनेटमैं पुगिने भए तापनि स्कुल पढ्दा लगातार छ वर्षसम्म ओहोर-दोहोर गरेकै बाटो हिंडेरै बडाचौर जाने रहर थियो मेरो । त्यसैले छल्दी खोलाको पुल तरेर भुजुङ्गेको उकालो नाप्न थालिहालें म । वैशाखको महिना । घाम त खासै थिएन किन्तु गर्मी भने अचाक्ली थियो । उकालो चढेको यस्तै पन्ध्र मिनेट जति भएको हुँदो हो पूरै जिउ पसिनाले निथ्रुक्कै भिजेर आयो । खै हिंडेर पुगुँला जस्तो लागेन मलाई । पढ्दै गर्दाको साथी हरिलाल पुरीको घर यतै कतै हुनुपर्छ भन्ने अन्दाज थियो त्यसैले सोधेरै भए पनि उसैकोमा गई केही बेर बसेर थकाइ मार्नुपर्ला भन्ने सोंच बनाएँ । यही सोंच्दै उकालो चढ्दै थिएँ । अलि माथि पुगेपछि घाँसको भारी बोकेर माथि जाँदै गरेकी एकजना अधबैंसे महिलासँग भेट भयो । सोध्दा थाहा भयो हरिलालकै भाइबुहारी रहिछन् उनी । माथि उसको घरसम्म उनैले पुर्‍याइदिइन् मलाई । साथी आउँदै छन् भनी बुहारीले मोबाइलबाट जानकारी दिएकी थिइन् नाम चाहिं मेरै आग्रहमा भनेकी थिइनन् । आगनको डिलमा उभिएर हाम्रै बाटो हेर्दै रहेछ । छ-छ वर्षसम्म साथै पढेको, खेलेको त्यो बालसखालाई देख्नासाथ ठम्याउन मलाई कुनै अप्ठेरो भएन यद्यपि बुढौलीतर्फको यात्रा सुरू भैसकेको संकेत भने उसको अनुहारले

गरिसकेको थियो । "म तिम्रो साथी हूँ, चारदेखि नौसम्म साथै पढेका थियौँ हामी, ल भन त हरिलाल ! म को हुँ ?" स्वयम् उसको परिचय दिँदै उसैको मुखबाट मेरो नाम सुन्न चाहन्थें म । अनायास यस किसिमको प्रश्नले चकित भयो ऊ । चिनेचिने जस्तो लाग्यो त भन्दै थियो तर कहाँ चिन्न सक्नु, सकेन । अन्कनाउँदै थियो । अर्को क्लिउ दिँदै भनें "मेरो घर चाहिं बडाचौर"। यसपटक चैं चिनिछाड्यो मोराले - ए ! ए ! ए ! थानेश्वर भन्दै ऊ त मैलाई पो झम्टिन आइपुग्यो । चियासँग थकाइ मार्दै पढ्दै गर्दाका साथीभाइ र पुराना दिन सम्झँदै केही बेर गफियौं हामी ।

हरिलालको घरदेखि केही माथि भुजुङ्गेको चौतारी नपुग्दै बीच बाटोमैं एउटा स्वामीको रुख थियो । रुखले लगभग पूरै ढाकिएको एउटा सानो चौर थियो । चौरको मुन्तिर पोखरी र पोखरीको बीचमा मौलो अनि छेउँमा मन्दिर थियो । स्कुल जाँदा आउँदा त्यै स्वामीको रुखको तेर्सो परेर परसम्म गएको हाँगोलाई नेट बनाएर बल (टालाटुली र फाटेका कपडा भित्रपट्टि राखी बाहिरबाट पुराना मोजाले बेरेर बनाएको भकुण्डो) खेल्ने गर्दथ्यौं हामी । मैले हेर्न खोजेको त्यै ठाउँसम्म हरिलाल छोड्न आयो मलाई । केही क्षणमै बडाचौरबाट बाइक लिएर अनन्तराम दाजु आइपुग्नुभयो । साथीसँग बिदा भई दाजु अनन्तरामसँगै बडाचौरतर्फ लागेँ म ।

द्वानेटामा एकक्षण

हिंडेको क्षणभरमै भुजुङ्गेको चौपारी आइहाल्यो । बाइक रोकेर एकछिन त्यहीं उभियौं । तत्पश्चात् ढोंड हुँदै क्षणभरमैं द्वानेटा पुगिहाल्यौं । द्वानेटामा केही बेर रोकिनु थियो मलाई । स्थापनाकालदेखि २०३८ सालसम्म दुई दशक बढी समय पिताजी प्राचार्य भई अध्यापन गर्नुभएको र मेरो औपचारिक शिक्षाको प्रस्थान बिन्दुसमेत भएकोले केही क्षण स्कुलमा बिताउने मन थियो मलाई । तीन कक्षासम्म मैले पढेको त्यो बेलाको भगवती प्रावि अहिले उच्च मावि भएको रहेछ । लामो समयसम्म पिताजीले पढाउनुभएको त्यो स्कुलमा अहिले साहिँलो बुबाका छोराहरू अनन्तराम र बलरामले अध्यापन गर्दै आउनुभएको देख्दा मन प्रसन्न भएर आयो । छुट्टीको दिन भएकाले शिक्षक, विद्यार्थी कोही थिएनन् । दाजु अनन्तरामले नयाँ बनेका स्कुल भवन / संरचना आदि देखाउँदै स्कुलको सविस्तार वर्णन गर्नुभयो । उ बेला रामलाल श्रेष्ठको कपडा पसलबाहेक वरिपरि केही नभएको त्यो ठाउँ अहिले त घरहरूले बिस्तारै ढाकिदै गएको रहेछ । जे होस् मैले पढेका सिमल्टारी र द्वानेटाका यी दुबै स्कुलहरू आफ्नै आँखाअगाडि माथिमाथि लम्कँदै चम्कँदै गरेको देख्न पाउँदा खुशीले मन भरिएर आयो । स्कुलका दुई चार फोटाहरू मोबाइलमा कैद गरेर दायाँबायाँ नजर लगाउँदै बाइकपछाडि बसेर दाजुसँगै द्वानेटाबाट बडाचौरतर्फ अगाडि बढें म । बडाचौर

पुग्न अब केही क्षण मात्रको पर्खाई थियो किन्तु जतिजति जन्मथलो नजिक पुग्दै थिएँ उतिउति मेरो मन उद्वेलित र तरंगित हुँदै थियो । दैनिक जसो हिंड्ने ती बाटाघाटा र वरिपरिको दृश्य फरक देखेँ मैले । कतै त्यै बेलाकै मान्छे हिंड्ने बाटो हुँदै त कतै त्यसको तलमाथि हुँदै नयाँ कच्ची मोटरबाटो अगाडी बढ्दै गएको देखिन्थ्यो । हिंड्दा पन्ध्र बीस मिनेट लाग्ने यो बाटो मोटरसाइकलमा हुइकिँदै जाँदा शायद पाँच मिनेटमै पुग्यौं हामी ।

बडाचौरमा दुई दिन

बडाचौर पुग्दा यस्तै चार सवा चार बजेको हुँदो हो । सरासर अनन्तराम दाजुले आफ्नै घरमा लगी बाइक रोक्नुभयो । ओर्लनासाथ आँखाले सरर वरिपरिको दृश्य नियालें । "अबुई ! यस्तो पो भएछ बडाचौर" पुग्नासाथ मुखबाट यै वाक्य निस्क्यो मेरो । सरर नियालेको मात्र थिएँ मैले । सिङ्गो गाउँघर र यताउता त हेर्न /डुल्न बाँकी नै थियो । भाउजूसँग फोनमा यदाकदा कुरा हुने गरेको थियो तापनि यसअघि भेट चाहिं भएको थिएन । खाजा खाइसकेपछि दाजुहरू अनन्तराम र बलरामसँगै सर्वप्रथम म आफ्नो जन्मघर हेर्न भनी गएँ । घरको अगाडि पुगेपछि ठिङ्ग उभिएर एकोहोरो नजरले घरमात्र हेरिरहें । घरअगाडिको त्यो कौशी रहेनछ । घरवरिपरि घुमें । घरपछाडिपट्टिको कोठी पनि रहेनछ । जाँतो थियो कि जस्तो लाग्छ ढिंकी चैं देखिनँ । आँगन के थियो भन्नु र ? घाँस उम्रेको अनि सफासुग्घर पनि नभएको । आँगनको डिलमा रहेको चारैतर्फ हाँगा फैलाएको बडेमानको त्यो बेंडुलाको रुख थिएन । उरिम थिएन । गोठ र कड्कुरो पनि थिएन । कड्कुरोको माथिपट्टि उभिएको त्यो अग्लो बम्बै आँपको रुख मात्र होइन गोठको छेवैमा रहेको रातो बेलौतीको रुख अनि गोलैंची र बेगम्बली फूलका रुखहरू पनि थिएनन् । हाम्रै घरसँगै जोडिएको माहिलो बुबाको घर /आँगन र गोठको समेत थातथलो केही रहेनछ । हजुरबुबाले बनाउनुभएको त्यो घर, जहाँ हाम्रा सबै पिताजीहरूसहित हामी सबै जन्मियौं/हुर्कियौं, सम्पूर्ण पन्थीहरूकै भावना र आस्थाको धरोहर थियो, उफ ! ऐले भने नितान्त फरक । समयको खेलै त मान्नु पर्ला ! जाइ, गोलैंची र बेगम्बलीका मनमोहक रंगीन फूलका रुख र लहरा अनि नासपाती, आँप, बेलौती र बेंडुलाका रुखहरूको बीचमा रहेको शंखघण्टको आवाजसंगै वैदिक मन्त्रोच्चारणसहित नित्य पूजा पाठ र अर्चनाबाट मात्र दिनको सुरूआत हुने त्यो घर अनि अहिले मैले देख्दै गरेको यो घरको बीचमा अहो कति ठूलो भिन्नता भैसकेछ हगि !

पर्सिपल्ट फर्कनैपर्ने बाध्यता थियो मेरो । त्यसैले घुम्ने हतारो थियो मलाई । जन्मघर, खेत, बारी, खोला, खोल्सा, चउर, बाटाघाटा गरी सिङ्गो गाउँ र नजिकका मुख्यमुख्य स्थान त्यही दिन डुल्न भ्याएँ । बलराम दाजु अघि अघि बाटो देखाउँदै जानुहुन्थ्यो बीचमा म थिएँ अनि पछाडिबाट हामी हिंडेडुलेका

ठाउँहरूको दृश्य दाजु अनन्तरामले मोबाइलमा कैद गरिरनुभएको थियो । लामो समयपछि भाइ आए भनी खुशी हुँदै आफ्ना महत्त्वपूर्ण काम जति सप्पै थाती राख्दै मलाई घुम्न/डुल्न दुबै दाजुहरूले खुबै साथ दिनुभयो ।

अर्को दिन बिहान घरमुनि बगिरहेको पवित्र पनाहाखोलामा गई नुहाएँ । म सानो छँदा कति नुहाउथ्यौँ, पौडी खेल्थ्यें हगि ! यो पनाहासंग बिताएका बाल्यकालका दिनहरूको खुबै सम्झना आयो । बिहानको खाना खाइसकेपछि अघिल्लो दिन जान नभ्याइएका वरिपरिका छिमेकी, गाउँघर, खस्यान, गाई चराउन जाने वन आदि सम्झेजतिका ठाउँहरूमा भ्याएसम्म पुग्ने कोशिश गरें । धेरै डुलेर होला दिउँसो भएपछि त थकाइ नै लाग्यो मलाई । त्यो दुई दिनको बसाइमा दशैंको बेला सराएँ खेल्न जाने कोट र तीजको बेला आमाहरू नाचगान गर्न जाने डाँडोमा बाहेक नजिकका लगभग सबैजसो ठाउँहरूमा पुग्न भ्याएँ । सानाठूला कसैका छोराछोरी गाउँमा देखिएनन् । कोही पढ्न भनी त कोही जागिर या इलम इत्यादि गर्न भनी गाउँ छोडी सानैदेखि हिंड्दा रहेछन् । जसको घरमा गयो टक्रक्क बुढाबुढी मात्र ! बसाइसराइ गर्दा माइलो बुबा र साँहिलो बुबाको सिङ्गो परिवार तथा थुप्रै दाजुभाइ, दिदीबहिनी र आफन्तहरूको काखबाट बिदा भएर आएको मलाई यतिखेर भने त्यो बेलाका अधिकांश अग्रजहरूका चेहरा देख्न नपाउँदा यो ठाउँ निकै सुनसान र निरस लाग्यो । पहिलेको तुलनामा सुविधायुक्त घर बनेछन् । घरघरमा खानेपानीका धारा जोडिएछन्, चर्पी बनेछन्, बिजुलीबत्ती पुगेछ । खेतबारीका काल्ना र डिल उधिन्दै बनेका कच्ची बाटोमा धुलो उडाउँदै घरघरसम्म टेम्पो र बाइक पनि पुग्दा रहेछन् । सुकुल/चकटी बिछ्याएर किताबका पन्नाहरूमा कोरिएका मोटरगाडीका चित्र हेर्दै पढ्ने हाम्रा छिंडी /पेटी हुँदै अहिले साँच्चिकैका मोटर ओहोरदोहोर गर्दारहेछन् । सिङ्गो गाउँ/समाजले यस्तो सुविधा भोगेको आफ्नै आँखाले देख्न पाउँदा खुशी त लाग्दो नै रहेछ परन्तु दुईचारवटा कुराले चाहिं मनै कुँड्यायो मेरो ।

हाम्रा आफ्नै मूल्य, मान्यता र रीतिथितिमा चल्दै आएको बडाचौर त्यस्तो देखिएन अहिले । गाउँको नाम सुन्दा बित्तिकै बडो आदर र श्रद्धाले हेरिने त्यो बडाचौर हराएर कतै अन्त गएजस्तो पो देखें मैले । पितापुर्खादेखि हाम्रो पिंढीसम्मका पुस्ताहरू जन्मेका, हुर्केका र खेलेका घर, आँगन, गोठ, बङ्गला, उरिम, कड्कुरा र पँधेरा जस्ता भौतिक संरचनाहरू सप्पै भत्किएछन्, नासिएछन्, मासिएछन् । धन्सार भरिभराउ पार्ने घरमुनिका बारी/ पाटा मासेर निर्माण गरिएको नयाँ बस्ती र बस्तीमा देखिने बेग्लैखालको रहन सहन, आनीबानी, संस्कार र चालचलन देख्दा स्वयम् जन्मेहुर्केको ठाउँमा पुग्दापुग्दै पनि कतै अन्यत्र पुगेको भान भयो मलाई । गाउँको बीचभागमा झुम्म परेको हराभरा बेलको रुख थियो । कठै अहिले त हाँगाबिँगा काटिए र लुख्रुक्क परी जेनतेन उभिएको मात्र रहेछ । हामी बस्ने घरहरूदेखि तल्तिर ठूलो चउर थियो । चउर ठूलो

भएकैले गाउँको नाम बडाचौर भएको हो । अहा ! कति रमणीय थियो त्यो चउर । फन्को मारीमारी गाई/भैंसी चर्दै गरेको, हामी ससाना केटाकेटी उफ्रेको, खेलेको अनि फुर्सदको बेला बाआमाहरू त्यही पिपलको रुखमुनि बसी थकाइ मार्दै गरेको त्यो बेलाको दृश्य सम्झेँ । हरेक दिन जसो सबै जना पुग्ने त्यो चउर सिङ्गो गाउँकै गहना थियो । उफ ! त्यो विशाल साझा चउर त अहिले जबर्जस्ती खुम्चिन बाध्य भई अस्तित्व रक्षाको लागि मानौं याचना गरिरहेको जस्तो पो देखियो । चउरको बीचमा रहेको चारैतर्फ फैलिएका मोटा लामालामा हाँगाबिँगासहितको त्यो विशाल पिपल वृक्ष पनि हाँगा बिँगा काटिएर बुच्चो भएछ । सायद भगवान् विष्णुको रूप भएकैले मात्र होला नाश हुन चैं पाएनछ त्यो । अन्यथा बारीका काल्ना र डिलमा रहेका बडेमान्का बेंडुला, दब्दबे, कुट्मिरा, चिउरी आदि रुखहरूले झैँ यसले पनि सदाका लागि आफ्नो अस्तित्व गुमाइसकेको हुने थियो । हाम्रा पिता/पुर्खाका रगत र पसिनाले सिंचित ती खेत, बारीका ढिक र काल्नामा देखिने हरियाली क्रमशः हराउँदै गएछ । आधाबढी बारी बाँझै हुँदा रहेछन् । खेत पनि पूरै नरोपिने रहेछ । गरेर खानेभन्दा पनि किनेर खाने राष्ट्रिय संस्कृतिले यता पनि खुबै छोएको रहेछ । गिट्टी/बालुवाको अनियन्त्रित खोदन र दोहनले गर्दा घरमुनि सुस्केरा हाल्दै बगिरहने त्यो पनाहा खोलो हरेक वर्ष भासिँदै भासिंदै तल पुगिसकेछ । जे होस् दुरूस्तै नहून् सही तर पनि त्यही चउर, पिपल र बेलको रुख अनि बगिरहेको पनाहा खोलो नै बडाचौरको अस्तित्वलाई केही हदसम्म भए पनि बचाइराख्न सफल प्राकृतिक सम्पदा हुन्, धरोहर हुन् ।

साहिँलो बुबाका तीन भाइ छोराहरू आआफ्नो परिवारसहित सुख सन्तोषका साथ बस्नुभएको रहेछ । आजपर्यन्त पुर्खाको थलोमै बसेर जन्मस्थललाई पन्थीविहीन हुनबाट बचाउनुभएकोमा दाजुहरू धन्यवादका पात्र हुनुहुन्छ । दाजुभाउजूहरूसंगको भेटघाटले केही हदसम्म नियास्रो त मेटियो नै परन्तु जीवित क्यै आफन्त र इस्टमित्रहरूसँगको भेटघाटले मात्र मनमा आनन्द नआउँदोरहेछ । आफू उफ्रेको, खेलेको त्यै चउर, बाटोघाटो, पँधेरो, उकालीओराली, वन, जङ्गल, खेत र नदीनालाजस्ता प्राकृतिक वस्तुहरूको मौलिकता र सुन्दरता हेर्न/देख्न पाउँदा नै मन खुशी हुँदोरहेछ, प्रफुल्लित र आह्लादित हुँदो रहेछ ।

यात्राको अन्तिम दिन

भोलिपल्ट बिहानै हिँड्नु थियो मैले । हिड्ने दिनको रात खै किन हो मनभरि सिङ्गो गाउँ र वरिपरिको दृश्य मात्रै नाँचिरह्यो । भोलि बिहान ६:०० बजेको गाडी भेट्टाउन पल्लो गाउँ गाडापारी जानुपर्ने हुँदा त्यही सोंच्दै बेलुकी सुतें । बिहान उठ्दा उज्यालो हुनैं थालेको रहेछ । चिया खाईवरि गर्दा हिड्ने बेला भइसकेको थियो । हिंड्नें भनेपछि त्यसै त्यसै मन अमिलो भएर आयो ।

दाजुभाउजूहरूसँग बिदा भई एकाबिहानै त्यो थलोबाट अलग्गिएँ । पनाहा खोलो तरेर उकालो लाग्नुअघि जन्मभूमिलाई नमन गर्दै एकपटक फेरि सिंगो गाउँ हेर्दै मधेशतिरको यात्रातर्फ फेरि लागें म । गाडी आउने ठाउँसम्म दाजु अनन्तराम बाइकमा छोड्न आउनुभयो । जीपमा चढेर नाम सुनेका तर यस अघि कहिल्यै नदेखेका पुर्कोट दह, सौतामारे, कंकेदेउराली आदि ठाउँहरू हेर्दै हेर्दै सन्धिखर्क हुँदै बुटवल पुगेर मैले यसपालिको पाँच दिनको जन्मघरतर्फको यात्रालाई बिट मारें ।

अन्तमा

यो पटक जानुअघि किन यति लामो समयसम्म पनि जन्मथलो गैनछु म ? त्यो ठाउँमा नगई यतिका वर्षसम्म कसरी थामेर राख्न सकें हुँला मैले आफूलाई ? फुर्सद नमिलेको बहाना गर्दै जन्म दिने माटोप्रति यति बिघ्न कठोर हुने के मजस्तै अरू पनि होलान् र खै ? जन्मथलोप्रति यति विघ्न माया ममता दर्शाउने मबाट जन्मथलोले यस प्रश्नको जवाफ सधै मागिरहनेछ परन्तु उपुक्त जवाफ चाहिं सायद कहिल्यै दिन सक्ने छैन म । आफू जन्मेको माटोमा कत्रो माया र शक्ति लुकेर बसेको हुँदो रहेछ हँ ? जन्मथलो छोडेर हिंड्ने मजस्ताहरूको छातीमा पनि माया र प्रेमको अविरल गंगा बगाइरहने अनि सानिध्यता र सामीप्यताको डोरीले सदा बाँधिरहने ! अस्तु !

९ असोज, २०७९

ooo

जिल्ला प्रशासन कार्यालय

गुल्मीको सूचना

२०७९ साल मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा सबै सक्रियतापूर्वक सहभागी बन्नुहोस् । कसैको डर, धाक, धम्की, लोभ, प्रलोभनमा नपरी स्वतन्त्रतापूर्वक आफ्नो गोप्य मतदानको निर्धक्कसँग प्रयोग गर्नुहोस् ।

सरकार पो किन चाहियो ?

✍ डा.सीता सुवेदी पन्थी
उपल्लो तम्घास, गुल्मी

सिङ्गो राष्ट्र फुटाउने अविवेक स्वार्थ सधैँभरि
आशा मर्दछ लोकको मन दुःखमा छ त्यसै गरी
होमी जीवन क्रान्तिमा गणतन्त्र यो जब पाइयो
गन्धा खेल सधैँ भए सरकार पो किन चाहियो ?

स्वेच्छाचार गरी तिमी अघि बढ्दछौ किन देशमा
बेच्छौ स्वत्व भने उसै किन देखियौ नव भेषमा
तिम्रा चाल कुचालमा पथभ्रष्टको मति पाइयो
आशा मार्छ सधैँ भने सरकार पो किन चाहियो ?

भाषा, धर्म, अनेकता पहिचान वैभव नासिए
पुर्खाका बलिदानका अभिमान ती सब भासिए
आफ्ना मौलिकता हटे नव गान विस्मित गाइयो
डुब्दा देश रमाउने सरकार पो किन चाहियो ?

आगो लाउँछ देशमा अनि छर्छ भष्म जताततै
रम्ने चित्र विचित्रले सब नीच कर्म समाउँदै
मोल्दा पाउ विदेशका उपहार दौलत पाइयो
तोड्छौ नीति स्वयम् भने सरकार पो किन चाहियो ?

भ्रष्टाचार, विकारको नव जाल त्यो सब देखियो
कालो कर्तुत सारमा इतिहासमै अब लेखियो
देशाचार हराउँदा जग मैलिएर विषाक्त भो
सीमा छैन विध्वंसको सरकार पो किन चाहियो ?

ooo

काठमाडौं उपत्यकाभित्रका 'हाम्रो पुरुषार्थ'का स्थायी र आजीवन ग्राहक एवम् लेखक र कविहरूले भक्तपुर बसस्टप नजिकै बागबजार, काठमाडौंमा रहेको

भण्डारी बुक्स एण्ड स्टेशनरीज

(फोन नं. ०१-४२४१४८५/२६०९०६)

बाट आफ्नो प्रति बुझेर लैजानका लागि हामी अनुरोध गर्दछौं ।

हाम्रो पुरुषार्थ (त्रैमासिक)

स्वर्गको आँखीझ्यालबाट दुर्योधन

✍ **डा. उत्तम पच्या**
तम्घास अस्पताल, गुल्मी

हे ! भ्राता युधिष्ठर !
तिमीले कुरुक्षेत्रको युद्ध जित्यौ
युद्धमा हामी सय भाइले
मृत्युवरण गर्‍यौं
मेरा मातापिता वनबास गए
तिम्री ममतामयी माता पनि वनबास गइन्
मसँग एघार अक्षौहिणी सेना थियो
तिमीसँग सात अक्षौहिणी सेना थियो
तै पनि तिम्रो जित भयो
तिमीसँग थियो नैतिक बल
मसँग मात्र सैन्यबल
तिमीलाई सबैको साथ थियो
तिम्रा शत्रुपक्षको पनि
सबैबाट थियो विजयश्रीको आशीर्वाद तिमीलाई
मलाई त पूजनीया माताको पनि
थिएन आशीर्वाद विजयश्रीको,
मसँग भीष्म पितामह थिए सेनापति
जसलाई भगवान् परशुरामले पनि सकेनन् हराउन
मसँग गुरु द्रोण थिए
जसलाई उनी स्वयंबाहेक अरू कसैले सक्दैनथ्यो हराउन
मसँग कर्ण थिए, कृप थिए, शल्य थिए–महावीरहरू
मसँग अवध्य चिरञ्जीवी अश्वत्थामा थिए
प्रशस्त महारथि थिए
तर पनि एक्लो थिएँ म
हे सत्यवादी युधिष्ठिर !
तिमीले महात्मा भीष्मको स्नेह पायौ ।
भीष्मले आफ्नो मृत्युको उपाय आफै बताए
छल गरी मारिए महात्मा द्रोण
मार्‍यौ कर्णलाई पनि निःशस्त्र हुँदा युद्धमा
गदायुद्धको नियमविरूद्ध श्रीकृष्णको उल्क्याहटमा
भीमसेनले मार्‍यो मलाई
तिमीसँग समर्पित
भाइहरू थिए

द्यूतक्रीडामा पनि आफूलाई दाउमा राख्दा
चूपचाप रहने भाइहरू थिए
चमत्कारी कृष्ण थिए लीलापुरुष
रणनीतिकार उनै थिए हितैषी
भलै अस्त्र लिएनन् युद्धमा
रणनीतिका अस्त्रहरू चलाए सबै
बाहुबलमा विश्वास गरें मैले
मेरा महारथिहरूको मानिसक बल
मतिर थिएन
केवल तिमीतिरै भएको भान हुन्थ्यो
यस्तै मानसिक प्रतिकूलतामा
लडेको थिएँ म कुरुक्षेत्रमा
तापनि
आफ्नो शौर्य उच्च राखें, राख्न सकें
म नमरी मैले हारिनँ युधिष्ठिर !

हे धर्मराज युधिष्ठिर
स्वर्गको अटालीबाट नियाल्दै छु तिमीलाई
म त अहिले मर्त्यका शोक, मृत्यु, व्याधि र जराबाट मुक्त स्वर्गमा
सुखैसुखमा छु
के पायौ तिमीले कुरुक्षेत्रको युद्धबाट
यश पायौ ? शक्ति पायौ ?
सामर्थ्य पायौ ? शौर्य पायौ ?
राज्य पायौ ? चक्रवर्ती सम्राट् बन्यौ ?
ती सबै के मैले पाएको थिइनँ ?
केवल बन्धुबान्धवका रगत्ले सिञ्चित माटो पायौ
तिमीले केवल खरानी र शून्यताले साटेको राजगद्दी पायौ
बस, अनन्तकालसम्म राज्य गर ।
के तिम्रो मनमा शान्ति छ ? खुशी छ ? आनन्द छ ?
के तिम्रो शरीरमा शीतलता छ ?
ज्ञानी तिमी, धर्मराज तिमी
सत्यवादी तिमी, तार्किक तिमी
तिमी आफै भन
कुरुक्षेत्र युद्ध
धर्मयुद्ध थियो वा पापयुद्ध ?

ooo

बुद्धदर्शन र शान्ति

✍ **कविता पन्थी**
तिलोत्तमा-२, शंकरनगर, रूपन्देही

समग्र नेपाल देवभूमि हो, ज्ञानभूमि हो, तपोभूमि हो । यही माटोमा थुप्रै ब्रह्मर्षि, महर्षि, राजर्षिहरूले ज्ञानगंगा बगाएथे । महामानव गौतम बुद्धले पनि यही माटोमा समस्त मानव समुदायलाई सन्देश दिएथे, शान्ति र अहिंसाको सन्देश, प्रेम र सत्यको सन्देश । यही माटोबाटै विश्वलाई शान्ति र मानवताको स्वर उठाउने सन्देश जन्मेको थियो । एउटा उज्यालो उठेको थियो र सत्य, प्रेम, अहिंसाको सन्देश दिग्दिगन्तसम्म फैलिएको थियो । त्यो उज्यालो, त्यो दियालो थियो बुद्धका ज्ञान, विचार र सन्देशको । बुद्धका विचार र शिक्षालाई बुद्धदर्शन भनिन्छ, बुद्धका आचारहरूलाई बुद्ध धर्म भनिन्छ । बुद्ध ढोंगी थिएनन् । बुद्ध आडम्बरी थिएनन्, सत्य र सदाचारका संप्रेषक बुद्ध यथाकारी, तथाकारी थिए । सम्पूर्ण क्लेशले मुक्त बुद्धलाई भगवान् पनि भनिन्छ ।

शान्ति, प्रेम, ब्रह्मचर्य, अस्तेय, अपरिग्रहका वक्तामात्र थिएनन् उनी प्रयोक्ता पनि थिए । हो नेपालमा जन्मेका तिनै शाक्यमुनि गौतम बुद्धको दर्शन बुद्ध दर्शन हो । यो कुनै आडम्बर, परम्परा होइन । बुद्ध दर्शनको अभीष्ट शान्ति हो । अशान्ति नभएको अवस्थालाई शान्ति भनिन्छ । हाम्रो मनमा हुने राग, द्वेष, मद, मात्सर्य, काम, क्रोधले हाम्रो मनलाई अशान्त पार्दछन् । बुद्धदर्शनमा शान्ति मार्गको रूपमा चतुर्ब्रह्म विहारको कुरा महत्त्वपूर्ण सावित हुन्छ । यो ध्यानको लागि मात्र नभई हरेक व्यावहारिक जीवनमा लागू गर्दा शान्ति प्राप्त हुन्छ । चारवटा ब्रह्मविहारको रूपमा मैत्री, करुणा, उपेक्षा र मुदितालाई लिइन्छ । सबैभन्दा महत्त्वपूर्ण कुरा त सबभन्दा पहिला मानिसले आफ्नो मनलाई जित्न सक्नुपर्छ । आफूबाट शुरू गर्नुपर्छ । शान्ति, अहिंसा र सत्यको सन्देश जोगाउन मैत्री भावना गर्नुपर्छ,मंगल सोच्नुपर्छ । आफू मंगल भएपछि अरूलाई पनि मंगलमय बाटोमा ल्याउन सकिन्छ । करुणावान् हुनुपर्छ, उपेक्षा र मुदितापूर्ण बन्नुपर्छ । कति वैज्ञानिक र तथ्यपूर्ण छ बुद्धदर्शन । यसले सुखमा नमात्तिन, दुःखमा नआत्तिन सिकाउँछ, आत्मसंयमी हुन सिकाउँछ, त्यसैले त आजको समाजमा मानवकल्याणको लागि यो महत्त्वपूर्ण बनेको छ ।

बुद्धधर्म क्षणिकवादलाई मान्छ । बुद्ध दर्शनका त्रि-लक्षण हुन्ः- दुःख, अनात्म र अनित्य । जबसम्म मानिसले यी तीन लक्षण बुझ्दैन तबसम्म दुःखैदुःखको भुलभुलैयामा रमिरहनु सिवाय विकल्प हुँदैन । जीवनको अनित्यताको बोध नै वास्तवमा सुखी जीवन जिउने आधार हो । नित्य केही छैन, सबै अनित्य छ भन्ने बोध हुँदाका समय मानिस सदाचारी बन्छ । रूप, सौन्दर्य, धन, पद, प्रतिष्ठा आदि सबै अनित्य छन् । अरू त अरू मानव जीवन आफै अनित्य छ

भन्ने बोध गराउन सके मानवमात्रमा चेतना जागृत हुन्थ्यो, जनावर र मानिसमा बल्ल भेद हुन्थ्यो, तब बल्ल मीठो हाँसो र मुस्कानले समाज बदल्थ्यो ।

बुद्धदर्शन अनात्मवादी दर्शन हो । ईश्वर, आत्मालाई मान्दैन । कर्म सिद्धान्तलाई मान्छ । जसले राम्रो कर्म गर्छ, उसले राम्रो फल पाउँछ, यसले मानिसलाई सत्कर्मतर्फ उत्प्रेरित गरिरहन्छ ।

बुद्धको अद्‌भुत खोज प्रतित्य समुत्पादको सिद्धान्त हो । यसलाई कार्य-कारणको सिद्धान्त भनिन्छ । यो आजका नवीनतम वैज्ञानिकहरूले पनि स्वीकार गरिसकेका छन् । कारण नभई कुनै कार्य हुँदैन । समाजमा शान्ति कायम गर्नुछ, यसको कारण के छ त ? पत्ता लगाउन पनि यो महत्त्वपूर्ण छ । यसलाई पश्चिमा विद्वान्हरूले आफ्ना खोज- अनुसन्धानमा उपयोग गरेका छन् ।

वास्तवमा बुद्ध दर्शन आचार र विचार समान हुनुपर्छ भन्ने मान्यता राख्ने दर्शन हो । आजभोलि यस दर्शनमा आडम्बर, पाखण्ड केही मात्रामा घुसेको अनुभव हुन्छ । बुद्ध जसरी यथाकारी तथाकारी थिए, भनाइ र गराइमा विभेद थिएन । वास्तवमा शान्ति, अमन चयन कायम गर्न बुद्धका सिद्धान्तहरू यथाभूत रूपमा अपनाउनु आजको आवश्यकता हो । बुद्धलाई विश्वका पहिलो मनोवैज्ञानिक भनेर पनि भनिन्छ । बुद्धदर्शनमा हामीले पाउँछौं मनका कुराहरू, मनका प्रधानताका कुराहरू । धम्मपदमा बुद्धले मन नै सर्वश्रेष्ठ हो, मनले नै मान्छेलाई यताउता गराउँछ भनेर मनको सर्वोच्चतामा जोड दिएका छन् ।

बुद्धले उपदेश दिने तरिका पनि अद्‌भुत थियो । उनले मानिसको मनलाई प्रभावित पार्न सक्ने खुबी राख्दथे । कृषा गौतमी, राजकुमारी खेमा, अंगुलीमाल, आलवक दैत्य, भद्र कुण्डल केशा, आम्रपाली, उत्तरालगायतका व्यक्तिहरूलाई बुद्धले मैत्री, करुणा, शान्तिको सन्देश मनोचिकित्सको तवरले दिएका थिए ।

धन, वैभव मात्र पनि सुखका कारक तत्त्व होइनन् । अतिबाट मानिस बच्नुपर्छ भन्ने सन्देश बुद्धदर्शनमा पाइन्छ । २ वटा अतिबाट मानिसलाई शान्ति प्राप्त हुँदैन । बुद्ध वैभवशाली राजकुमार थिए, सांसारिक सुखभोग प्राप्त थियो । उनी शान्त र सुखी थिएनन्, पछि ६ वर्षसम्म दुष्कर चर्या गरे, यसबाट पनि सुख, शान्ति, ज्ञान प्राप्त हुन सकेन । तत्पश्चात् उनले मध्यममार्ग रोजे । मध्यममार्गबाट शान्ति प्राप्त भयो, ज्ञान प्राप्त भयो । यसबाट आजको मानव समुदायले सन्देश लिनुपर्छः- दुईवटा अतिबाट बचेर नै शान्ति प्राप्त गर्न सकिन्छ, ज्ञान प्राप्त गर्न सकिन्छ भनेर । भगवान् बुद्धले आफ्नो दर्शनमा मानव जीवन र जगत्का सम्पूर्ण पक्षमा प्रकाश पारेका छन् । त्यसैले त आजको समयमा बुद्ध दर्शनको प्रांसगिकता बढ्दै गएको छ । राजनीति, शासन व्यवस्था, सामाजिक कल्याणका कुराहरू, वर्ग, वर्ण विभेदका कुराहरू, जातीयताका कुराहरूमा बुद्धदर्शनमा प्रकाश पारिएको छ ।

शासन व्यवस्था कस्तो हुनुपर्छ, शासक कस्तो हुनुपर्छ, समाज कल्याण कसरी गर्न सकिन्छ ? कस्तो व्यवस्थाले शान्ति र समृद्धिले स्थायित्व प्राप्त गर्न सक्छ ? यी प्रश्नहरूका उत्तर बुद्धदर्शनमा छन् । बुद्धको समयमा बुद्धले चतुः परिषद्को व्यवस्था गरेका थिए । बुद्ध, धर्म, संघको महत्त्वको चर्चा छ । यसबाट बुद्धको प्रजातान्त्रिक दृष्टिकोण झल्कन्छ । बुद्धले तत्कालीन राजाहरू प्रसेनजित र बिम्बिसारलाई बेलाबेलामा दिएका उपदेशमा पनि शासक दूरदर्शी हुनुपर्ने, सानो राज्यलाई थिचोमिचो गर्न नहुने, जनताका सुखदुःखको ख्याल गर्नुपर्ने सन्देश दिइएका उदाहरणबाट पनि यो कुरा पुष्टि हुन्छ । बुद्धले दशवटा राजधर्मको बारेमा पनि उल्लेख गरेका छन् ।

देशमा शान्ति, विश्वमा शान्ति कायम गर्न सर्वप्रथम राजनीतिक स्थायित्व हुन जरूरी छ । राजनीतिक स्थायित्वका लागि नेता, शासक, राजा बुद्धिमत्तापूर्ण तवरले शासन संचालन गर्न सक्ने हुनुपर्नेमा बुद्धदर्शनले जोड दिएको छ ।

मानिसको मन नै शान्ति र अशान्तिको लागि कारक हुन्छ । अशान्तिको बीज मानव मनभित्रै हुन्छ । राग, द्वेष, क्लेशलाई हटाउन जाने मात्रै शान्ति मिल्छ, त्यो शान्ति मिल्ने उपाय र बाटो बुद्धले सुझाएका छन्, सिकाएका छन् । आजभन्दा करिब २६ सय वर्षपहिले बुद्धद्वारा दिइएका सन्देशहरू, शिक्षाहरू आज पनि उत्तिकै सान्दर्भिक र सार्वजनिन छन् । बुद्धका विचार जस्तै बुद्धका आचार, व्यवहार पनि उत्तिकै पवित्र थिए । तिनै आचार, विचार, व्यवहारको सँगालो बुद्धदर्शन हो । बुद्धले जरा, जन्म, व्याधि र मृत्युको तत्त्वबोध भएपछि बुद्धत्व प्राप्त गरे, ज्ञान प्राप्त गरे । ज्ञान प्राप्तिपछिको ४५ वर्षको समय विभिन्न ग्राम-ग्राम, निगम-निगम, देश देशावरमा चारिका गर्दै बिताए । यसको एउटा मात्र उद्देश्य थियो, त्यो हो मानव मात्रको कल्याण, मानव मात्रको शान्ति । बहुजन हिताय बहुजन सुखायको कामनासाथ सजिलै प्राप्त राजगद्दी, सुख, वैभव छाडेर हिडेका गौतम बुद्धका सन्देशहरू लोककल्याणका सन्देश हुन्, विचार हुन्, दर्शन हुन् । जसको आलोकमा आजको दग्ध, हिंस्रक, अराजक विश्वमा शान्तिको कामना गर्न सकिन्छ, शान्तिको बिगुल फुक्न सकिन्छ । जसको उच्चारण र नाम सुन्दैमा शुष्क ओठमा मुस्कान भरिन पुग्छ । बुद्धका विचारहरू, दर्शनहरूलाई विभिन्न बौद्ध संगायनमार्फत सुरक्षित गरिएको छ । त्रिपिटक ग्रन्थमा सुरक्षित छन् । बुद्धवाणीहरू, अट्ठकथाहरू, अवदान र जातक कथाहरूमा वर्णित विषयवस्तुहरू मानवमात्रको हाँसो र सुखका कारक बन्न सक्छन् ।

बुद्ध धर्मको मुख्य सार नै शान्ति र अहिंसा हो । "लोकाः समस्ता सुखिनो भवन्तु" लोकका सबै मान्छे सुखी र खुशी होऊन् । यस्तो आशय बोकेको बुद्धदर्शन कल्याणकारी दर्शन हो । यसलाई यथार्थवाद र आदर्शवादको समन्वयको रूपमा पनि लिने गरिन्छ ।

बुद्धका पंचशीलका सिद्धान्तहरू नै यो संसारमा शान्ति स्थापित गर्नमा धेरै नै महत्त्वपूर्ण छन् । प्राणीहिंसा नगर्नू, चोरी नगर्नू, झूठो नबोल्नू, व्यभिचार नगर्नू, मादक पदार्थको सेवन नगर्नू । यी पंचशील हुन् । सुन्दा र पढ्दा सामान्य लाग्न सक्छ । अहिले हामी सूचना प्रविधिले धपम्क बलेको समाजमा छौं । हत्या र हिंसाका समाचार सुनेर हामी आत्तिन्छौं, बलात्कारकारका दिनहुँ हुने घटनाका समाचार पढेर हाम्रो मन आहत हुन्छ, चोरी, तस्करी, कालो बजारी दैनन्दिनका समाचारका विषयवस्तु बनेका छन् । पद र प्रतिष्ठाका लागि मानिसहरू झूठो बोलेका छन् । व्यभिचारका घट्नाले पारिवारिक विखण्डनका घटनाहरू बढेका छन् । मादक पदार्थको सेवनले आफ्नो होस गुमाउँदा जस्तोसुकै आपराधिक कर्म मानिसले गरेको छ । हो यस्ता घटनाहरूले हाम्रो समाज, देश, विश्वकै शान्ति खल्बल्याएको छ । अमन चयन नाश गरेको छ । यस्तो पारिस्थितिमा थोरैभन्दा थोरै मात्रामा भए पनि बुद्धदर्शनको ज्ञानले शान्ति, सदाचार र मानवकल्याणमा टेवा पुर्‍याउन सक्छ ।

बुद्धले मानव जीवनका सम्पूर्ण पक्षमा काम लाग्ने उपदेशहरू दिनुभएको छ । वास्तवमा बुद्ध दर्शन, बुद्ध शिक्षा नैतिकता र सदाचारको शिक्षा हो । जबसम्म मान्छेमा यस्तो ज्ञान र चेतना हुँदैन, विश्व समुदाय अशान्तिको चंगुलमा नै रहन्छ । बुद्धले आफ्नो देशनामा चार आर्यसत्यको उपदेश दिनुभएको छ । दुःखको कुरा गरेको भन्दै केही पश्चिमा विद्वान्हरूले बुद्धदर्शनलाई निराशावादी दर्शनसम्म पनि भनेका छन् । तर बुद्धले संसारमा दुःख छ, दुःखको कारण छ, दुःख निवारणका उपायहरू पनि छन् भनेर निर्वाणको बाटो खोलिदिनुभएको छ । यो त आशावादी दर्शन हो, शान्तिकामी दर्शन हो । भौतिकताले दग्ध, रूपैयाँ पैसामा प्रतिदिन पछि पर्ने आजको मान्छे वास्तवमै दुःखी छ, त्यो दुःखबाट मुक्ति पाउन बुद्धका आर्य अष्टाङ्गिक मार्गहरू संजीवनी बुटीतुल्य छन् । सम्यक् आजीविका अपनाएर सम्यक् जीवनयापन गर्ने मानिस कहिले पनि दुःखी बन्नुपर्दैन । सम्यक् दृष्टि, सम्यक् संकल्प, सम्यक् कर्म, सम्यक् वचन, सम्यक् आजीविका, सम्यक् व्यायाम, सम्यक् स्मृति सम्यक् समाधि यी आठवटा मार्ग हुन् । यिनी आर्य अष्टाङ्गिक मार्ग भनेर बुद्धदर्शनमा महत्त्वपूर्ण विषय हुन् । हातहतियारको व्यापार नगर्ने, विषको व्यापार नगर्ने, प्राणीहत्या नगर्ने, मानव बेचविखन नगर्ने हो भने नै विश्वबाट अशान्ति लोप भएर जान्छ । युद्ध, हत्या, हिंसाको विभीषिकामा आजको मान्छे पिल्सिनु पर्दैन । सद्‌विचार, सम्यक् आहार, व्यवहार, नम्र मीठो बोली, ध्यान, साधनाले मानिसलाई सदैव सत्कर्मतर्फ उत्प्रेरित गर्छ । हरेक मानिसभित्र बुद्धबीज हुन्छ । उसको कर्म, उसको संस्कारले उसलाई नराम्रो बन्न प्रेरित गरिरहन्छ । जसरी बादल लागेको बेलामा सूर्यलाई देख्न सकिदैन, त्यसरी नै राग, द्वेष, क्लेशले दूषित र कलुषित गराएको हाम्रो मनले बुद्धत्व ग्रहण गर्न सक्दैन । बुद्धले भनेका छन् - घृणा व्यक्तिलाई होइन उसको पाप कर्मलाई गर्नुपर्छ । व्यक्ति त आफूभित्रको अज्ञानको तुवाँलो हटाएर ज्ञान, प्रेम, प्रज्ञाको दियो जलाउन सक्यो भने स्वतः ज्ञानी बन्छ ।

बुद्धको दर्शनमा शील, समाधि र प्रज्ञाको ठूलो चर्चा छ । शील, समाधि र प्रज्ञाबाटै मानिस निर्वाण प्राप्त गर्न सक्छ । बुद्धले 'अक्रोधेन जितं क्रोधं' भनेर भनेका छन् । क्रोधलाई शान्त पार्न अक्रोध चाहिन्छ । यस्ता खालका बुद्धको जीवनमा घटेका, बुद्धले व्यवहारमा देखाएका उदाहरणहरू आज हाम्रो लागि भावी पिंढीको लागि मार्ग दर्शन बनेका छन् । बुद्धदर्शनमा त्याग र समर्पणको कुरा छ । लोभ, मोह, अहंकारलाई नाश गर्ने, तृष्णालाई शमन गर्न सक्नेले शान्ति प्राप्त गर्न सक्छ । राजा विलासी हुन नहुने, यदि राजा विलासी भए, त्यही राजा र प्रजाबीचको मतभेदको कारक बन्न सक्ने बुद्धदर्शनमा उल्लिखित छ । यसबाट बुद्धदर्शनको ज्ञान राजादेखि रंकसम्म सबैले गर्नु जरूरी छ । जबसम्म शासक नैतिकवान् हुँदैन, सच्चरित्रवान् हुँदैन, जनमतको कदर गर्ने हुँदैन, तबसम्म मुलुकमा शान्ति, स्थायित्व र समृद्धिको झण्डा लहराउँदैन । नैतिकता र सदाचारिता, शान्ति र करुणा, अहिंसा, समर्पण र त्यागले नै शान्तिको बिगुल फुक्छ, ज्ञान र प्रज्ञानको प्राप्ति हुन्छ । बुद्धदर्शन भनेर हामीले केवल त्रिपिटकका पाना पल्टाएर अध्ययन गर्नु फलिभूत हुँदैन । बुद्धादर्शन भनेको बुद्धको दर्शन हो, आचार र विचारको सम्मिश्रण हो, यथाकारी र तथाकारी बुद्ध जीवनको प्रतिबिम्ब हो । जसरी बुद्ध त्याग र समर्पणका प्रतीक हुन् । सजिलै प्राप्त राजगद्दी र सुख सुविधा त्याग्ने त्यागी हुन् । त्यस्तै प्रकारको त्याग र समर्पण नेतृत्व वर्गमा चाहिन्छ । आज हामी शान्तिपूर्ण समाजको परिकल्पना गर्छौं भने सबभन्दा पहिला नेतृत्ववर्गलाई बुद्धदर्शनको ज्ञान दिनु जरूरी छ । जबसम्म नेता बन्दैन, जनता कसरी बन्छ । भष्ट्राचार, भोग-विलासी प्रवृत्ति, सम्पति संग्रहको भोक, नातावाद र कृपावादको एकोहोरो रटानले देशलाई समृद्धिको सट्टा पतनको बाटोतर्फ लैजान्छ । यसबाट मुक्ति पाउन यथाकारी तथाकारी बुद्धको जीवन, बुद्धको दर्शनबाट नेतृत्व वर्गलाई सुसूचित र सुशिक्षित गर्नु जरूरी छ ।

धन, वैभव मात्र शान्तिका कारक होइनन्, आत्मिक शान्तिको लागि हत्या, हिंसा त्याग्नुपर्छ, भोगविलासी प्रवृत्ति त्याग्नुपर्छ, बुद्ध दर्शन बुझ्नुपर्छ, बुद्धपथमा हिड्नुपर्छ भनेर इतिहासले नै हामीलाई सिकाएको छ । भारतवर्षका महान् सम्राट् अशोकले कलिंगको युद्धमा विजयको उद्घोषसँगै सुखको अपेक्षा गरेका थिए, आनन्दको अपेक्षा गरेका थिए । युद्धको विभीषिका, हिंसा, रक्तरंजित युद्ध मैदानले उनको मनमा हलचल ल्याइदियो । त्यो हलचल मनलाई शान्ति दियो त केवल बुद्धदर्शनले । अन्ततः युद्धको मैदानमा खुशी देख्ने, जितमा रमाउने सम्राट् बुद्धपथका अनुयायी बने । आजीवन बुद्धदर्शन र बुद्धधर्मको प्रचारप्रसारमा लागे । उनलाई नमन गर्नैपर्छ, उनैका कारणले हाम्रो लुम्बिनी पवित्र बुद्धजन्मस्थल हो भन्ने प्रमाणित भएको हो ।

वास्तवमा सुख, शान्ति, अमन चयन मनको भित्री कुनाबाट अनुभूत गरिने विषयवस्तु हुन् । मानसिक शान्ति नै वास्तवमा शान्ति हो । मानसिक शान्ति

प्राप्त हुन्छ त केवल बुद्धका दर्शनबाट, बुद्धका सन्देश र करूणामयी विचारहरूबाट । आज संसार वैज्ञानिक विकासको पथमा अग्रसर छ । भौतिक विकासले सीमा नाघिसकेको छ । विकासको यो यात्रामा आजको मानिसले गुमाउँदै छ मानसिक शान्ति । पश्चिमा मुलुकहरूमा आज मानसिक रोगले ग्रस्त जनसंख्या बढ्दो छ । पैसा छ, भौतिक सुख छ, सुविधा छ तर छैन मानसिक शान्ति । यसको लागि कुनै आधुनिक उपचारपद्धति प्रभावकारी छैन ।

त्यस्तो परिस्थितिमा पनि बुद्ध दर्शन आज औषधि बनेको छ, मल्हम बनेको छ । मनोविकार मानसिक विचलनले चहर्‍याइरहेको घाउमा मल्हम छैन, शीतलताको औषधि बौद्ध दर्शन बनेको छ । आज विश्वका ६० वटा भन्दा बढी स्थानमा विपश्यना शिविर संचालन छन् । मानिसलाई भग्न, दग्ध मनोविकारबाट सुरक्षित शान्तिपूर्ण मनोदशातर्फ उद्यत बनाउन यो विपश्यना ध्यानपद्धति बुद्धकै उपहार हो । बुद्धले मनको भित्री तहमा पुगेर सत्य ज्ञान बुझ्ने ध्यानपद्धतिको विकास गरेका थिए । यो ध्यान आज विश्वभर मानसिक शान्ति कायम गर्न, प्राप्त गर्नको लागि चर्चित भएको छ । वि-विशेष रूपले, पश्यना-हेर्ने जीवन जगत्लाई विशेष रूपले हेर्ने, जे छ, त्यही हेर्ने ध्यान विपश्यना ध्यान हो । यसले मनोविकारबाट मुक्ति दिन्छ, मनको शान्ति, आत्मिक शान्ति, वास्तविक शान्तिको नजिक लैजान्छ । यस जीवनमै निर्वाण प्राप्त गर्ने माध्यम पनि विपश्यना ध्यान हो, यो बुद्धकै खोज हो जुन ध्यानमार्फत बुद्धत्वको प्राप्ति भएथ्यो, हामी मानवमात्रले उज्यालो पाएका थियौं । यसकारण मनको उपचारको लागि क्लेश र द्वेष निवारणको लागि बुद्धदर्शन महत्त्वपूर्ण छ ।

बुद्धदर्शन शर्तरहितको खुशी दिन सक्छ । वास्तवमा बुद्धका विचार, दर्शन, मूल्य मान्यतालाई सही रूपमा अंगीकार गरेर अघि बढ्न सक्ने हो भने हरेक गाउँ, समाज, देश र विश्वबाट नै अज्ञानताको कल्मष भाग्न सक्छ, शान्ति र स्थायित्व, भातृत्व, बन्धुत्व कायम हुनसक्छ । बुद्धदर्शनमा भनिए झैं समाजमा, संसारमा कोही पनि व्यक्ति आफैमा अज्ञानी छैन, अबुझ छैन, मूर्ख छैन, अपराधी होइन । ऊभित्रको संस्कार, ऊभित्रको राग, भोगजन्य विकारका कारणले त्यस्तो रूपमा ऊ प्रकट भएको हो । यसकारण सबै व्यक्तिबाट अज्ञानतारूपी कालो बादल हटाएर ज्ञानको चिराग सल्काइदिनका लागि बुद्धदर्शन जरूरी छ, अपरिहार्य बनेको छ । सबै सत्व प्राणीमा रहेको बुद्धबीज जागृत गराइदिन सके, अज्ञान नाश गर्न सके वास्तवमै बुद्धपूजा हुनेछ । बुद्धदर्शनको अध्ययनको सान्दर्भिकता तब पूरा हुन्छ, जब हामी यसका अध्येताहरूले प्रत्येक घर घरमा, प्रत्येक मन मनमा बुद्धत्वको आभास दिन सक्छौं, तब शान्ति पनि मुस्काएर हाँस्छिन् ।

आज बुद्ध जन्मेको देश भनेर, शान्तिकामी बुद्धका देशका नागरिक भनेर हामी नेपालीहरू गर्व गर्दछौं । विश्वका कुना कुनामा जाँदा पनि नेपाली, त्यसमा पनि

लुम्बिनीवासी भएकोमा हामी गौरवबोध गर्छौं । हामी आज बत्ती मुनिको अँध्यारोमा छट्पटाइरहेका त छैनौं ? कतै हामी कस्तुरीको सुगन्ध खोज्न तड्पिरहेका त छैनौं । हो, वास्तवमा त्यही भएको छ । यति ठूलो ज्ञानराशिले ढाकिएका बुद्धको गौरवशाली दर्शनले ओतप्रोत हुनपर्ने हामी आफ्नै भूमिमा गइरहेको अशान्ति, असुरक्षा, असत् गराइका मूकदर्शक बनेका छौं । हामी जुर्मुराउन त के अगाडि बढ्न पनि नसकिरहेको अनुभूति भइरहेको छ । बुद्ध दर्शनको अथाह ज्ञानभण्डार, जसमा छ जस्तोसुकै दुर्भाव, क्लेश र कल्मषलाई नाश पार्न सक्ने शक्ति, शान्ति र सद्भाव फैलाउन सक्ने साँचो छ । अब हामी बुद्ध जन्मेको देशबाटै बुद्धदर्शनमा भएका कुराहरू सबै मानव समुदायलाई सिकाउन जुट्नुपर्ने समय आएको छ । जसरी आजभन्दा २६ सय वर्षअगाडि गौतम बुद्धले आफूले पाएको ज्ञान, बोधि सबै मानवमात्रलाई बाँड्न चाहे । सुख, वैभव छाडेर सत्व प्राणीको शान्तिको खोजमा हिँडे र आजीवन ज्ञान बाँडे । त्यसैगरी बुद्धले छाडेको यो ज्ञान सम्पूर्ण मानव समुदायलाई दिन सक्यौं भने शान्ति हामीबाट टाढा छैन ।

बुद्धदर्शन र शान्ति एक आपसमा तादात्म्य सम्बन्ध राख्ने शब्द हुन् । बुद्धका दर्शन, शिक्षा, सन्देशमा विश्वलाई बदल्न सक्ने शक्ति छ । विश्वशान्तिको भित्री जरो नै बुद्धदर्शन हो । यस दर्शनको गम्भीरतालाई बुझेर नै आज विश्व समुदायमा बुद्धशिक्षालाई गहन रूपले खोजिनु पर्ने, अनुसन्धान गरिनुपर्ने आवाज उठेका छन् । जुनसुकै धर्म, देश, भेषका मान्छेहरू पनि शान्तिको लागि लुम्बिनी आउँछन्, बुद्धदर्शनमा चासो राख्छन् र अध्ययन गर्ने लालसा प्रकट गर्छन् । 'आप दीपो भव' अर्थात् आफ्नो दीप आफै बन' भन्ने बुद्धवचनले पनि ज्ञानरूपी दीप आफैँ बाल्नुपर्ने तथ्य अवगत गराएको छ । बुद्धका आचार, विचार, दर्शन र शिक्षालाई विश्वशक्तिको लागि उपयोग गरिनु आजको आवश्यकता हो । आजभन्दा २६ सय वर्षपहिले दिइएका यी बुद्धवचनहरू, दर्शनहरू वैज्ञानिक रूपले प्रामाणिक छन् । मानजीवनका हरेक पक्षमा उत्तिकै रूपले प्रासंगिक पनि छन् । आज संसारमा युद्धको विभीषिका, अशान्ति, भ्रष्टाचार अनियमितता र अति भौतिकताले प्रश्रय पाइरहेको अवस्थामा शान्ति आजको प्रमुख आवश्यकता हो । यस अवस्थालाई शान्ति, विश्वबन्धुत्व, भातृत्व र समृद्धितर्फ मोड्न यस पवित्र देवभूमि तपोभूमिमा उठेका बुद्धका पाइलाहरू, बुद्धका सन्देशहरू अवश्य पनि फलदायी हुनेछन् । बुद्धदर्शनको यो उज्यालो अन्धकार, अशान्तिको कालो बादल फाल्ने दियालो हुनेछ र विश्वशान्ति कायम हुनेछ । विश्वशान्तिको मीठो सन्देश बुद्धकै देशका नेपालीहरूले छर्नेछन् । नेपालबाट नै बुद्धदर्शनको उज्यालो रापमा शान्तिको उद्घोष हुनेमा दुई मत छैन ।

"भवतु सब्ब मंगलम् ।"

०००

खोइ कहाँ हराए गाउँलेहरू ?

✍ **वासु जमरकट्टेल**
शिवराज-८, लक्ष्मणपुर, कपिलवस्तु

उन्युले छेकेको बाटो
बनमाराले घेरेको पँधेरो
रित्ता र पुराना उजाड घर-गोठहरू
अब चित्रमा कोर्नु पर्दैन
यो यथार्थता हो वर्तमानको
बूढो घर जस्तै
थाकेका पुराना मान्छे
उकाली ओरालीमा
सुइय्य सुस्केरा हाल्दै
पुराना दिन याद गर्छन् ।
लक्का जवानहरू
कोही दिल्ली-बम्बै
कोही कुबेत-कतार
हुनेखानेका सन्तानहरू युरोप-अमेरिका
कतिले शहरमा घर ठड्याइसके
कति मधेश पसे
शायद अबका केही वर्षहरूमा
को आफन्त हो
कसैलाई
सम्झना नरहला ।
गाउँको पहिचान हरायो
अपनत्व र भाइचारा हरायो
न इमान्दारिता बँचेको छ ?
चौतारीलाई साक्षी राख्ने हाम्रै पुर्खा होइनन् ?
वचनका पक्का
व्यवहारका खरा
कहाँ हराए खै ती गाउँलेहरू ?
कुन अवस्थामा गुज्रदै छन् उनका सन्ततिहरू ?
अब
गाउँको सभ्यता मरिसक्यो
संस्कृति र भेषभूषा
वस्तीबाट विलीन भएका मान्छेहरूजस्तै
इतिहासको कुनै पेटारोमा सम्म नभेटिने भए

खोइ कहाँ हराए गाउँलेहरू ?
कि
उन्युले छेकेको बाटोमा आफ्नै गोरेटो बिर्सिए ?
कि
प्यासले छट्पटाई-छट्पटाई
वनमाराले छेकेको कुवा खोज्दै छन् उनीहरू ?

ooo

पत्नीव्रत

✍ **डा. श्यामप्रसाद न्यौपाने**
सुनवल-१२, नवलपरासी

"जिन्दगीको परानी ।" क्याप्सन राखेर उसले श्रीमतीको फोटो फेसबुकमा पोस्ट्यायो ।

"उनको यही मुस्कानले मेरो मुहारभरि उज्यालो ल्याउँछ ।" श्रीमतीको फोटो राखेर लेखिएको उसैको अर्को पोस्ट देखियो ।

"मेरो जीवनको आलोक, तिमीविना मेरो जीवन औंसीको राततुल्य ।" उसले श्रीमतीको तस्वीरसँगै पोस्ट गऱ्यो ।

उसका फेसबुके साथीहरूले पनि क्याप्सन अनुसारकै टिप्पणी गर्थे ।

ऊ अर्थात् विनीत । "आफ्नी श्रीमतीलाई निकै माया गर्दो रहेछ ।" उसका साथीहरू होटलमा खाजा खाँदै गर्दा साथी हरिकृष्णले भन्यो ।

"हो त नि ! कति मिलेका छन् ती लोग्नेस्वास्नी ।" सेकुवाको टुक्रो मुखमा राख्दै शौर्यविक्रमले भन्यो ।

"ओहो ! विनीत त साँच्चिकै एक पत्नीव्रत जस्तै रहेछ, रामजस्तै । श्रीमती पनि कति मिजासिली छन् नि । विनीतका कुनै कुराको प्रत्युत्तर दिन्नन् । " पेय पदार्थले भरिएको गिलास उचाल्दै दिग्गजले प्रशंसा गऱ्यो । साथीहरू खाजा खाएर क्याबिनबाट बाहिरिँदै थिए । हावाले पल्लो क्याबिनको पर्दा उडाएर ह्वाङ्ग पाऱ्यो । क्याबिनमा मदिराका बोतलहरू छरपस्ट थिए । मदिरा पोखिएकोले होला क्याबिनबाट ह्वास्स गन्ध आइरहेको थियो । त्यही विनीत र अपरिचित युवती अचेत र असाधरण अवस्थामा पल्टिरहेका थिए । त्यो देखेर उनीहरू खङ्ग्रङ्ग भए ।

विनीतको पत्नीव्रत धर्म देखेर उनीहरू तीन छक परे ।

ooo

सरकार पो किन चाहियो ?

✍ **मनबहादुर खत्री 'मनु'**
इस्मा-२, मैनडाँडा, गुल्मी

तिमी हाजिर छौ सबथोकमा, सरकार पो किन चाहियो,
तिम्रै चल्छ रे परलोकमा, सरकार पो कि चाहियो ॥ १ ॥

महंगी बढ्यो त बढ्यो यहाँ, न किने भयो नि त सामल,
बुख्याँचा बनिरहयौ चोकमा, सरकार पो किन चाहियो ॥ २ ॥

म भन्छु, "तिमी ठिक छैनौ", तिमी भन्छौ, "तँ ठिक छैनस्"
दिइरहन्छौ झट्का झोंकमा, सरकार पो किन चाहियो ॥ ३ ॥

सिंहदरबार पुग्छौ, बिर्सन्छौ, ती भस्याङ्का खुड्किलाहरू,
करको बिलो बाँड्छौ भोकमा, सरकार पो किन चाहियो ॥ ४ ॥

न मर्‍यो न मर्छ कोरोना झैं, जीवित छ रूपियाँ, कुटुम्ब खेल,
बिरासत मनाउँछौ शोकमा, सरकार पो किन चाहियो ॥ ५ ॥

०००

२०७९ सालको मंसिर ४ गते हुन गइरहेको प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनमा

- ❑ मतदान गर्दा कसैको डर, धाकधम्की, भनसुन र लोभ लालचमा नपरी आफ्नो विवेक प्रयोग गरौं ।
- ❑ आफ्नो मताधिकार सुरक्षित गरौं; असल नागरिकको परिचय दिऔं ।

कर्मचारी मिलन केन्द्र, गुल्मी

शरद् ऋतु र तिहार

✍ **मोहन झवाली**
कपिलवस्तु

शरदको ऋतु खुल्यो, जगतै शोभायो ।
झकाझक जुनतारा, जुनेली लोभायो ॥
प्रभात नै सजिएको, निर्मल भएर ।
फूल थुँगा लत्रिएका, डाली लच्किएर ॥

पहेंला छन् फाँट ढिक, घरका किनारा ।
नदी खोली गमक्क छन्, मूलले हजारा ॥
फूल पात मोती सरी, रहेको छ सित
भैली देउसीका फुरे, मिठा धुन गीत ॥

निदारमा शोमाउने, सातरङ्गे टीका ।
दिदी बैनी नहुँदामा, हुने घर फिका ॥
शिर हाम्रा टोपी खुले, हजारीका माला ।
घर गोठ बत्ती बले, झिलीमिलीवाला ॥

थरीथरी पकवान, टोल नै बसायो ।
डहरको तोरणले, दोबाटो सजायो ॥
टपरिमा रोटी सजे, मुख नै रसायो ।
मादलको तालसँग, जीवन रमायो ॥

बसुधारा, मखमली, तेलको घेराले ।
बलदियो जिउनला, फोरी ओखरले ।,
भैलीका आशिक मिठा, हृदयला छुने ।
संझी घर परदेश, दाजुभाइ रुने ॥

साथी भाइहरू मिली, कतै तास खेल्दा ।
वरिपरि केही बसे, नखेलेनी हेर्दा ॥
यस्तै रमाइलो गरी, दिन हाम्रा जाने ।
यही त हो जिन्दगानी, मरी के छ लाने ?॥

ooo

सरकार किन चाहियो ?

✍ **हरिप्रसाद पन्थी**
रेसुङ्गा न.पा.-१, क्याम्पसरोड, गुल्मी
हाल - भगवती मा.वि., सिमिचौर, गुल्मी

बाढी छ उस्तै पहिरो छ घर्घर,
बजार भाउ चुलिंदो छ जर्जर ।
जोड्नु कसोरी मुख हात लौ भन ?
सरकार व्यर्थै किन चाहियो भन ?

आबाल बूढा वनिता सबैतिर
युवा नअट्ने किन गाउँका घर ?
पाखा पखेरा सब बाँझिए किन ?
सरकार जाबो किन चाहियो भन ?

घुस्मा बिकेका सब राष्ट्रसेवक,
सिन्कीसरी बिक्दछ न्यायको घर ।
गुण्डा फटाहाहरू पालियो किन ?
सरकार रुन्चे किन चाहियो भन ?

न न्याय गर्ने न त गर्छ रक्षण,
जे-जे जहाँ छन् सब गर्छ भक्षण ।
न गर्छ भाउ यसले नियन्त्रण ।
सरकार लाछी किन चाहियो भन ?

किसानलाई मल दिन्न यो किन ?
निहारिकाको खुसी छिन्छ यो किन ?
सकेन यो मल्हम बन्न यो चिन,
सरकार नाथे किन चाहियो भन ?

गोली नपाई कति मर्दछन् यहाँ,
खाएर गोली कति ढल्दछन् यहाँ ।
देख्दा सबै यो चहराउँदो मन,
सरकार चुत्थो किन चाहियो भन ?

चुला नबल्ने कति झोपडी छन,
कुला नचल्ने कति फोकटा छन ।
अन्यायद्वारा कति मुर्झिए मन,
सरकार पो लौ किन चाहियो भन ?

पिशाचको हैकम बस्तिमा चल्यो,
हाम्रो भरोसा कुन गर्तमा ढल्यो ?
सम्झाउँदा सम्झिनु छैन यो मन,
सरकार पो लौ किन चाहियो भन ?

०००

सरकार किन चाहियो ?

✍ **लक्ष्मण रिजाल**
रेसुङ्गा न.पा.-१, तम्घास, गुल्मी

मेरो गौरव हो शान नेपाल मनमन्दिर
सजाइ दिलमा राख्छु राष्ट्रभक्ति निरन्तर ।
शिवको सृजना पैलो बिहानी यहीं झुल्कियो
बुद्धको ज्ञानको ज्योति शान्तिको राजधानी हो ।

सीता, जनक, भृकुटी, बुद्धको साधनास्थल
भक्ति–अमरको गाथा राष्ट्रभक्ति धपक्क छ ।
न्याय नपाउँदा गोर्खा जानू भन्ने गुँजिरहयो
'पूर्णात्पूर्णमिदं' भन्दा सरकार किन चाहियो ?

वीरता, शूरता, शान राष्ट्रभक्ति पवित्र थ्यो
देशमा विपदा पर्दा एक ढिक्का भइ लड्यो ।
त्यो शान गरिमा छैन पराश्रित भइरह्यो
पराधीन भई बस्ने सरकार किन चाहियो ?

भ्रष्टको भासमा देश जनता पनि भासियो
माफियाहरूको राज दुराचार बढिरह्यो
ठेकेदार बिचौलीया जालमा जनता पस्यो
लुटतन्त्र हुँदा सारा सरकार किन चाहियो ?

संघीयता गलापासो राष्ट्र कङ्गाल नै भयो
बेरोजगार बेकम्मा भै अर्थमा टाट पल्टियो
राजा एक हटाएर हजारौंले सजाइयो
नेतामात्र धनी पार्ने सरकार किन चाहियो ?

बालिका निर्मलाजस्ता अस्मिता लुटिई रह्यो
न्यायको याचना गर्दा जुनी युग बितिसक्यो
छोरी जन्म दिनेलाई भारी पीडा दिई रह्यो
निकम्मा हुतिहाराको सरकार किन चाहियो ?

मेची कोशी महाकाली गण्डकी पनि सुम्पिए
उद्योग कलकार्खाना कौडीको भाउमा बिके
राष्ट्र निर्माणको प्यारो एकता जग भत्कियो
आफ्नै धोक्रे भुँडी भर्न सरकार किन चाहियो ?

युवा विदेशिए काममामको खोजिमा जहाँ
परेबा-जोडी झैं वृद्ध भेटिन्छन् । बस्ती-बस्तीमा
बाँझै छन् खेत औ बारी कृषिप्रधान देशको
गर्ने खाद्यान्न आयात सरकार किन चाहियो ?

स्वर्ग तुल्य छ यो देश स्वीट्जरल्यान किन चाहियो
गरीब जनता मार्ने सरकार किन चाहियो ?
धारिला आँखीभौ तिम्रा तरबार किन चाहियो
मत्स्यन्याय सदा चल्दा सरकार किन चाहियो ?

रूपै करौंती छ प्यारी ! अन्य सौन्दर्य व्यर्थ छ
अर्थमा व्यर्थता थप्ने यै भाव परिपूर्ण छ ।
आँखीभौ हृदयै रेट्ने तरबार किन चाहियो
रामराज्य चलेकै छ सरकार किन चाहियो ?

ooo

वसन्त ऋतुको स्वागतमा

✍ **किशोर गौतम**
गुलरिया, बर्दिया

पालुवा यो पलाएर फेरि आयो वसन्त यो
कोइली त्यो कराएर फेरि छायो वसन्त यो ।
दुःख - सुख सधै घुम्छन् चक्र जस्तै निरन्तर
भन्ने सन्देश बोकेर उदायो कुसमाकर ।

ooo

सपना देखेको

✍ **अरुण नदी खत्री**
सामाखुसी मार्ग, सरकारी धारा, काठमाडौं

कोभिडको कारण सरकारले लकडाउन गरेको थियो तापनि किशोर एकाबिहानै साइकल लिएर रत्नपार्कतिर गयो ।

रत्नपार्कमा पुगेपछि प्रहरीले सोध्यो, "लकडाउनको बेला तपाईं किन बाहिर निस्किनुभएको नि ? साइकल लिएर कहाँ जान लाग्नुभयो ?"

"म साइकल लिएर सङ्कटा मन्दिरको दर्शन गर्न जान लागेको हुँ ।" किशोरले भन्यो ।

"लकडाउनको समयमा यसरी साइकल लिएर हिंड्न पाइँदैन भन्ने कुरा थाहा छैन तपाईंलाई ?" प्रहरीले भन्यो ।

"म हिंडेको कहाँ छु र साइकल चलाएर जाँदै पो छु त ।" किशोरले जवाफ दियो ।

"तपाईं जहाँबाट आउनुभएको हो, त्यहीं फर्कनुस् । साइकल चलाएर पनि कतै जान पाइँदैन ।" प्रहरी अलि कडा भयो ।

"आज राति सुतेको बेला मैले सङ्कटा मन्दिरमा गएर भगवान्लाई ढोगेको सपना देखेको थिएँ । सपना पूरा गर्नका लागि म सङ्कटा मन्दिर जान लागेको हुँ । मन्दिरमा पुगेर भगवान्को दर्शन गर्नासाथ म आफ्नो घर फर्कन्छु ।" किशोरले भन्यो ।

"अर्को दिन फेरि तपाईंले गाडी चलाएको सपना देख्नुभयो भने नि ! लकडाउनको समयमा गाडी चलाएर कतै जान सक्नुहुन्छ नि !" प्रहरीले भने ।

ooo

उपभोक्तावर्गमा अनुरोध

पानी जीवन हो, यसको उचित सदुपयोग गरौं ।
अरूलाई पनि पानीको आवश्यकता पर्दछ-त्यसैले थोपा पनि खेर नफालौं ।
पानी जम्मा गरेर प्रयोग गर्ने बानी बसालौं ।
पानीको चुहावट नियन्त्रणमा समितिलाई सहयोग गरौं ।

तम्घास बृहत् खानेपानी उपभोक्ता समिति
रेसुङ्गा नगरपालिका-१, तम्घास, गुल्मी

यथार्थ हो

✍ हृषीकेश बराल
पोखरा-२६, कास्की

थाकेँ आज भनेर सूर्य नभमा विश्राम लिन्नन् भने
घुम्दा दिक्क भएँ भनेर पृथिवी रोकिन्न कैले भने ।
बग्दै जान्छ नदी समुद्र मुखमा सोध्दैन बाटो भने
मान्छे मात्र थकाइ मार्छ किन हो ऊर्जा त्यसै सिद्धिने ॥१॥

ज्योत्स्ना चन्द्र हटाउँदैन निशिमा औंसी परोस् तापनि
तारा चम्किन छाड्दछन् र दिनमा भास्वत् उदाए पनि ।
हैमी टल्किन छाड्दछन् र सुनझैँ कोही नहेरे पनि
मान्छे मात्र बन्यो सदा बिरसिलो साह्रै अहंको पनि ॥२॥

हावा सिर्सिर चल्न छाड्छ र धरा जाडो भए तापनि
आगाले पनि पोल्न छाड्छ र कतै सानै रहोस् तापनि ।
के छाड्थे फल फल्न वृक्ष तरूमा पानी नपाए पनि
मान्छे छाड्छ परोपकार किन हो घाटा र नाफा गनी ॥३॥

खाली हुन्छ र भूमि के कृषकले खेती नगर्दा पनि
बच्चाले स्तन चुस्न छाड्छ र मुमा गाली गरे तापनि ।
बच्चा फाल्छ र माउले नसहने पर्दा विपत् तापनि
मान्छे मात्र छ धर्म छाड्न कसिने कस्तो भयो बैगुनी ॥४॥

छाड्ला के विष फाल्न सर्प मुखले दूधै पियाए पनि
धर्तीमा जल पोख्न भुल्छ र घटा कोही नचाहे पनि ।
के छाड्थे भगवान् मिलाउन छटा पूजा नहोस् तापनि
मान्छे मात्र भुल्यो स्वधर्म जगमा जान्नेछु आफैं भनी ॥५॥

बाँझो खेत भए वनस्पतिहरू उम्रे नरोपे पनि
बाढी आउँछ उर्लिंदै धरणिमा मान्छे रिसाए पनि ।
के छाड्थे गुरुले सिकाउन सदा चेलो नहोस् तापनि
मान्छे मात्र भयो सदा अवगुणी खोज्दैछ पैंचो पनि ॥६॥

मौरी भुल्छ र मिष्ट भर्न महमा तीतो लिए तापनि
के बिर्सोस् नव सिर्जना प्रकृतिले खाँचो नहोस् तापनि ।
के भुल्थ्यो र सदाबहार दिनुमा खोज्दै नखोजे पनि
मान्छे मात्र भुल्यो सबै गुणहरू उद्धार पाए पनि ॥७॥

०००

मैले नै मालिकलाई अर्को बिहे गर्न अनुरोध गरेकी थिएँ।



✍ नन्दकुमारी गौतम

(९६ वर्षीया आमाको हातको टीका लगाउने भनेर उहाँको निवास काठमाडौं महानगरपालिका ३१ बानेश्वर जागृतिनगरमा यो पङ्तिकार पुगेको थियो । उहाँ श्रीमद्भगवतगीताको गुटिका पढ्दै हुँनुहुदो रहेछ । हामीलाई देख्नेबित्तिकै प्रसन्न मुद्रामा राम राम भन्नुभयो । हामीलाई चिन्नुभयो कि भनेर सोधनी गर्दा आफ्ना मानिस हौ, यही नै हौ भन्न सकिनँ भन्नुभयो । हामी आफैले परिचय दियौँ । मलाई पहिलेको उहाँको अनुभव र अनुभूति कस्तो रहेछ, सामाजिक परिवेशको जीवन्त इतिहासको प्रतिनिधि पात्रको रूपमा 'हाम्रो पुरुषार्थ' को लागि उहाँलाई उभ्याउन मन लाग्यो । उहाँसँग गरिएका संवादमा छोराहरू–अच्युतराज गौतम र पुष्पराज गौतमले सहजीकरण गरेका थिए । उहाँसँग गरिएका संवाद तल प्रस्तुत गरिएको छ । भाषिक र छन्दका दृष्टिले जस्तो भए पनि रचयितालाई समय काल हेरी मूल्याङ्कन गर्नु उचित होला । यसको पाण्डुलिपि अझै पनि सुरक्षित रहेको छोरा अच्युत बताउँछन् ।)

१. जन्म र जन्मस्थलबारे केही बताइदिनुहुन्छ कि ?

❑ १९८४ सालको भदौ १२ मा मेरो जन्म गुल्मी जिल्लाको ज्वाङ् नेटामा भएको थियो । नन्दकुमारी गौतम मेरो नाम हो । मेरा पिता शोभाकर र माता पार्वता ज्ञवाली हुनुहुन्छ । बाटुखर्के बाजे भनेर चिनिने उहाँका गोलो परेका दुई समथर बारीका ठूला पाटा, हसरामा खेत, गोठभरि भैंसी, गोरु, गाईले उहाँको पहाडी गृहस्थीमा सम्पन्नता झल्किन्थ्यो ।

२. कति उमेरमा विवाह कहाँ भएको थियो ?

- ❑ एघार वर्ष लागेपछि बाह्र वर्ष नलाग्दै मेरो बिहे खिदिमका गौतम परिवारमा भएको थियो । गौतम परिवारहरू बिर्तावाल र राणाकालीन समयमा सुब्बा, लप्टन, खरिदार थिए । सुब्बा राधाकृष्णका नाति, वेणीमाधव खरिदारका राइला छोरा इन्द्रमणि गौतमसङ्ग मेरो बिहे भएको थियो ।

३. कसरी यति टाढा सम्बन्ध गाँसिएको होला, केही थाहा छ कि ?

- ❑ पहिले-पहिले फरिया नातोले वैवाहिक सम्बन्ध धेरै गाँसिन्थ्यो । यो यथार्थ यहाँ पनि देखियो । मेरा साइला दाजु चिन्तामणिको नजीककै दाजुभाइकी छोरीसङ्ग, उनको दिदी खिदिमकै सुव्वा राधाकृष्णकै सन्तान पाल्पा देउरालीका गौतम परिवारमा भएकोले यी बुहारीहरूको तहबीजमा मेरो बिहे हुनपुग्यो । खिदिम पहिले गुल्मी जिल्लामा थियो । पछि गुल्मीको दक्षिणी भाग छुट्याएर पञ्चायती कालमा अर्घाखाँचीमा पारिएको हो । बिहे गरेको एक वर्ष नबित्दै मेरो दुरान फर्काइएको थियो ।

४. कसरी दुरान फर्काइएको थियो, बास कहाँ बसिन्थ्यो ?

- ❑ अहिले त्यति संभना त छैन, म आफै सानी थिएँ, तैपनि दुरानमा १५ भारी भन्दा बढी पाउरपातका भारी बुबाआमाले पठाउनुभएको थियो । जेठाजु र देवर गरेर छ भाइ, नजीकका घर सबैमा यी पाउरपात - रोटी, कपडा हाँडीमा राखेर पठाउनुपर्दथ्यो ।

  ज्वाङ र खिदिम उत्तर र दक्षिणी गुल्मीका सीमा क्षेत्रमा पर्ने हुनाले पूरै दुई दिनको बाटो हिड्नुपर्दथ्यो । यसको लागि बीचमा पर्ने धरमपानीमा बास बस्ने थलो बनाइएको थियो । ज्वाङबाटै बसाइ सरेर आएको यो घर खिदिम र ज्वाङ आइजाई गर्ने चेलीहरूको आश्रय स्थल बनेको थियो ।

५. उतिबेला घरधन्धा के कस्तो गर्नुपर्दथ्यो ?

- ❑ बिहानै चार बजे उठ्ने, नित्य कर्मअन्तर्गत राति नै पँधेरामा नुहाउन जाने, जेठानी देउरानी मिलेर काम बाँडेर घरधन्धा गर्ने गरिन्थ्यो । पाहुनाहरू आइरहने हुनाले खानाको प्रबन्ध कुटपीस ढिकीजाँतो, भान्साको काम सबै गर्दा बिहानको खाना दिउसो एक दुई बजेतिर मात्र सकिन्थ्यो । चिया खाने चलन थिएन । भान्साको काम एउटा धोतीको भरमा बस्नु पर्दा असहज लाग्दथ्यो ।

  नोकर चाकर थिए । गोठको काम र खेती उनीहरूलै नै गर्ने गरे पनि खेती लगाउँदा भने हामी सबै मिलेर मिलाएर खटिन्थ्यौं । सासू बिहानै नुहाएर एक ठाउँमा बस्नुहुन्थ्यो । उहाँले कहिल्यै पनि हामीलाई रुखो

व्यवहार गर्नुभएन । अह्राउने, बुहार्तन दिने काम उहाँबाट भएन । ठूलो परिवार भए पनि हामी मिलेर स्वअनुशासनमा चलेका थियौँ ।

६. ससुरा कस्तो हुनुहुन्थ्यो ?

❑ बुहारीहरूलाई ससुराले माया गर्नुहुन्थ्यो । भान्सामा बस्दा धोतीबाहेक आङ ढाक्न केही लगाउन पाइँदैनथ्यो । एक सरो धोती मात्र लगाउँदा जाडोमा आङ् र कपाल छोप्न मुस्किल पर्दथ्यो, चीसो लाग्दथ्यो । जाडोको साथै माथिको कपाल र छाती ढाक्न नपाउँदा ससुरा, जेठाजुहरूका अगाडि असहज लाग्दथ्यो । एक पटक यो कुरा दुई दिदीबहिनी बीच कुरा गरेको ससुराले सुन्नुभएछ । त्यसपछि आङ् ढाक्न र कपाल छोप्न तुलको कपडा पाइयो र छाती देखिने असहजता र जाडो दुबै हट्यो । यसमा हाम्रो मर्म बुझ्ने र माया गर्ने ससुरा भएको ठान्यौँ । अघि-पछि पनि हाम्रो ख्याल गर्नुहुन्थ्यो ।

७. तपाईंका छोराछोरी कति छन् ?, अहिले कहाँ कहाँ छन् ?

मेरा दुई छोरा- अच्युत, पुष्प र एक छोरी विजया छन् । मेरो कोखबाट शुरूमा सन्तान भएनन् । छ भाइ जेठाजु र देवरमध्ये एक जना छिटै बितेकोले सन्तान थिएनन् । हामी छुट्टिभिन्न भैसकेका थियौँ । हाम्रो छोरा न्वारान गरेपछि बितेको थियो । यसका सन्तान छैनन्, यसलाई संपत्ति किन चाहियो । कता कता अरू दाजुभाइको यस्तो आशय भए जस्तो लाग्यो । मेरो मातृहृदय जाग्दै गयो र मालिकलाई मैले नै अर्को बिहे गर्न अनुरोध गरेकी थिएँ । अङ्गुरीका पन्थी परिवारमा बिहे भयो । समयमा छोरा अच्युत र छोरी विजया जन्मे । त्यसपछि मेरो कोखबाट छोरा पुस्प जन्मियो । बहिनीको अर्बुदका कारण निधन भयो । ठूला बाबु सात र छोरी चार वर्षका मात्र थिए । यी सबै मेरै सन्तान हुन् । दुई भाइ राम र भरत जस्ता छन् । अहिले यी छोराछोरी मेरा वरदान हुन पुगेका छन् । छोरी अमेरिका छिन् । छोराहरू यहीं साथमा छन् ।

८. उतिबेलाका रमाइला कुरा के थिए ?

❑ मेरो मालिक इन्द्रमणि गौतम सधै निर्विरोध रूपमा प्रधानपञ्च भएर काम गर्दा करीब दुई दशक बितेछ । कर्मचारी र ठूलाबढा पाहुनाहरूलाई जुनबेला आए पनि यथोचित संमान गर्न हामी अभ्यस्त भएका थियौँ ।

ससुरा राणाकालमा खरिदार, उता बिर्तावाल गौतम पनि । त्यसैले चाड पर्वमा विभिन्न जात जातिका मौलिक नाच रातभरि हाम्रो घर आँगनमा हुने गर्दथे । रोटी र पैसा दिनुपर्दथ्यो । यस्ता मौलिक नाचमा भगवान्का लीला

चरित्र गाइन्थे र अन्त्यमा घरधनी र परिवारलाई मङ्गल होस् भनेर भगवान्सँग आशीर्वचन मागिन्थ्यो । मनोरञ्जनका अरू साधन नभएको बेला यी मौलिक संस्कृतिहरू जीवन्त बनेका थिए । अहिले यी ओझेलमा परेका छन् ।

९. अहिले दिनचर्या कसरी बिताउनुभएको छ ?

❑ बिहान चार बजेतिर उठ्ने उतिखेरको बानी अहिले पनि उस्तै छ । नित्यकर्मपछि पूजा गर्ने, हनुमान चालीसा, श्रीमद्भगवत् गीता पढ्छु । दशैँमा दुर्गा सप्तशतीको पाठ गर्छु । रोग आजसम्म केही छैन । मकै पनि चपाएर खान सक्छु, दाँत बलिया छन् , दिउसो पनि यस्तै धार्मिक किताब पढ्छु, देवताका नाम जप गर्छु ।

अन्त्यमा छोरा अच्युतले आमा पहिलेदेखि पाठपूजा गर्दै आउनुभएको छ । उहाँको अध्यात्मप्रति रुचि, सात्विक खानपिन, असल बोलीव्यवहार, चाल चलन,सादा रहनसहन देखेर उहाँबारे खिदिमको खुलुले घर भएका हाम्रा कुलगुरु हरिप्रसाद अधिकारीले पहाडिया कागजमा २०२४ साल वैशाख ३ गते मिति लेखिएको ४१ श्लोकी एक खण्डकाव्य "आनन्द चरितामृतम्" नै लेख्नुभएको थियो । त्यसका श्लोकहरूमध्ये उदाहरणका रूपमा १-२ श्लोक यस्ता छन् :

भवन हो इन्द्रैको,द्वितीय स्वर्गैसरि छ त्यहाँ ।
गुणैको खानीमा कुन चिज कमी के छ र त्यहाँ ।
होला कुन चिजको दुख महिले संझन्छु मनमा ।
उनै श्रीलक्ष्मीको सकल करुणा हुन गयो ॥८॥

उहाँ इन्द्रमणि गौतमको श्रीमती भएकोले केही कमी नभएको र अर्को एघारौँ श्लोकमा यति संपन्नता हुँदाहुँदै पनि घरमा सन्तान नहुँदाको पीडाबोध यसरी लेखिएको छ -

अपूताको त्यस्तो लेखेन ग्रन्थहरूमा ।
धेरै शृङ्गार गर्ने पनि सुतविना छैन अरू क्यै ।
मनुष्यै वंशै हो कोमल लता टुट्दछ पनि।
सबै शून्यै हुने,दउलत जति हुन्छ त पनि ॥ ११॥

प्रस्तोता : तुलसी गौतम, काठमाडौं

०००

पुस्तकालय परिचय

दीपशिखा सामुदायिक पुस्तकालय, कास्की

कास्की जिल्लाको रमणीय स्थान पोखरा महानगरपालिका वडा नं. २९ भण्डारढिकमा अवस्थित दीपशिखा सामुदायिक पुस्तकालय यस क्षेत्रकै नमुना सामुदायिक पुस्तकालयको रूपमा केही समयदेखि सञ्चालनमा आएको छ । यो सूचना र शिक्षाको क्षेत्रमा नयाँ फड्को हो भने सबै पोखरावासीको लागि हर्ष र गर्वको विषय रहेको छ । नेपालको सुन्दर उपत्यका पोखरा जोड्ने पृथ्वीराजमार्ग (पोखराबाट ११ कि.मी. दक्षिण पूर्व) राजमार्गसँगै रहेको छ । सात तालको बगैंचा शहर लेखनाथको एउटा गहनाको रूपमा रहेको छ । वि.सं. २०५८ सालमा यस समाजका बुद्धिजीवी, समाजसेवी एवं शिक्षाप्रेमीहरूको सक्रिय सहभागितामा सुरू गरी कास्की जिल्ला प्रशासन कार्यालयमा मिति २०५९/४/८ मा दर्ता न.१०८५/५९ बाट दर्ता भई दीपशिखा वाचनालयको नामबाट स्थापना भै सञ्चालन हुँदै आएको संस्था समयको माग र परिवर्तनसँगै लैजानको लागि मिति २०६४ भाद्रमा तत्कालीन कार्यसमितिले वाचनालयलाई सामुदायिक पुस्तकालय एवं सूचना केन्द्रको रूपमा एउटा प्रस्तावना तयार गरी आर्थिक स्रोतको खोजी गर्ने क्रममा सरकारी र गैरसरकारी संघ-संस्थाहरूसँग सम्पर्क अगाडि बढायो । यसै क्रममा नगर विकास कोष र रिड नेपालले प्रक्रियागत रूपमा सहयोग गर्ने भएपश्चात् उक्त कार्य समितिले देशका विभिन्न ठाउँमा सञ्चालित सामुदायिक पुस्तकालयको अध्ययन अवलोकन गरी प्रस्तावको तयारी पूरा गर्‍यो । तत्पश्चात् परियोजना स्वीकृत भई कार्यान्वयनको सन्दर्भमा मिति २०६४/९/२७ मा स्थानीय बुद्धिजीवी, समाजसेवी, शिक्षाप्रेमी संघ-संस्थाका प्रतिनिधिहरू, विभिन्न राजनीतिक दल एवं नागरिक समाजको भेलामा लेखनाथ नगरपालिका कार्यकारी प्रमुख, तत्कालीन नगर विकास कोषका कार्यकारी निर्देशक श्री हर्कबहादुर क्षत्री एवं रिड नेपालका कार्यकारी निर्देशक श्री शरदबाबु श्रेष्ठ स्वयम् उपस्थित भै परियोजनाको सन्दर्भमा अति नै महत्त्वपूर्ण र विस्तृत जानकारी दिनुभयो ।

त्यसपछि नगर विकास कोष, लेखनाथ नगरपालिका र स्थानीय उपभोक्ताबीच सम्झौता सम्पन्न भई मिति २०६६/८/३ मा लेखनाथ नगरपालिका कार्यकारी प्रमुख श्री केशवप्रसाद भट्राईबाट एक भव्य समारोहका बीच नव निर्माण हुने भवनको विधिपूर्वक शिलान्यास सम्पन्न भयो । नगरविकास कोष, लेखनाथ नगरपालिका र स्थानीय जनताको सहयोगमा लगभग रू डेढ करोडको लागतमा भवन निर्माण स्थल उपलब्ध गराई भवन निर्माण कार्य सम्पन्न भएको थियो । यस भवनमा समाजका सबै तहका मानिसहरूको सहभागिताको लागि विभिन्न कक्षहरूको निर्माण गरिएको छ । भवनमा आवश्यक फर्निचर र अन्य भौतिक सामग्रीका लागि रिड नेपाल र पुस्तकालय व्यवस्थापन समिति बीच पुनः ४ मार्ग

२०६८ मा लेखनाथ उद्योग वाणिज्य संघको सभाहलमा एक भव्य समारोहका बीच तत्कालीन पुस्तकालयका अध्यक्ष श्री ईश्वरबहादुर हमाल र रिड नेपालको तर्फबाट कार्यक्रम प्रबन्धक श्री प्रतिमा शर्माबाट स्थानीय विकास अधिकारी श्री अर्जुनकुमार थापा र लेखनाथ नगरपालिकाका कार्यकारी अधिकृत श्री नारायणप्रसाद ज्ञवालीको रोवहरमा एक सम्झौता भएको थियो ।

यस पुस्तकालयमा निम्नानुसार कक्षहरू रहेका छन् ।

(क) बाल कक्ष : यस कक्षमा बालबालिकाहरूको विभिन्न प्रकारको बाल मनोवैज्ञानिक प्रविधिबाट सिक्न, जान्न सक्ने तरिकाले खेलौनालगायतका सामानहरू राखिएका छन् । यसका अतिरिक्त बालबालिकाहरू बीच कथा, चित्रकला, खेलकुद र हाजिरी जबाफ प्रतियोगिता समयसमयमा हुने गरेका छन् ।

(ख) महिला कक्ष : यस कक्षमा महिलासम्बन्धी मिटिङ, तालिम, गोष्ठी हुने गर्छन् । महिलाअधिकार, महिलास्वास्थ्य, शिशुस्वास्थ्य जस्ता पत्र-पत्रिका, पाठ्यसामग्रीलगायतका जानकारी महिला समूहलाई लक्षित गरी राखिएको छ । हरेक महिना महिला तथा शिशु स्वास्थ्यसेवा प्रदान गरिन्छ । दीपशिखा महिला कृषि सहकारीसमेत सञ्चालनमा आएको छ । यस सहकारीमा हाल ४५६ जना महिला आबद्ध कृषि सहकारी भएकाले कृषिसम्बन्धी तालिमका साथै आलुबीऊ उत्पादन गर्ने गरिएको छ ।

(ग) श्रव्यदृश्य कक्ष : यस कक्षमा कृषि, वातावरण जस्ता उपयोगी श्रव्य-दृश्य देखाउने र निरक्षर व्यक्तिहरू पनि श्रव्य-दृश्यबाट लाभान्वित हुन सक्छन् ।

(घ) सभा हल : श्रव्यदृश्यसमेत देखाउन मिल्ने सुविधा सम्पन्न ८० जनासम्म अटाउने मिटिङ, तालिम, गोष्ठी, सेमिनार आदिको लागि उपयुक्त सभाहलको व्यवस्था गरिएको छ ।

(ङ) खेलकुद तथा संगीत कक्ष : यस कक्षमा युवाहरूलाई लक्षित गरी विभिन्न खेलकुद र वाद्यवादनका सामग्री रहेका छन् । बाल क्लब तथा युवा क्लबहरू यस कक्षबाट लाभान्वित भएका छन् ।

(च) कम्प्यूटर कक्ष : यस कक्षबाट इमेल, इन्टरनेट, कम्प्यूटर शिक्षा उपलब्ध गराइन्छ । महिला, शिक्षक, बालबालिका र युवाहरूलाई कम्प्यूटर शिक्षा तथा निःशुल्क इन्टरनेट उपलब्ध गराइएको छ ।

(छ) पुस्तकालय कक्ष : लगभग ८५०० पुस्तक, राष्ट्रिय र स्थानीय पत्र-पत्रिकाहरू रहने यस कक्षमा एकै पटक ४० जनाले शान्त वातावरणमा

अध्ययन गर्न सक्ने व्यवस्था गरिएको छ । स्थानीय सामुदायिक दाताहरूबाट पनि पुस्तक संकलन गरिएको छ । विभिन्न विधाका पुस्तकका अतिरिक्त विद्यालय, क्याम्पस र विश्वविद्यालयका पाठ्यपुस्तक र राष्ट्रिय र स्थानीय स्तरका दैनिक, साप्ताहिक, पाक्षिक, मासिक आदि समाचारपत्र र पत्र-पत्रिका उपलब्ध गराइएको छ । यो पुस्तकालय सबैका लागि सदा खुला रहनेछ भने, सम्भव भएसम्म लेखनाथ नगरपालिका भित्रका एक घर एक सदस्यको नीति लिइएको र सर्व साधारणसम्म पहुँच पुर्‍याउन न्यूनतम शुल्कमा पाठक सदस्य, साधारण सदस्य र आजीवन सदस्य बन्न सकिने व्यवस्था गरिएको छ । हालसम्म १५१ जना आजीवन सदस्य रहेका छन् २५ वटा संस्थाले पनि आजीवन सदस्यता लिएका छन् ।

(झ) दैनिक पाठक संख्या ४५ देखि ५० जना हुन्छन् ।

(ञ) दिगो आयआर्जनका लागि ८ वटा सटर रहेका छन् ।

अन्य पुस्तक खरिद, कार्यक्रमसञ्चालन र मर्मतका लागि सरकारी, स्थानीय तह, गैरसरकारी संघ-संस्थाको सहयोग प्राप्त भइरहेको छ ।

(ट) समयको मागअनुसार अगाडि लैजान पक्कै पनि यसको दिगो आयआर्जनको स्रोत खोजीका लागि अक्षयकोष बढाउनुका साथै नेपाल सरकारबाट वार्षिक बजेट छुट्याएमा पक्कै पनि यो दीपशिखा सामुदायिक पुस्तकालय समय अनुकूल अघि बढ्दै जानेछ ।

यस पुस्तकालयका अवसर र चुनौतीहरू यसप्रकार रहेका छन् ।

- सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र दिगो रूपमा सञ्चालन गर्न दिगो आयआर्जन नहुनु ।
- सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रको रूपमा दिगो रूपमा सञ्चालन गर्ने ।
- स्थानीय समुदायलाई सामाजिक कामका लागि समान रूपले अवसर प्रदान गर्ने ।
- बालबालिकाहरूको अधिकार सम्बोधन गर्दै सबैको लागि शिक्षाको अवधारण विकास गर्ने ।
- जीवनयापन तथा मानव स्वास्थ्यसम्बन्धी जानकारी तथा सेवा उपलब्ध गराउने

- समुदायलाई आवश्यक सूचना तथा ज्ञान उपलब्ध गराउने ।
- लैङ्गिक समानता र महिला विकासको कार्यक्रम उपलब्ध गराउने ।
- पुस्तकालयमा पढ्ने बानीको विकास र युवाशक्तिलाई मानवीय सेवामा उन्मुख गराउने

उपलब्धि

- पुस्तकालय उपयोगकर्ताहरूको उत्साहजनक वृद्धि ।
- निःशुःक इन्टरनेट उपलब्ध, प्रयोगकर्ताको सङ्ख्यामा वृद्धि ।
- महिला तथा शिशुस्वास्थ तथा अधिकारसम्बन्धी कार्यक्रम प्रभावकारी ।
- बालबालिकाको अधिकार तथा पढ्ने बानीको विकास ।
- समाजमा आवश्यकताअनुसारको ज्ञान र सूचना प्राप्तिमा सहयोग ।
- समाजमा लैङ्गिक विभेद न्यूनीकरण गर्न सहयोग ।
- पुस्तकालय तथा सूचना केन्द्रको रूपमा दिगो सञ्चालनमा सफलता प्राप्त ।
- पुस्तकालय आफैले वा अन्य संघसस्था वा स्थानीय तहसँग समन्वय गरी कार्यक्रमहरू सम्पन्न ।
- महिलाकक्षमा महिला सशक्तीकरणअन्तरगत महिला कृषि सहकारी सञ्चालन ।
- पुस्तकालयमा भएका Reading material bibliography cloud base software मा राखिएको छ। RFID system use गरी Issu Return गरिन्छ । यदि Issu नगरी लगेमा Alert गराउन RFID censored electrical gate राखिएको छ ।
- हरेक वर्ष पढ्ने बानीका लागि हाजिरी जबाफ प्रतियोगिता, हिज्जे, निबन्ध, वक्तृत्वकला, वादविवाद, निरन्तर शिक्षा कक्षा सञ्चालन गरिन्छ ।
- युवाका लागि, जीवनोपयोगी, सीपमूलक नेतृत्वविकासका लागि मोबाइल मर्मत हाउसवायरिङ्ग, हाते कडाई, ब्युटीपार्लर, सिलाइकटाइ, गुडिया बनाउने, मौरीपालन, जस्ता थुप्रै कार्यहरू हुन्छन् ।

◆ विपद् व्यवस्थापनसम्बन्धी सचेतना कार्यक्रम, कानूनी साक्षरताका कार्यक्रम हुने गरेका छन्

◆ कृषि, स्वास्थ्यशिविर, रक्तदान जस्ता कार्यक्रम सञ्चालन हुँदै आएका छन् ।

२०७८ देखि ०८१ सम्मका लागि बनेको पुस्तकालय व्यवस्थापन समिति यस प्रकार छ :-

अध्यक्ष : कृष्णहरि भण्डारी	९८५६०२४६३९
उपाध्यक्ष : निर्मला पौडेल	९८४६४५३१३१
सचिव : पदमप्रसाद अधिकारी	९८४६२९१८९८
कोषाध्यक्ष : माधव भण्डारी	९८५६०२७३४६
सह-सचिव : शङ्करप्रसाद पौडेल	९८६६०५१७१७
सदस्य : कमला भण्डारी	९८४६११७९१६
सदस्य : विश्वराज शर्मा	९८४६०८६८८२
सदस्य : सु. चन्द्रबहादुर गुरूङ	९८१६१८६८२५
सदस्य : बुद्धिकुमारी मगर	९८६६०५९२३
सदस्य : मिनकुमारी डल्लाकोटी	९८५६०३१४२९
सदस्य : विष्णुप्रसाद पौडेल	९८४६०५९८४२
सदस्य : प्रकाशलाल श्रेष्ठ	९८५६०८७७५५
सदस्य : प्रेमबहादुर बि.क.	९८५६०३१३२२५

कर्मचारी
कार्यालय प्रमुख : धनुमाया पहारी
कार्यालय सहायक : मायादेवी गुरुङ

- कृष्णहरि भण्डारी
अध्यक्ष

ooo

२०७९ सालको विजया दशमी, शुभदीपावली तथा छठपर्वका पावन अवसरहरूमा सबैलाई हार्दिक शुभकामना !

NMB BANK
एनएमबि बैंक

तम्घास शाखा, गुल्मी

पुस्तकालयका गतिविधिहरू

२०७९ असार २९ गते २०९ औं भानु जयन्तीको अवसरमा किरण पुस्तकालयद्वारा विभिन्न कार्यक्रमहरूको आयोजना गरियो । यस अवसरमा विभिन्न कविहरूद्वारा रचनाहरू पाठ गरिएको थियो । सो अवसरमा विभिन्न साहित्यकारहरूद्वारा भानुभक्तका विशेषताहरूमाथि चर्चा गरिएको थियो ।

त्यसै गरी २०७९ भदौं ११ गते १५७ औं मोती जयन्तीका अवसरमा एक विशेष समारोहको आयोजना गरी जानकी साहित्य पुरस्कार वितरण गरियो । उक्त पुरस्कार गुल्मी जिल्लाको ग्वादी कोलौदीमा जन्मेर रूपन्देहीलाई आफ्नो कार्य स्थल बनाएका साहित्यकार रुद्र ज्ञवालीलाई कार्यक्रमका प्रमुख अतिथि, रेसुङ्गा नगरपालिकाका प्रमुख खिलध्वज पन्थीद्वारा प्रदान गरिएको थियो । यस अवसरमा 'सरकार पो किन चाहियो ?' शीर्षकमा समस्यापूर्ति प्रतियोगिता गराइएको थियो ।

२०७९ भाद्र १५ गते पन्ध्रौं पुस्तकालय दिवसको उपलक्ष्यमा किरण पुस्तकालयमा पनि एक विशेष कार्यक्रमको आयोजना गरी उक्त दिवस मनाइयो । यस वर्षको पुस्तकालय दिवसको मूल मन्त्र **'पढौं पढाऔं, निरन्तर शिक्षाका लागि पुस्तकालय जाऔं'** भन्ने थियो । पुस्तकालय व्यवस्थापन समितिका का.वा. अध्यक्ष दीन पन्थीको अध्यक्षतामा भएको सो कार्यक्रमको प्रमुख अतिथि रेसुङ्गा बहुमुखी क्याम्पसका पूर्व क्याम्पसप्रमुख चन्द्रकान्त पन्थी हुनुहुन्थ्यो ।

२०७९ आश्विन २७/२८ गते गुल्मीमा गर्ने भनिएको नेपाली लोकवार्ता एघारौं राष्ट्रिय सम्मेलन प्रदेश र प्रतिनिधि सभाको निर्वाचन कार्यक्रम प्रकाशित भएपछि बीचमा परेको र सो समय सम्मेलनका लागि उपयुक्त नहुने सुझावका आधारमा हाललाई स्थगित गरिएको छ । पछि यसै सालभित्रको उपयुक्त समयमा निर्धारण गरिनेछ ।

तम्घास बजार निवासी गणेश श्रेष्ठले आफ्नी अजी कर्मकुमारी श्रेष्ठको दोस्रो वार्षिक पुण्यतिथिको अवसरमा २०७९/६/४ का दिन उहाँको स्मृतिमा यस पुस्तकालयलाई एउटा सुकुन्दा र पानस प्रदान गर्नुभएको छ ।

२०७९ असोज २४ गते पूर्व शहरी विकासमन्त्री रामकुमारी झाँक्रीले यस पुस्तकालयको अवलोकन गर्नुभयो । अवलोकनका अवसरमा पूर्वमन्त्री झाँक्रीले किरण पुस्तकालयबाट हजारौं पाठक र स्वप्नदर्शी अभियन्ता, नेता, पत्रकार, प्राध्यापक, लेखक जन्मिएको जीवन्त इतिहास हाम्रो अगाडि छ । पढ्ने, पढाउने,

सिक्ने, सिकाउने अभियानमा पुस्तकालयको योगदान भविष्यमा पनि रहिरहनेछ भन्ने विश्वास व्यक्त गर्दै पुस्तकालयको श्री वृद्धिमा आफ्नो पनि कुनै न कुनै रूपमा सहयोग रहने आशय प्रकट गर्नुभयो ।

किरण पुस्तकालय भवनको भुईं तला हाल प्रयोगमा ल्यानका लागि आवश्यक जनशक्ति, साधन र स्रोत पुस्तकालयसँग नभएको र पुस्तकालयको दैनिक सञ्चालनमा पनि कठिनाइ भइरहेको कारणले गर्दा यसलाई केही वर्षसम्म आयमूलक स्रोतको रूपमा सञ्चालन गर्नु पर्ने अवस्था रहेको छ । यसका लागि शिक्षण-संस्था, सरकारी, गैरसरकारी कार्यलय, संघ-संस्था बैङ्क वा वित्तीय निकायहरूमध्ये कुनै एकलाई भाडामा दिनका लागि आवश्यक परामर्श र सम्पर्क गर्ने कार्य भइरहेको छ ।

यस पुस्तकालयको आर्थिक वर्ष २०७८/०७९ को लेखापरीक्षणको कार्य लेखापरीक्षक हरिलाल पन्थीबाट गराई करदाता सेवा कार्यालय गुल्मीबाट आयकर छुट प्रमाणपत्र नवीकरण गरी कर चुक्ताको प्रमाणपत्र प्राप्त गर्ने कार्य पूरा भएको छ । यस्तै शिक्षा विकास तथा समन्वय एकाई, गुल्मीबाट पुस्तकालय स्वीकृतिको अभिलेख नवीकरण पनि भइसकेको छ ।

- सचिव

ooo

गुल्मी जिल्लाकै पहिलो स्टिल/आल्मुनियम सेवा प्रदायक नयाँ नाम र नयाँ व्यवस्थापनका साथ उच्च गुणस्तरीय, उचित दररेटको ग्यारेण्टीसहित यहाँको सेवामा सदैव तयार छौं ।

हाम्रा सेवाहरू :

- आल्मुनियम तथा स्टिलसम्बन्धी सम्पूर्ण कामहरू ।
- फ्लसिलिङ्, किचन डेकोर
- **U.P.V.C./** जिप्सनसम्बन्धी सेवाहरू

अमृत स्टिल एण्ड आल्मुनियम

क्याम्पसरोड, तम्घास, गुल्मी

सम्पर्क : ९८४९१५११०१, ९८४३३४५४५१

नौलो सृष्टि : सानो दृष्टि

१. निसमालोचना : सिद्धान्त र प्रयोग



अहिले मेरो हातमा एउटा किताब छ । किताबको नाम 'निसमालोचना : सिद्धान्त र प्रयोग' छ । लेखक हुनुहुन्छ - डा. एकनारायण पौड्याल जो एक सुपरिचित कवि, लेखक हुनुहुन्छ । उहाँ स्रष्टा पनि, द्रष्टा पनि हुनुहुन्छ - सुनमा सुगन्धझैं दुर्लभ ।

शीर्षक हेर्नबित्तिकै निसमालोचना भनेको के हो भन्ने कुतूहलले समातिहाल्छ; जुन किताब पढ्न थालेपछि थाहा भइहाल्छ । कर्तन पद्धतिबाट यो शब्द बन्छ । वर्तमान युग प्रयोगको युग हो । हरक्षेत्रमा प्रयोग भइरहेछन् । मान्छेको चेतना अन्वेषण, प्रयोग र जिज्ञासामा घुमिरहन्छ । भाषासाहित्यको क्षेत्रमा पनि नूतन प्रयोग भइरहन्छन् । जीव र वनस्पतिमा मिश्रणबाट अलग गुणका विकास भइरहेछन् । भाषामा पनि क्लोनिङ् अर्थात् कर्तनशैलीबाट भारोपेली, नियात्रा, बंगूरजस्ता शब्दहरू बनिरहेछन् । त्यसरी नै निबन्धको नि र समालोचना मिलेर निसमालोचना बन्छ- जसमा निबन्ध र समालोचना दुबैको स्वाद आउँछ । यो नाम उपयुक्त पनि छ, रमाइलो पनि छ ।

वर्तमान समालोचना म पढ्छु । तिनमा रत्तिभर नूतनता छैन । स्थापित मान्यताको एउटा डोरोमा डोरिन्छन् ती । केही शब्दहरू हुन्छन् - प्रयोग भइरहने जसले समालोचनालाई एउटा कृत्रिम यन्त्र बनाउँछन् । स्थापित मान्यता छ - समालोचना रसहीन विधा हो । यो किताब पढेपछि भने त्यस्तो लागेन मलाई । समालोचना पनि निबन्ध झैं रसमय बन्न सक्छ । त्यसमा पनि सृजनशीलता हुनसक्छ, कला हुन सक्छ, सौन्दर्य हुनसक्छ । स्थापित मान्यताले अँठ्याएको समालोचनामा रोचकता र नवीनताको गुन्जाइस रहन्न । निसमालोचनामा भने आत्माभिव्यञ्जना र अनुभूतिको रमरम आनन्द रहिरहन्छ ।

कलामा नित्यनूतनता हुन्छ । निबन्धलाई म कला मान्छु । निर्जीव विवरणहरूको फेहरिस्तलाई म निबन्ध मान्दिनँ । 'म' हुनुपर्छ निबन्धमा । 'म' ब्रह्मको अंश

भएकोले त्यसबाट नित्य-नूतन अनुभूतिको वर्षा भइरहन्छ । आजसम्म कसैले नबोलेका, नलेखेका भाषा प्रकट भइरहन्छन् । प्रतिभाशाली समीक्षकहरू समीक्षालाई पनि विविध सीपले सिंगार्छन्, भन्ने सोंच निसमालोचनाको सन्दर्भ हो । समीक्षाको क्षेत्रमा नयाँ प्रयोगको रूपमा आएको यस ग्रन्थको प्रकाशन भाषा, कला तथा संस्कृति प्रतिष्ठान नेपाल, भरतपुर, चितवनबाट २०७८ सालमा भएको छ । आकर्षक साजसज्जामा ग्रन्थको कलेवर रहेको छ । ग्रन्थको छपाइ सुन्दर र शुद्ध छ । ग्रन्थ लम्बा-चौडा छैन आकृतिमा, तर प्रकृतिमा, आशयमा विशाल छ । विशालताको मापन गुणमा हुन्छ, आकारमा हुँदैन । गुण नभएको आकार त व्यर्थ भार मात्र हुन्छ । चार खण्डमा रचित प्रस्तुत ग्रन्थमा निसमालोचनाको सिद्धान्त र प्रयोगबारे गम्भीर छलफल र विमर्श छ । जटिल विषयलाई सरल र रोचक बनाएर प्रस्तुत गर्ने लेखकको शैली उत्कृष्ट छ ।

कुनै साहित्यिक कृतिका गुण, दोष र विशेषताहरूको चर्चा र मूल्याङ्कन गर्नु समालोचना हो । समालोचनालाई कलात्मक, सौन्दर्यपूर्ण रोचक र अनुभूतिमय बनाउने समालोचकीय शैली नै निसमालोचना हो भन्ने यस ग्रन्थको सार हो । अहिले वनस्पतिविद्हरूले ज्यामीर र सुन्तलाको मिश्रणबाट एक प्रकारको फलको बोट तयार गर्छन्, त्यसलाई हामी ज्यान्तला भन्न सक्छौं । यसको फलमा ज्यामीरको सुगन्ध र सुन्तलाको स्वाद रहेको हुन्छ । निसमालोचनामा पनि समालोचनाको निष्पक्ष मूल्याङ्कन र निबन्धको अनुभूतिको तीब्रताको मिश्रण हुन्छ भन्ने मैले बुझें ।

यद्यपि निसमालोचनाको प्रयोग भैरव अर्याल र शंकर लामिछाने प्रभृति स्रष्टाहरूले पहिल्यै गर्दै आएको देखिन्छ तथापि यसको सैद्धान्तिक स्वरूपको निर्धारण गर्दै यसबारे सिंगो ग्रन्थ नै प्रकाशित भएको यो नै पहिलो हो कि ? भन्ने मलाई लाग्छ । यसमा निसमालोचनाको सैद्धान्तिक अवधारणा, निसमालोचना लेखन र सिद्धान्तीकरणको पूर्वसङ्केत र निसमालोचनाको प्रायोगिक स्वरूपबारे सारपूर्ण विवेचना रहेको छ । प्रयोगको रूपमा निकै रोचक अंशहरू उद्धृत छन् । यस ग्रन्थमा प्रयुक्त भाषा निकै परिष्कृत र कसिलो छ । समालोचना क्षेत्रको एउटा नूतन र विशिष्ट विधाको अन्वेषण र विश्लेषणका लागि लेखक डा. एकनारायण पौड्याललाई हृदयतः साधुवाद दिनु नै पर्छ । यस्ता कृतिहरू प्रकट हुन युग पर्खनु पर्छ । यस्ता कृतिहरू प्रतिभा, व्युत्पत्ति र अथक साधनाविना किमार्थ तयार हुँदैनन् ।

समालोचनाको क्षेत्रमा प्रस्तुत ग्रन्थ एउटा क्रान्ति हो । समालोचनामा स्थापित मान्यताभन्दा बेग्लै एउटा सुरुचिकर मार्गको अन्वेषण प्रस्तुत ग्रन्थले गरेको छ । अभ्यासमात्र होइन समालोचकमा प्रतिभा र सृजनशीलता पनि चाहिन्छ भन्ने कुरा यसले औंल्याएको छ । नेपाली साहित्यमा यसले एउटा नूतनविधाको संकेत

गरेको छ । अन्वेषण र प्रयोगको सीमा छैन । जे होस् यस सानो ग्रन्थले नेपाली समालोचनामा एउटा हलचल ल्याएको छ, एउटा युगान्तकारी सोँच ल्याएको छ । यस सोँचलाई म हार्दिक स्वागत गर्दछु ।

निसमालोचनाको प्रयोगको पाटो ज्यादै रोचक देखिन्छ । यसले अनेक शैली र सीप प्रयोग गर्न सकिने ढोका खोलिदिएको छ । कलात्मक निबन्धमा निबन्धकार जति स्वच्छन्द र बेरोकटोक हुन्छ, त्यसरी नै निसमालोचनामा पनि समालोचक स्वच्छन्द हुन्छ, सीप र शैलीको प्रयोग गर्न । जे होस् यस ग्रन्थमा ग्रन्थकारले एउटा बन्द ढोका उघारिदिनुभएको छ, त्यसमा पसेर हेर्न, रम्न, जम्न हामी स्वतन्त्र छौं ।

यस उत्कृष्ट ग्रन्थका लागि मेरा प्रिय मित्र डा. एकनारायण पौड्याललाई हृदयतः धन्यवाद प्रकट गर्दछु । उहाँको विद्वत्ता, प्रतिभा र साधनालाई हृदयतः प्रशंसा गर्दछु । उहाँको आरोग्य, दीर्घजीवन, सुयश र उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना टक्र्याउँछु ।

- दीन पन्थी

२. जीवनलाई फर्केर हेर्दा

गुल्मी जिल्लाको ग्वादी गाउँमा वि.सं. २०११ सालमा जन्मनु भएका देवीदत्त ज्ञवालीले आफ्नो बाल्यकालदेखि हालसम्मको घटनातन्तुलाई जोडेर 'जीवनलाई फर्केर हेर्दा' नामको स्मरणग्रन्थ तयार गर्नुभएको छ । आवरणमा ग्वादीको सुन्दर गाउँको परिदृश्यभित्र उपसंहारसहित विभिन्न १७ वटा मुख्य शीर्षक र तिनका उपशीर्षकहरूमा विभाजन गरेर तयार पारिएको प्रस्तुत ग्रन्थमा सामान्यदेखि विशिष्ट घटनाहरू समेटिएका छन् ।

प्रकाशक उहाँकै दाजी स्वयं दृष्टिविहीन भएर पनि उदाहरणीय व्यक्ति बन्न सफल दृष्टिविहीनहरूका नाथ दशराज ज्ञवाली रहनुभएको प्रस्तुत स्मरण ग्रन्थमा देवीदत्तले आफ्नो जीवनका तीता-मीठा अनुभवहरू सङ्कलन गर्नुभएको छ । आफ्ना स्व. बुबाआमाप्रति समर्पित प्रस्तुत कृतिका ठाउँ-ठाउँमा प्रसङ्गअनुसारका केही तस्वीरहरू पनि समावेश छन् । मुख्य शीर्षकका रूपमा बाल्यकाल, अध्ययन र जागिर अघिपछि, नेत्रहीन दाजुभाइको अध्ययनयात्रा, नेपालको राजनीति, मेरो अनुभूति, बैंक उहिले र अहिले,

जर्मनसँगको मित्रता, जागिर बैंकमा, मन व्यवसायमा आदि रहेका छन् । लेखकले आफ्ना स्मरणलाई सकेसम्म यथार्थपरक ढङ्गले प्रस्तुत गरेका छन् ।

अतीतले वर्तमान र भविष्यलाई समेत ऊर्जा थप्छ । अरूबाट प्रेरणा लिने, सतर्क रहने सन्देश प्राप्त हुन्छ । ग्रामीण जीवनका विगतका दिन एकादेशका कथा जस्तै भए पनि पाठकका लागि प्रेरणा र ज्ञानका पोसिला खुराक हुन् । यस्तै कृति बनेको छ–देवीदत्त ज्ञवालीको 'जीवनलाई फर्केर हेर्दा ।' सम्पादन र क्रमबद्धताका कसरमसर हटाउन सकेको भए प्रस्तुत स्मरण ग्रन्थमा सुनमा सुगन्ध थपिने थियो ।

३. केदारनाथको आत्मसंस्मरण



आफ्ना पिता केदारनाथ अधिकारीको आत्मसंस्मरण ग्रन्थ २०७९को प्रकाशन ओमप्रकाश अधिकारीले गर्नुभएको छ । भूमिका खण्डमा प्रकाशकीयसहित विभिन्न शीर्षकमा ६ वटा लेखहरू समावेश गरिएको छ । दोस्रो क्रममा विभिन्न ६२ वटा शीर्षकहरू केदारनाथको वंशपरम्परा, शिक्षादीक्षा आदि कुराहरूको सविस्तार प्रस्तुत गरिएको छ । खण्ड नछुट्याए पनि अ र्को भूतप्रेतसँग जम्का भेट खण्ड राखेर विभिन्न ४ वटा शीर्षकहरू समावेश गरिएको छ । भूतप्रेतको कथा (१) भूतप्रेतको कथा (२) भूतको कथा (३) र प्रेतात्मा भूतको कथा (४) यी चारवटा शीर्षकले हाम्रो समाजमा भूतप्रेत सम्बन्धमा प्रचलित लोककथा जस्तै या भनौं कसैले प्रत्यक्ष देखेको वर्णन गर्ने तथ्यहरूको जानकारी दिएका छन् । स्रष्टा, समाजसेवी, विद्रोही एवं प्रगतिशील व्यक्तिका जीवनकथा समाजमा सबैको लागि प्रेरणाका स्रोत बन्दछन् । त्यस्तै बनेको छ - प्रस्तुत कृति ।

करिब डेढ दर्जन कृतिका स्रष्टा केदारनाथ उपाध्याय अधिकारीका स्रष्टा, प्रगतिशील, कर्तव्यपरायण, समाजसेवालगायत व्यक्तित्वका विभिन्न पाटाहरूलाई प्रस्तुत कृतिमा समावेश गरिएको छ । आफ्ना पिताको प्रारम्भिक योजना बनाई खेस्रा लेखन गर्नु भएको प्रस्तुत आत्मसंस्मरणलाई अन्तिम रूप दिएर सम्पादन गर्नु हुने उहाँका सुपुत्र ओम प्रकाश अधिकारी 'बेफुर्सदी' धन्यवादका पात्र हुनुहुन्छ । उहाँले आफ्ना पिताको अधुरो र अप्रकाशित कामलाई पूर्णता दिई प्रकाशित गर्नुभएको छ । यस्ता कृतिहरू हरेक पाठकका निम्ति संग्रहणीय र पठनीय ग्रन्थ बन्न सक्दछन् ।

४. म वैकुण्ठ



गुल्मी जिल्लाको टाढा र विकट गाउँ अग्लुङमा वि.सं. १९८९ मा जन्मिएका वैकुण्ठबहादुर चन्द, केही वर्षको जागिरे जीवनपछि तीन कार्यकाल गुल्मी जिल्ला पञ्चायत सभापति र दुई कार्यकाल राष्ट्रिय पञ्चायत सदस्यसमेत भएर गुल्मी जिल्लाको विकासमा क्रियाशील व्यक्ति हुन् । आफ्ना निजी भोगाइ र विचारहरू सङ्कलन गरेर राजाराम फुँयालको सम्पादन र डा.राजेन्द्र चन्दको प्रकाशनमा 'म वैकुण्ठ' को प्रथम संस्करण २०७६ प्रकाशित भएको छ । सम्पादकले अत्यन्त व्यवस्थित ढङ्गले आत्मकथा, विचार खण्ड, संस्मरण खण्ड र तस्वीर खण्ड गरी तीन खण्डअन्तर्गत जम्माजम्मी २५० पृष्ठभित्रमा प्रस्तुत कृतिलाई व्यवस्थित गरेका छन् । म वैकुण्ठले आफ्नो आत्मकथाको विभिन्न १६ शीर्षकमा विषय प्रवेशदेखि पारिवारिक पृष्ठभूमिसहित विस्तृत विवरण प्रस्तुत गरेका छन् । आफ्नो जागिरे जीवन, राजनीतिक जीवन र अनुभवका पक्षहरू यसअन्तर्गत समेटिएका छन् । विचारखण्डअन्तर्गत तीन शीर्षकमा मेरो नजरमा चार राजाहरू, राजतन्त्रसम्बन्धी मेरो धारणा र गणतन्त्र र मजस्ता शीर्षकमा विचारहरू उल्लेख गरिएको छ । संस्मरण खण्डमा वैकुण्ठको सामीप्यतामा रहेका १० जना व्यक्तिहरूका संस्मरणहरू उल्लेख छन् । यी लेखहरूमा गुल्मी जिल्लाको विकास र जनसेवामा खट्ने वैकुण्ठको योगदान उल्लेख गरिएको छ ।

प्रस्तुत कृतिले वैकुण्ठबहादुर चन्दको जीवनका विविध पक्ष उल्लेख गर्दै प्रेरणादायी सन्देश दिएको छ ।

५. लेखक



नेपाली लेखक संघको प्रकाशनमा लेखक २०७८ वर्ष १४ अङ्क ५ अकिञ्चनका हातमा परेको छ । वैरागी काइँलासहितको पाँच सदस्यीय सल्लाहकार, संयोजक श्रवण मुकारुङ, प्रधान सम्पादक डा. रत्नमणि नेपाल र सम्पादक घनेन्द्र ओझासहितको सात सदस्यीय समूह रहेको छ ।

'लेखक' भित्र डा. तुलसी भट्टराईले नेपाली लेखक संघको नालीबेली प्रस्तुत गर्नु भएको छ । नेपाली

साहित्यका आख्यान महारथि विश्वेश्वरप्रसाद कोइरालाका दुईवटा लेखसहित २४ जना लेखकका २५ वटा लेखहरू लेखकभित्र समावेश गरिएको छ । 'लेखक' भित्रका लेखहरू अत्यन्त गम्भीर छन् । नेपाली लेखक संघ जन्माउन संघर्षरत आख्यान महारथि विश्वेश्वरप्रसाद कोइरालासँगको अन्तर्वार्ताको साभार खण्ड होस् अथवा कोइरालाले २०११ सालमा लेखेर प्रगति मासिक पत्रिकामा लेखेको लेख नै किन नहोस् दुबैको गुरुत्व निकै ओजिलो छ । स्तरीय समीक्षाहरू होऊन् अथवा सिर्जनाका सन्दर्भमा व्यक्त विचार नै किन नहोऊन् सबै लेखहरूको पल्ला निकै भारी छ । लेखकले समीक्षा र सिर्जना दुबै क्षेत्रमा बामे सर्दै गरेका सबै पाठकलाई अत्यन्त पोसिलो खुराक पस्केको छ । 'लेखक' हरेक लेखकलाई मार्गदर्शन गर्न सक्ने गुरुग्रन्थ हो भन्न सकिन्छ ।

६. संस्मरण : यात्रा



आफ्नो जीवनका बाल्यकालदेखि हालसम्मका संघर्षपूर्ण क्षणहरू जीवनयात्राका साथै भौगोलिक यात्राका सुखद क्षणहरू सङ्कलन गरेर सुधा भट्टराईले 'संस्मरण:यात्रा' नामक रोचक कृति तयार गर्नुभएको छ । भूमिका सहितका २८ वटा शीर्षक क्रममा तयार पारिएको प्रस्तुत कृतिको भूमिका डा. ज्ञानू पाण्डे र डा. गोविन्दराज भट्टराईले लेख्नुभएको छ । सुधाको रोग, समय र परिस्थितिसितको अत्यन्त प्रेरणादायी संस्मरण यस कृतिभित्र समेटिएको छ ।

तत्कालीन समय परिवेशअनुसार कलिलै उमेरमा विवाह बन्धनमा बाँधिएकी सुधाले रोग र परिस्थितिसित लड्दै आफ्नो उच्च शिक्षाको धोको पूरा गरी देशकै सम्मानित शैक्षिक संस्थामा २६ वर्ष बिताएको कथा साच्चै प्रेरणादायी छ । धैर्य, साहस र लगनशीलताले कसरी मानिस आफ्नो लक्ष्यमा पुग्न सफल हुन्छ भन्ने तथ्य बुझ्न प्रस्तुत कृतिको अध्ययन गरे पुग्छ । संस्मरण क्रममा १३ औं सम्मका संस्मरण र त्यसभित्रका उपशीर्षकहरू निकै नै महत्त्वपूर्ण छन्, प्रेरणादायी छन् । अन्य देशभित्र र बाहिरका प्रसङ्ग बरू सामान्यजस्ता लाग्छन् । संस्मरण यात्राको २८ औं अर्थात् अन्तिम क्रममा रहेको 'ओहो मेरो प्रिय भान्सा' शीर्षकले भान्सालाई नारीको नितान्त पेवा ठान्ने हाम्रो नेपाली सामाजिक परम्पराको मर्म छुन खोजेको अनुभव हुन्छ । बिहानले दिउसोको सङ्केत गरेजस्तै सुधामा प्रखर सिर्जनात्मक व्यक्तित्व लुकेको अनुभव हुन्छ ।

- अकिञ्चन

ooo

१. आह्वान (साप्ताहिक) *(वर्ष ७, अङ्क २७, २०३४/९/२९)*

किरण पुस्तकालयको वार्षिक मुखपत्रको रूपमा गुल्मी, तम्घासबाट निस्कने यो "हाम्रो पुरुषार्थ" पत्रिकामा साहित्यका विभिन्न विधाहरूमा लेखिएका लेखहरूका अतिरिक्त यस किरण पुस्तकालयको २०३४/२०३५ को अनुमित आय-व्यय तथा २०३३/०३४ को निश्चित आम्दानी र खर्चको हिसाब प्रष्ट उल्लेख छ । पुस्तकालय खोल्नु र चलाउनु साह्रै कठिन कार्य हो, तर जसरी यस किरण पुस्तकालयका परिवारबाट सधै खटिई पुस्तकालय चल्ने कार्य भइरहेछ, यो खुशीको कुरा हो । साथै सम्पादक मण्डलका शशि पन्थी, चिरञ्जीवी शर्मा र भेष बहादुर कुँवर बधाईका पात्र छन् । यो १०४ पृष्ठको पुस्तकमा विभिन्न २७ लेखाहरू छन् जुन प्रायः स्तरीय छन् । यस पत्रिकाको माध्यमबाट त्यस भेगका साहित्यकारहरूलाई आफ्नो रचना प्रकाशनमा ल्याउन बलियो बल पनि मिलेको छ ।

२. नयाँ सन्देश (साप्ताहिक) *(वर्ष १७, अङ्क १७, २०३४ पौष ८ गते)*

किरण पुस्तकालय, तम्घास गुल्मीद्वारा प्रकाशित "हाम्रो पुरुषार्थ" नामक साहित्यिक पत्रिकामा १५ कविताहरू, ५ कथाहरू, २ समीक्षा समालोचना र ५ निबन्धहरू समावेश छन् ।

प्रस्तुत कविताहरूमा धेरै जसो उत्पीडन आक्रोस, भर्त्सना मिश्रित विरोध र अन्तरविरोधजन्य छन् । वर्तमान काल र परिस्थितिप्रति कतिपय कविताहरूमा खेद, क्षोभ, दुःख प्रकट गरिएका छन् । संकलित कविताहरूमा दधिराम सापकोटाज्यूको नाटक उत्तम छ । तर कतिपय कविताहरूले पत्रिकाका पाताहरू व्यर्थै ओगटेका छन् । कविता छन्द अथवा स्वच्छन्द जस्तो रूपमा भए राखेर सम्पादन गरिएको भए वेश हुने थियो । अन्य उल्लेख कविताहरूमा काशीराज सुवेदीज्यूको "हाम्रो पुरुषार्थ", माधवप्रसाद देवकोटाज्यूको "नेपाल शान्ति क्षेत्र किन नहोस्? " र पद्मप्रसाद पन्थीज्यूको "गन्थनका चार टुक्रा" लाई लिन सकिन्छ ।

संकलित पाँच कथाहरूमा निर्माया थापाज्यूको "ग्यास च्याम्बर" र दीन पन्थीज्यूको "बौलाहा" उल्लेख्य छन् । ग्यास च्याम्वरमा एउटा कर्मचारीको आजको अवस्थालाई चित्रण गरिएको छ । तर यस किसिमका कथा लेखेर मात्र कथा प्रतिको दायित्व पूरा भए जस्तो लाग्दैन । कथाको नायक यस्तो हिम्मतहारा व्यक्तिले नयाँ नेपालको निर्माण गर्न सक्तैन । आज हामीलाई अत्याचार र अन्यायमा जीवन अर्पण गर्ने होइन त्यसको विरूद्ध आवाज उठाउने र संघर्षको भूमिका खेल्ने चरित्रको खाँचो छ । ··· ···

०००

पाठक-प्रतिक्रिया

१. सम्पादकज्यू, हाम्रो पुरुषार्थ, गुल्मी

हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क ९४ पढें । पढेपछि ससाना एकाध कुरा भन्न मन लाग्यो :

१. यसको पृष्ठ ११३ मा सुझाइएको 'बाल-संसार' वा उपयुक्त नाम दिएर सानो खण्ड थप हुन आवश्यक देखियो- पढ्ने बानी खस्कँदो अवस्थामा ९-१२ का विद्यार्थीका लेखहरू आउनु उपलब्धिमूलक हुनसक्छ ।

२. भानुभक्त पुस्तकालय देहरादूनको पुस्तकालय परिचय पृष्ठ ९ मा सामुदायिक सार्वजनिक पुस्तकालय सम्मेलन २०७९ को फोटो पर्न गएछ, सन्जोगले होला !

३. २१ वटै लेख कविताहरू अत्यन्त रमाइला र पठनीय छन् । स्थायी स्तम्भमा विजय बजिमयको २०३५ को हाम्रो पुरुषार्थ अंक ७ बारेको टिपोटमा 'हाम्रो पुरुषार्थको प्रगति गर्ने शुभेच्छा' अहिले फलीभूत भइरहेको पाउँदा खुशी लागेको छ ।

किरण पुस्तकालयले सार्वजनिक तथा सामुदायिक पुस्तकालयको लुम्बिनी प्रदेश स्तरीय पुस्तकालय सम्मेलनको आयोजना गरिसकेको छ । वर्तमानमा यस पुस्तकालयका अध्यक्ष शशि पन्थीबाट सार्वजनिक तथा सामुदायिक पुस्तकालय महासंघको तदर्थ समितिको संयोजकको रूपमा कार्य गर्ने अवसर पनि प्राप्त भएको छ । तदर्थ समितिबाट ३ वर्षे कार्यविधि (२०८२ सम्मको) तयार गर्दा उपयुक्त हुने देखि त्यसमा निम्न सुझावहरू विचारार्थ प्रस्तुत गरेको छु ।

- २०७९ चैत्रभित्र महासङ्घ दर्ता गर्न विधानको प्रारूप बनाएर २२७ पुस्तकालयहरूमा पठाउने, राय परामर्श लिने, अन्तिमरूप दिने ।
- २०८० असोजभित्र उक्त विधानअनुसार केन्द्रमा सार्वजनिक/सामुदायिक पुस्तकालय महासङ्घ दर्ता गर्ने । सोपछि तदनुरूप तोकिएको समयभित्र सङ्घको चुनाव गराउने ।
- २०७९ देखि हरेकवर्ष यस महासङ्घको अगुवाइमा प्रदेश एक तथा लुम्बिनी प्रदेशबाहेकका प्रदेशहरूमा प्रदेशस्तरीय पुस्तकालय सम्मेलनको आयोजना गर्दै जाने ।
- प्रदेशस्तरीय पुस्तकालय विकास परिषद् स्थापना गराउन पहल गर्ने ।

- २०८० भाद्र १५ देखि प्रदेश तहमा उत्कृष्ट पुस्तकालय अभियन्ता, पुस्तकालयसेवी, पुस्तकालयमा नियमित पठन/अध्ययन गर्नेमा अब्बल, पुस्तकालय सम्बन्धमा विभिन्न प्रतियोगितामा पुरस्कृत हुनेहरूलाई सम्मान, कदर तथा प्रशंसापत्र वितरण गर्न पहल गर्ने ।

- प्रदेशभरका लोपोन्मुख सामग्री/ज्ञान-सामग्री/ अभिलेखहरू सङ्कलन, संरक्षण गरी भावी पिंढीका लागि जगेर्ना गर्ने गरी, हरेक प्रदेशमा प्रदेश पुस्तकालय स्थापना गर्न आवश्यक पैरवी गर्ने ।

- सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूलाई (सङ्कलन, पाठक, कर्मचारी तथा पाठक सेवा सुविधाका आधारमा) तीन वर्गमा वर्गीकृत गरी तदनुरूप पुस्तकालयहरूलाई प्रदेश तथा स्थानीय तहबाट वार्षिक अनुदान दिने किटान स्थायी व्यवस्था गराउन पहल गर्ने ।

- प्रदेश तथा स्थानीय तहमा अब बन्ने सामुदायिक एवं सार्वजनिक वा सामुदायिक पुस्तकालय भवन संरचनाहरू विपद् प्रतिरोधात्मक, वातावरण मैत्री, अपाङ्गमैत्री, धेरै जनसमुदायलाई पायक पर्ने स्थानमा तथा सूचना प्रविधिमैत्री हुनैपर्ने बाध्यात्मक व्यवस्थाको प्रत्याभूति गराउने ।

- प्रदेश तथा स्थानीय तहमा अब केही वर्षभित्रै शैक्षिक तथा सार्वजनिक वा सामुदायिक पुस्तकालयहरूको अभिवृद्धि हुने हुँदा सोको लागि आवश्यक पर्ने पुस्तकालय दक्ष (अधिकृत कर्मचारी), अर्धदक्ष प्राविधिक एवं सहायकहरू उत्पादन गर्न पाँच वर्ष (२०८४) भित्र हरेक प्रदेशमा कम्तीमा एउटा हाललाई स्नातक स्तर अध्यापन गराउने पुस्तकालय तथा सूचना विज्ञान क्याम्पस स्थापना गर्न र सोही क्याम्पसबाटै सी.टी.ई.भी.टी. बाट मान्यताप्राप्त पाठ्यक्रम अनुसारको ३ महिने पुस्तकालय व्यवस्थापन तालिम तथा दुई हप्ते सहायक तालिम दिने व्यवस्थासमेत गर्न गराउन पहल गर्ने ।

- २०८० भित्र पुस्तकालय सर्भेक्षणमा नाम चढेका तर फाराम भरेर २२७ भित्र नपरेका पुस्तकालयहरूको खोजी गरी जीवित बन्न लायकलाई जोगाउन के कसो गर्नुपर्छ सोको फेहरिस्त तयार गर्ने । यो काम सङ्घका तदर्थ समितिमा रहनु भएका प्रदेशका प्रतिनिधिले जिम्मा लिनु पर्ने ।

- २०८० भित्र सामुदायिक/ सार्वजनिक पुस्तकालयका अन्तरवस्तु पत्ता लगाउने । तिनका मापदण्ड बनाउने ।

- पुस्तकालय वा नितान्त पुस्तकालयसम्बन्धी काम गर्ने संस्थाहरू एउटै निकाय अर्थात् स्थानीय निकायमा दर्ता/नवीकरण गर्नु पर्ने नीति केन्द्रबाट पारित गराई लागु गराउन हरसम्भव प्रयत्न गर्ने । यसै साथ अन्यत्र दर्ता

जि.प्र.का./स.क.प./ जिल्ला शिक्षा शाखा अथवा अन्य कुनै निकायमा दर्ता भए गरेका भए २०८० भित्र स्वतः स्थानीय निकायको मातहतमा आउनेसमेत किटानी गर्न नीति बनाउन सहयोग गरी नीति पारित गराउन पहल गर्ने ।

◆ नेपाल सरकारको नीतिअनुरूप हरेक स्थानीय तहमा एउटा नमूना सामुदायिक/सार्वजनिक पुस्तकालय स्थापना गर्ने कार्य २०८४ भित्र सम्पन्न गर्ने गरी अभियान कार्यक्रम नै बनाएर केन्द्र प्रदेशमार्फत् स्थानीय निकायमा जोडबल गर्ने । यसको लागि सरकारसँग दातृनिकाय खोजीमा हातेमालो गर्ने, यस क्षेत्रमा अग्रसर संस्थाहरूबीच सहकार्य गराउन पहल गर्ने । अर्थात् सरकार र सङ्घ संस्थाबीच सहकार्यको वातावरण बनाउन पहल गर्ने ।

– मुरारिविनोद पोखरेल
काठमाडौं

०००

डेंगु ज्वरोबाट बच्न निम्न उपायहरू अपनाउनुहोस् ।

लामखुट्टेको टोकाइबाट बच्नुको साथै लामखुट्टे वृद्धि रोक्नुपर्छ । यसका लागि निम्न उपायहरू अपनाउनुहोस् :

- ❑ पानी जम्ने भाँडाहरूको व्यवस्थापन गर्नुहोस् ।
- ❑ पानीका ट्याङ्कीलाई लामखुट्टे प्रवेश गर्न नदिने गरी राख्नुहोस् ।
- ❑ कुलरमा रहेको पानीमा प्रत्येक हप्ता दुई चम्चा मट्टीतेल राखिदिनुहोस् वा पानी फेर्नुहोस् ।
- ❑ फूलदानीमा रहेको पानी हप्तामा दुई पटक फेर्नुहोस् ।
- ❑ सम्भव भएसम्म दिउँसो सुत्दा पनि झुल प्रयोग गर्नुहोस् । बालबालिकाहरूलाई जुनसुकै समयमा पनि झुलभित्र सुताउनुहोस् ।
- ❑ दिउँसो बस्दा पनि पूरा बाहुला भएको शरीर पूरा ढाक्ने लुगा लगाउनुहोस् ।
- ❑ घरवरिपरि सफासुग्घर राख्ने र पानी जम्ने खाल्डाखुल्डी पुर्नुहोस् ।

स्वास्थ्य कार्यालय, गुल्मी

किरण पुस्तकालयका विशिष्ट/आजीवन सदस्यको परिचय

विशिष्ट सदस्य

नाम : हिमलाल कडेल

जन्म मिति : २०१०/०५/१०

ठेगाना : रेसुङ्गा न.पा.-१, क्याम्पसरोड, तम्घास, गुल्मी ।

पिता/माता : जयभद्र/पार्वती कडेल

पत्नी : सरस्वती कडेल

शिक्षा : साक्षर

संलग्नता : रेसुङ्गा बहुमुखी क्याम्पसमा दुई दशकभन्दा बढी सेवा । उक्त क्याम्पसको विशिष्ट सदस्य ।

रेसुङ्गा संरक्षण समितिको सदस्य ।

सम्पर्क नं. : ९८६९७५१६०३/०७९५२०४०२

आजीवन सदस्य

नाम : भीष्म मरासिनी

जन्म मिति : २०३१/११/०६

ठेगाना : रेसुङ्गा नगरपालिका-१, भीमचोक, तम्घास, गुल्मी ।

हाल : टेक्सास, अमेरिका ।

पिता/माता : भीमलाल मरासिनी/एकमाया उपाध्याय

पत्नी : शारदा मरासिनी

शिक्षा : बी.एल्.

अभिरुचि : समाजसेवा

सम्पर्क : ०१-८३२-४१९-२७६०

इमेल : bhmarasini@gmail.com

नाम	: विष्णु कक्षपति
पिता/माता	: सूर्यलाल कक्षपति/गोमा कक्षपति
पत्नी	: अनिता कक्षपति
जन्ममिति	: २०३०/०१/१६
ठेगाना	: रेसुङ्गा नगरपालिका-८,तम्घास, गुल्मी
हाल	: रे.न.पा.-८, पुरानो बजार
फोन नं.	: ९८५७०६७१६१, ०७९-५२११४८
शिक्षा	: एस्.एल्.सी.
अभिरुचि	: व्यापार तथा समाजसेवा
संलग्नता	: सिद्धबाबा उच्च मध्यमिक विद्यालय, किरण पुस्तकालयको आजीवन सदस्य ।

हाम्रो पुरुषार्थका आजीवन ग्राहक

क्र.सं.	**ग्राहकको नाम**	**ठेगाना**
९४८.	भीष्म मरासिनी	रेसुङ्गा न.पा.-१, भीमचोक, तम्घास, गुल्मी । हाल : टेक्सास, अमेरिका । सम्पर्क नं. : ०१-८३२-४१९-२७६०
९४९.	विष्णु कक्षपति	रेसुङ्गा न.पा.-८, पुरानोबजार, तम्घास, गुल्मी । सम्पर्क नं. : ९८५७०६७१६१

बुटवल, भैरहवा, परासी र कपिलवस्तुका 'हाम्रो पुरुषार्थ'का आजीवन ग्राहक, लेखक र कविहरूले

हिमालय बुक्स हाउस

मणिपथ, मिलनचोक, बुटवल (फोन नं. ०७१-५४१००९) मा सम्पर्क गरी आफ्नो प्रति पत्रिका लैजानुहुन अनुरोध छ ।

हाम्रो पुरुषार्थ (त्रैमासिक)

किरण पुस्तकालय, तम्घास, गुल्मीद्वारा
प्रकाशित पुस्तकहरू

क्र.सं.	पुस्तकको नाम	लेखक
१.	सन्त शशिधरको बाणोपनिषद् (२०३३)	स्वामी शशिधर
२.	रेसुङ्गाका आध्यात्मिक कृति (२०३६)	महाप्रभु लक्ष्मीनारायण, योगकुमार, लीलाम्बर भुसाल
३.	केही जनश्रुतिहरू (२०४२)	डा. टीकाराम पन्थी
४.	रुरुक्षेत्र (२०४३)	केशवप्रसाद पौडेल
५.	नेनेपालः (२०४४)	डा. टीकाराम पन्थी
६.	बुद्धस्मरणम् (२०५४)	डा. टीकाराम पन्थी
७.	मेरो देश नेपाल (२०५४)	मुकुन्दहरि ज्ञवाली
८.	गुल्मीको ऐतिहासिक झलक (२०५५)	डा. राजाराम सुवेदी
९.	मानवताको कलङ्क : जातपात र छुवाछूत प्रथा (२०५८)	मोदनाथ प्रश्रित
१०.	सांस्कृतिक चिन्तन (२०६२)	डा.टीकाराम पन्थी
११.	अर्वाचीन रेसुङ्गा (२०६४)	डा. टीकाराम पन्थी
१२.	तपोभूमि रेसुङ्गाधाम (२०६७)	परशुराम उपाध्याय पन्थी
१३.	ग्रहविमर्श (२०६८)	अर्जुनप्रसाद भट्टराई
१४.	काव्यमालिका (२०७५)	डा. लक्ष्मीकान्त पन्थी
१५.	आधा जिस्ता (२०७६)	प्रा.डा. बाबुराम ज्ञवाली
१६.	हुटिट्याउँको मन (२०७६)	दीन पन्थी
१७.	अमृतपान (२०७६)	विष्णुप्रसाद खनाल
१८.	गजल चालिसा (२०७७)	मनबहादुर खत्री 'मनु'
१९.	बृहस्पति सूत्र अर्थात् बार्हस्पत्य राजार्थशास्त्र (२०७७)	प्रा.डा. बाबुराम ज्ञवाली
२०.	हाम्रो भौगोलिक इतिहास	युवराज भुसाल

रेसुङ्गा नगरपालिकाका प्रमुख श्री खिलध्वज पन्थीद्वारा
साहित्यकार रुद्र ज्ञवालीलाई जानकी साहित्य पुरस्कार प्रदान

१५७ औं मोती-जयन्ती समारोहका अतिथिहरू

१५ औं राष्ट्रिय पुस्तकालय दिवस समारोहका
सहभागीहरू

जानकी साहित्य पुरस्कार ग्रहण गरेपछि आफ्ना
अभिव्यक्ति प्रकट गर्दै साहित्यकार रुद्र ज्ञवाली

श्री गणेश श्रेष्ठद्वारा किरण पुस्तकालयलाई
सुकुन्दा र पानस हस्तान्तरण

- चाडपर्वको संरक्षण र संवर्धन गरौं।
- चाडपर्वमा फजुल खर्च नगरौं।
- हाम्रा सांस्कृतिक पर्वहरूको जगेर्ना गरौं।
- मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

नेपाल सरकार

विज्ञापन बोर्ड

सुशिला प्रिन्टर्स, गुल्मी (५३०४५०)